# आवधिक विकास योजना
## (२०८२/८३-२०८६/८७)

२०८२



**फिक्कल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खाङसाङ, सिन्धुली**

**बागमती, प्रदेश नेपाल**

# आवधिक विकास योजना

## (२०८२/८३–२०८६/८७)

“२०८२”

*कार्यपालिकाबाट स्वीकृत मिति:*

*२०८२ असोज ०७*

स्थानिय सरकार

फिक्कल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाङसाङ, सिन्धुली

# दोस्रो आवधिक विकास योजना


**प्रकाशक :**

स्थानीय सरकार

फिक्कल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाङसाङ, सिन्धुली

बागमती, प्रदेश नेपाल

**फोन : ९८५४०४५३४२, ९८५४०४५४६२**

**इमेल : phikkalruralmun@gmail.com**

**बेबसाइट : https://phikkalmun.gov.np/**

**फेसबुक :** <https://www.facebook.com/profile.php?id=100025599099726>

**प्रकाशन वर्ष :** २०८२



**सर्वाधिकार :** फिक्कल गाउँपालिका



**मुद्रण प्रति :** १०० सय प्रति



**अध्यक्ष** **पार्वती सुनुवार**

## मन्तव्य

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासँगै नेपालको शासन प्रणाली जनताको घरदैलोमा पुगेको छ। संविधानले स्थानीय तहलाई दिएको अधिकार, जिम्मेवारी र अवसरले विकास र समृद्धिको यात्रामा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित गरेको छ। स्थानीय सरकार केवल सेवा प्रवाह गर्ने निकाय मात्र नभई नागरिकको चाहना, सपना र सम्भावनालाई योजनामा रूपान्तरण गर्ने प्रमुख आधारस्तम्भ हो भन्ने दृढ विश्वासका साथ हामी अगाडि बढिरहेका छौं।

फिक्कल गाउँपालिकाको पहिलो आवधिक विकास योजना (२०७७/०७८—२०८१/०८२) को कार्यान्वयनबाट भौतिक पूर्वाधार विकासमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ। सडक, खानेपानी, भवन तथा आधारभूत संरचनाको विकासले गाउँपालिकामा विकासको जग मजबुत बनेको छ। स्थानीय तह निर्वाचन २०७९ पश्चात् निर्वाचित जनप्रतिनिधिहरूको नेतृत्वमा "फिक्कल समृद्धिको मूल आधार— कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार" भन्ने मूल नारालाई व्यवहारमा उतार्दै हामी समृद्ध, आत्मनिर्भर र समावेशी फिक्कल निर्माणतर्फ दृढतापूर्वक अघि बढिरहेका छौं।

अबको दोस्रो आवधिक विकास योजना (२०८२/०८३—२०८६/०८७) ले भौतिक पूर्वाधारमा प्राप्त उपलब्धिलाई आधार मानेर सामाजिक न्याय, आर्थिक समृद्धि र रोजगारी सिर्जनामा केन्द्रित विकासको नयाँ चरण प्रारम्भ गर्ने लक्ष्य लिएको छ। कृषि उत्पादन र बजारीकरण, स्वास्थ्य तथा शिक्षाको गुणस्तर सुधार, पर्यटन प्रवर्द्धन, स्थानीय स्रोत र सीपको सदुपयोग तथा युवालाई रोजगारी र उद्यमशीलतासँग जोड्ने कार्यक्रमहरू यस योजनाका प्रमुख प्राथमिकता रहेका छन्।

फिक्कल गाउँपालिकाको भौगोलिक अवस्थिति, वन, कृषि, जलस्रोत र पर्यटनका सम्भावनाहरू हाम्रो अमूल्य सम्पदा हुन्। माथिल्लो सगरमाथा क्षेत्र, पूर्व तथा मधेश प्रदेश र राजधानी जोड्ने सडक पहुँच तथा सुनकोशी करिडोरको रणनीतिक महत्वलाई सदुपयोग गर्दै गाउँपालिकालाई आर्थिक गतिविधिको केन्द्रका रूपमा विकास गर्ने स्पष्ट दृष्टिकोण यस योजनाले अंगीकार गरेको छ।

यस दोस्रो आवधिक विकास योजना नेपाल सरकारको १६औं योजना, बागमती प्रदेश सरकारको दोस्रो योजना तथा दिगो विकास लक्ष्यसँग तादात्म्य हुने गरी तयार गरिएको छ। योजनामा समेटिएका कार्यक्रम तथा परियोजनाहरूले दिगो, समावेशी र परिणाममुखी विकासलाई आत्मसात् गर्दै "कोही पनि पछाडि नपर्ने" विकासको अवधारणालाई व्यवहारमा उतार्ने विश्वास लिएको छु।

यस योजनाको सफल कार्यान्वयन जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, विकास साझेदार, नागरिक समाज र आम नागरिक सबैको साझा प्रयासबाट मात्र सम्भव छ। जनताको विश्वास, सहभागिता र सहयोग नै हाम्रो सबैभन्दा ठूलो शक्ति हो। सबै पक्षको सहकार्य र प्रतिबद्धताबाट योजनाले लिएका लक्ष्यहरू अवश्य हासिल हुनेछन् भन्ने दृढ विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, यस दोस्रो आवधिक विकास योजना तर्जुमा प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्नुहुने उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरू, सम्पूर्ण जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत कर्मचारीहरू, परामर्शदाता संस्था, नागरिक समाजका प्रतिनिधिहरू तथा प्रत्यक्ष—अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

**७ असोज २०८२** **पार्वती सुनुवार**



उपाध्यक्ष

राजु बराल

## मन्तव्य

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीले स्थानीय तहलाई विकास, समावेशिता र उत्तरदायित्वको केन्द्रमा राखेको छ। संविधानले स्थानीय सरकारलाई नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको शासन इकाइका रूपमा स्थापित गरेको सन्दर्भमा योजना, नीति र कार्यक्रममार्फत जनताको आवाजलाई संस्थागत गर्नु हाम्रो साझा दायित्व हो। यसै विश्वासका साथ फिक्कल गाउँपालिकाको दोस्रो आवधिक विकास योजना जनताको आवश्यकता, सम्भावना र भविष्यसँग गाँसिएको मार्गदर्शक दस्तावेजका रूपमा तर्जुमा गरिएको छ।

फिक्कल गाउँपालिकाको पहिलो आवधिक विकास योजना (२०७७/०७८—२०८१/०८२) ले भौतिक पूर्वाधार विकासमा महत्वपूर्ण उपलब्धि हासिल गर्दै गाउँपालिकामा विकासको आधार निर्माण गरेको छ। ती उपलब्धिहरूलाई निरन्तरता दिँदै अबको दोस्रो आवधिक विकास योजना (२०८२/०८३—२०८६/०८७) ले सामाजिक न्याय, लैङ्गिक समानता, समावेशी विकास, मानव विकास र आर्थिक सबलीकरणलाई केन्द्रमा राख्दै विकासको गुणस्तर र दिगोपनामा जोड दिएको छ।

यस योजनाले कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, रोजगारी र उद्यमशीलताको विकासलाई आपसमा अन्तरसम्बन्धित क्षेत्रका रूपमा लिई स्थानीय स्रोत, सीप र सम्भावनाको अधिकतम उपयोगमार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिएको छ। विशेष गरी महिला, दलित, आदिवासी जनजाति, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पछाडि परेका समुदायहरूको सशक्तीकरण र पहुँच सुनिश्चित गर्ने कार्यक्रमहरू यस योजनाका महत्वपूर्ण प्राथमिकता रहेका छन्।

गाउँपालिकाको भौगोलिक बनावट, वन, कृषि, जलस्रोत र पर्यटन सम्भावनालाई दिगो रूपमा उपयोग गर्दै वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूल विकासलाई योजनाको अभिन्न अंगका रूपमा समेटिएको छ। माथिल्लो सगरमाथा क्षेत्र, पूर्व तथा मधेश प्रदेश र राजधानी जोड्ने पहुँच, साथै सुनकोशी करिडोरको रणनीतिक महत्वले फिक्कल गाउँपालिकालाई समावेशी आर्थिक विकासको सम्भावनायुक्त क्षेत्रका रूपमा अघि सारेको छ।

यो दोस्रो आवधिक विकास योजना नेपाल सरकारको १६औं योजना, बागमती प्रदेश सरकारको दोस्रो योजना तथा दिगो विकास लक्ष्यसँग तादात्म्य हुने गरी तयार गरिएको छ। योजनामा समेटिएका कार्यक्रम तथा परियोजनाहरू परिणाममुखी, उत्तरदायी र पारदर्शी कार्यान्वयन प्रणालीमार्फत जनतामा प्रत्यक्ष अनुभूति हुने विकास सुनिश्चित गर्ने दिशामा केन्द्रित छन्।

योजनाको सफल कार्यान्वयन जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, विकास साझेदार, नागरिक समाज तथा आम नागरिक सबैको साझा प्रयास र सहकार्यबाट मात्र सम्भव छ। विशेषतः योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा नागरिक सहभागिता, सामाजिक उत्तरदायित्व र पारदर्शिता सुदृढ गर्न सबै पक्षको सक्रिय भूमिका अपरिहार्य रहने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, यस दोस्रो आवधिक विकास योजना तर्जुमा प्रक्रियामा निरन्तर मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, सम्पूर्ण जनप्रतिनिधिहरू, शाखा प्रमुख तथा कर्मचारीहरू, परामर्शदाता संस्था, नागरिक समाजका प्रतिनिधिहरू तथा प्रत्यक्ष—अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

**१ असोज २०८२** **राजु बराल**



**प्रमुख प्रशासकीय अधिकृत** **डम्बरबहादुर रजनमगर**

## मन्तव्य

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमार्फत सुशासन, विकास र समृद्धि हासिल गर्दै स्वाधीन, समुन्नत तथा समाजवादउन्मुख अर्थतन्त्रको विकास गर्ने परिकल्पना गरेको छ। संविधानद्वारा प्रदत्त स्थानीय सरकारका एकल तथा साझा अधिकारका अतिरिक्त नागरिकको दैनन्दिन जीवनसँग प्रत्यक्ष जोडिएको घरदैलोको सरकारका रूपमा स्थानीय सरकारको महत्वपूर्ण दायित्व र जिम्मेवारी रहेको छ। नागरिकका आवश्यकता र चाहनाको समुचित सम्बोधन गर्दै राष्ट्रिय, प्रादेशिक तथा स्थानीय सरकारका योजना तथा विकास साझेदारहरूसँग समन्वय कायम गरी उपलब्ध स्रोत, साधनको प्रभावकारी उपयोग गर्दै प्राथमिकताको आधारमा सन्तुलित विकास गर्न आवधिक विकास योजना तर्जुमा गर्नु अपरिहार्य भएको हो।

फिक्कल गाउँपालिकाको पहिलो आवधिक विकास योजना (२०७७/०७८—२०८१/०८२) को कार्यान्वयन अवधिमा अधिकांश भौतिक पूर्वाधारहरूको निर्माण सम्पन्न भई स्थानीय सरकार निर्वाचन २०७९ मार्फत निर्वाचित यस दोस्रो कार्यकालमा "फिक्कल समृद्धिको मूल आधार— कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार" भन्ने मूल नाराका साथ सरकार सञ्चालन भइरहेको छ। यस अवधिमा सरकारको कार्यदक्षता, कार्यक्षमता तथा पूर्वाधार विकासले फिक्कल गाउँपालिकालाई थप परिपक्व स्थानीय सरकारका रूपमा स्थापित गरेको छ। भौतिक पूर्वाधार विकासको यस आधारलाई टेकेर अबको दोस्रो आवधिक विकास योजना अवधिमा सामाजिक तथा आर्थिक विकाससँगै रोजगारी सिर्जना गर्ने क्षेत्रलाई प्राथमिकतामा राखी दोस्रो आवधिक विकास योजना (२०८२/०८३—२०८६/०८७) तर्जुमा गरिएको छ।

गाउँपालिकाको सम्भाव्यता विश्लेषण गर्दा भू—उपयोगको दृष्टिले करिब ५६ प्रतिशत वन तथा वनस्पति क्षेत्र, ३९ प्रतिशत कृषि क्षेत्र र ३.४ प्रतिशत नदी तथा ताल—तलैया क्षेत्र रहेको देखिन्छ। नेपालको माथिल्लो सगरमाथा क्षेत्रका तीन जिल्ला, पूर्व तथा मधेश प्रदेश तथा राजधानीलाई जोड्ने सडक पहुँच, सुनकोशी करिडोरको सदुपयोग, पर्यटन, कृषि तथा वनजन्य क्षेत्रमा लगानीलाई प्राथमिकता दिई आर्थिक विकास गर्न सकिने उल्लेखनीय सम्भावना रहेको छ।

यस योजनालाई कार्यान्वयनयोग्य, यथार्थपरक र नतिजामूलक बनाउने उद्देश्यले नेपाल सरकारको १६औं योजना, बागमती प्रदेश सरकारको दोस्रो योजना तथा दिगो विकास लक्ष्यले लिएका उद्देश्यसँग तादात्म्य हुने गरी विषयगत विद्यमान अवस्था, अवसर, चुनौती तथा समस्याको पहिचान गर्दै कार्यक्रम, परियोजना, अनुमानित बजेट, कार्यान्वयन समयावधि, नतिजा खाका तथा राष्ट्रिय दीर्घकालीन लक्ष्य र दिगो विकास लक्ष्यका सूचकहरू समेटी योजना तयार गरिएको छ।

यस योजनाका आधारमा त्रि—वर्षीय मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास योजना तर्जुमा गरी जनप्रतिनिधिबाट बजेट विनियोजनमा कुशलता, कर्मचारीबाट कार्यान्वयनमा कार्यदक्षता, सरोकारवाला निकायहरूको सहयोग र समन्वय तथा आम नागरिकबाट आ—आफ्नो क्षेत्रबाट सक्रिय र रचनात्मक सहभागिता प्राप्त भएमा मात्र योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न सकिने विश्वास लिएको छु।

अन्त्यमा, यस दोस्रो आवधिक विकास योजना तर्जुमा प्रक्रियामा नेतृत्व प्रदान गर्नुहुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरू लगायत सम्पूर्ण जनप्रतिनिधिहरू, शाखा प्रमुख तथा कर्मचारीहरू, परामर्शदाता पिकासो जेनेसिस सिडिसी जे.भी., नागरिक समाजका व्यक्तित्वहरू तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**७ असोज २०८२** **डम्बरबहादुर रजनमगर**

# विषय सुची

परिच्छेद १. परिचय ........ 1
१.१. पृष्ठभूमि ........ १
१.२. अध्ययनको उद्देश्य ........ १
परिच्छेद २. गाउँपालिकाको विद्यमान वस्तुस्थिति ........ 2
२.१. क्षेत्रीय अवस्थिति ........ २
२.२. प्रशासनिक विभाजन ........ २
२.३. हावापानी ........ ३
२.४. भूउपयोगको विवरण ........ ३
२.५. जनसांख्यिक विवरण ........ ३
२.६. शिक्षा तथा स्वास्थ्य सेवा ........ ४
२.७. प्रमुख पेशा ........ ५
परिच्छेद ३. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा रणनीति ........ 6
३.१. पृष्ठभूमि ........ ६
३.२. आवधिक योजना निर्माणका आधारहरु ........ ६
३.३. गाउँपालिकाको सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौती विश्लेषण ........ ७
३.४. निर्देशक सिद्धान्त ........ ८
३.५. गाउँपालिकाको विकासका प्रमुख सम्बाहक ........ ९
३.६. दीर्घकालिन सोंच, लक्ष्य तथा उद्देश्य ........ १०
३.६.१. दीर्घकालिन सोंच ........ 10
३.६.२. लक्ष्य ........ 10
३.६.३. उद्देश्य ........ 10
३.६.४. रणनीति ........ 10
३.६.५. परिमाणात्मक लक्ष्य ........ 11
परिच्छेद ४. आर्थिक विकास क्षेत्र ........ 13

४.१. कृषि विकास ........ १३
४.१.१. पृष्ठभूमि ........ 13
४.१.२. समस्या तथा चुनौती ........ 13
४.१.३. सम्भावना तथा अवसर ........ 14
४.१.४. लक्ष्य ........ 14
४.१.५. उद्देश्य ........ 14
४.१.६. रणनीति तथा कार्यनीति ........ 14
४.१.७. अपेक्षित उपलब्धी ........ 18
४.१.८. प्रमुख कार्यक्रमहरु ........ 19
४.१.९. नतिजा खाका ........ 31
४.२. उद्योग, व्यापार तथा व्यवसाय ........ ३४
४.२.१. पृष्ठभूमि ........ 34
४.२.२. समस्या तथा चुनौती ........ 34
४.२.३. सम्भावना तथा अवसर, ........ 34
४.२.४. लक्ष्य ........ 34
४.२.५. उद्देश्य ........ 35
४.२.६. रणनीति तथा कार्यनीति ........ 35
४.२.७. अपेक्षित उपलब्धी ........ 37
४.२.८. प्रमुख कार्यक्रमहरु ........ 38
४.२.९. नतिजा खाका ........ 43
४.३. पर्यटन ........ ४४
४.३.१. पृष्ठभूमि ........ 44
४.३.२. समस्या तथा चुनौती ........ 44
४.३.३. सम्भावना तथा अवसर ........ 44
४.३.१. लक्ष्य ........ 45

४.३.२. उद्देश्य ........ 45
४.३.३. रणनीति तथा कार्यनीति ........ 45
४.३.४. अपेक्षित उपलब्धि ........ 47
४.३.५. प्रमुख कार्यक्रमहरु ........ 48
४.३.६. नतिजा खाका ........ 56
४.४. श्रम तथा रोजगारी ........ ५८
४.४.१. पृष्ठभूमि ........ 58
४.४.२. समस्या तथा चुनौती ........ 58
४.४.३. सम्भावना तथा अवसर ........ 58
४.४.४. लक्ष्य ........ 58
४.४.५. उद्देश्य ........ 58
४.४.६. रणनीति तथा कार्यनीति ........ 59
४.४.७. अपेक्षित उपलब्धी ........ 60
४.४.८. प्रमुख कार्यक्रमहरु ........ 61
४.४.९. नतिजा खाका ........ 64
४.५. सहकारी तथा गरिबी निवारण ........ ६६
४.५.१. पृष्ठभूमि ........ 66
४.५.२. समस्या तथा चुनौती ........ 66
४.५.३. सम्भावना तथा अवसर ........ 66
४.५.४. लक्ष्य ........ 66
४.५.५. उद्देश्य ........ 66
४.५.६. रणनीति तथा कार्यनीति ........ 67
4.5.7. अपेक्षित उपलब्धि ........ 68
४.५.८. प्रमुख कार्यक्रमहरु ........ 69
४.५.९. नतिजा खाका ........ 72

परिच्छेद ५. सामाजिक विकास क्षेत्र ..... 74
५.१. शिक्षा ..... ७४
५.१.१. पृष्ठभूमि ..... 74
५.१.२. समस्या तथा चुनौती ..... 74
५.१.३. सम्भावना तथा अवसर ..... 75
५.१.४. लक्ष्य ..... 75
५.१.५. उद्देश्य ..... 75
५.१.६. रणनीति तथा कार्यनीति ..... 75
५.१.७. अपेक्षित उपलब्धी ..... 79
५.१.८. प्रमुख कार्यक्रमहरु ..... 80
५.१.९. नतिजा खाका ..... 91
५.२. स्वास्थ्य तथा पोषण ..... ९४
५.२.१. पृष्ठभूमि ..... 94
५.२.२. समस्या तथा चुनौती ..... 94
५.२.३. सम्भावना तथा अवसर ..... 95
५.२.४. लक्ष्य ..... 95
५.२.५. उद्देश्य ..... 95
५.२.६. रणनीति तथा कार्यनीति ..... 95
५.२.७. अपेक्षित उपलब्धी ..... 98
५.२.८. प्रमुख कार्यक्रमहरु ..... 99
५.२.९. नतिजा खाका ..... 111
५.३. महिला, बालबालिका तथा लक्षित वर्ग ..... ११३
५.३.१. पृष्ठभूमि ..... 113
५.३.२. समस्या तथा चुनौती ..... 113
५.३.३. सम्भावना तथा अवसर ..... 114

५.३.४. लक्ष्य ........ 114

५.३.५. उद्देश्य ........ 114

५.३.६. रणनीति तथा कार्यनीति ........ 114

५.३.७. अपेक्षित उपलब्धीहरु ........ 116

५.३.८. प्रमुख कार्यक्रमहरु ........ 117

५.३.९. नतिजा खाका ........ 123

**५.४.** युवा तथा खेलकुद ........ १२६

५.४.१. पृष्ठभूमि ........ 126

५.४.२. समस्या तथा चुनौती ........ 126

५.४.३. सम्भावना तथा अवसर ........ 126

५.४.४. लक्ष्य ........ 127

५.४.५. उद्देश्य ........ 127

५.४.६. रणनीति तथा कार्यनीति ........ 127

५.४.७. अपेक्षित उपलब्धि ........ 128

५.४.८. प्रमुख कार्यक्रमहरु ........ 129

५.४.९. नतिजा खाका ........ 133

परिच्छेद ६. भौतिक पूर्वाधार क्षेत्र ........ 134

**६.१.** बस्ती विकास तथा भवन निर्माण ........ १३४

६.१.१. पृष्ठभूमि ........ 134

६.१.२. समस्या तथा चुनौती ........ 134

६.१.३. सम्भावना तथा अवसर ........ 135

६.१.४. लक्ष्य ........ 135

६.१.५. उद्देश्य ........ 135

६.१.६. रणनीति तथा कार्यनीति ........ 135

६.१.७. अपेक्षित उपलब्धी ........ 137

६.१.८. प्रमुख कार्यक्रमहरु ........ 138

६.१.९. नतिजा खाका ........ 142

६.२. सडक, पुल तथा यातायात ........ १४४

६.२.१. पृष्ठभूमि ........ 144

६.२.२. समस्या तथा चुनौती ........ 144

६.२.३. सम्भावना तथा अवसर ........ 144

६.२.४. लक्ष्य ........ 145

६.२.५. उद्देश्य ........ 145

६.२.६. रणनीति तथा कार्यनीति ........ 145

६.२.७. अपेक्षित उपलब्धि ........ 147

६.२.८. प्रमुख कार्यक्रमहरु ........ 148

६.२.९. नतिजा खाका ........ 155

६.३. खानेपानी तथा सरसफाइ ........ १५८

६.३.१. पृष्ठभूमि ........ 158

६.३.२. समस्या तथा चुनौती ........ 158

६.३.३. सम्भावना तथा अवसर ........ 158

६.३.४. लक्ष्य ........ 159

६.३.५. उद्देश्य ........ 159

६.३.६. रणनीति तथा कार्यनीति ........ 159

६.३.७. अपेक्षित उपलब्धी ........ 160

६.३.८. प्रमुख कार्यक्रमहरु ........ 161

६.३.९. नतिजा खाका ........ 164

६.४. विद्युत तथा वैकल्पिक उर्जा ........ १६६

६.४.१. पृष्ठभूमि ........ 166

६.४.२. समस्या तथा चुनौती ........ 166

६.४.३. सम्भावना तथा अवसर ... 166
६.४.४. लक्ष्य ... 166
६.४.५. उद्देश्य ... 167
६.४.६. रणनीति तथा कार्यनीति ... 167
६.४.७. अपेक्षित उपलब्धी ... 167
६.४.८. प्रमुख कार्यक्रमहरु ... 168
६.४.९. नतिजा खाका ... 172
**६.५.** सूचना तथा संचार प्रविधि ... १७३
६.५.१. पृष्ठभूमि ... 173
६.५.२. समस्या तथा चुनौती ... 173
६.५.३. सम्भावना तथा अवसर ... 173
६.५.४. लक्ष्य ... 174
६.५.५. उद्देश्य ... 174
६.५.६. रणनीति तथा कार्यनीति ... 174
६.५.७. अपेक्षित उपलब्धि ... 175
६.५.८. प्रमुख कार्यक्रमहरु ... 176
६.५.९. नतिजा खाका ... 179
परिच्छेद ७. वन, वातावरण तथा विपद व्यवस्थापन ... 181
**७.१.** वन, भू तथा जलाधार संरक्षण तथा जलवायु परिवर्तन ... १८१
७.१.१. पृष्ठभूमि ... 181
७.१.२. समस्या तथा चुनौती ... 181
७.१.३. सम्भावना तथा अवसर ... 181
७.१.४. लक्ष्य ... 182
७.१.५. उद्देश्य ... 182
७.१.६. रणनीति तथा कार्यनीति ... 182

७.१.७. अपेक्षित उपलब्धी ........ 183
७.१.८. प्रमुख कार्यक्रमहरु ........ 184
७.१.९. नतिजा खाका ........ 188
७.२. वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन ........ १९०
७.२.१. पृष्ठभूमि ........ 190
७.२.२. समस्या तथा चुनौती ........ 190
७.२.३. सम्भावना तथा अवसर ........ 190
७.२.४. लक्ष्य ........ 190
७.२.५. उद्‌देश्य ........ 190
७.२.६. रणनीति तथा कार्यनीति ........ 190
७.२.७. अपेक्षित उपलब्धी ........ 191
७.२.८. प्रमुख कार्यक्रमहरु ........ 192
७.२.९. नतिजा खाका ........ 194
७.३. विपद् व्यवस्थापन ........ १९५
७.३.१. पृष्ठभूमि ........ 195
७.३.२. समस्या तथा चुनौती ........ 195
७.३.३. सम्भावना तथा अवसर ........ 195
७.३.४. लक्ष्य ........ 195
७.३.५. उद्‌देश्य ........ 195
७.३.६. रणनीति तथा कार्यनीति ........ 195
७.३.७. अपेक्षित उपलब्धी ........ 197
७.३.८. प्रमुख कार्यक्रमहरु ........ 198
७.३.९. नतिजा खाका ........ 202
परिच्छेद ८. सुशासन तथा वित्तीय व्यवस्थापन ........ 204
८.१. संस्थागत विकास तथा सुशासन ........ २०४

८.१.१. पृष्ठभूमि ........ 204
८.१.२. समस्या तथा चुनौती ........ 204
८.१.३. सम्भावना तथा अवसर ........ 205
८.१.४. लक्ष्य ........ 205
८.१.५. उद्देश्य ........ 205
८.१.६. रणनीति तथा कार्यनीति ........ 205
८.१.७. अपेक्षित उपलब्धी ........ 207
८.१.८. प्रमुख कार्यक्रमहरु ........ 209
८.१.९. नतिजा खाका ........ 214
८.२. वित्तीय व्यवस्थापन ........ २१५
८.२.१. पृष्ठभूमि ........ 215
८.२.२. समस्या तथा चुनौती ........ 215
८.२.३. सम्भावना तथा अवसर ........ 215
८.२.४. लक्ष्य ........ 216
८.२.५. उद्देश्य ........ 216
८.२.६. रणनीति तथा कार्यनीति ........ 216
८.२.७. अपेक्षित उपलब्धी ........ 217
८.२.८. प्रमुख कार्यक्रमहरु ........ 218
८.२.९. नतिजा खाका ........ 220
परिच्छेद ९. योजना कार्यान्वयन, अनुगमन तथा मूल्यांकन व्यवस्था ... 222
९.१. आवधिक योजना कार्यान्वयनका लागि अनुमानित बजेट ........ २२५
अनुसूची ........ २२६

# परिच्छेद १. परिचय

## १.१. पृष्ठभूमि

नेपालको संविधान २०७२ को कार्यान्वयन पश्चात नेपालको राज्य प्रणाली संघीय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीमा रुपान्तरण भएको छ। नेपालको संविधानले स्थानीय तहको एकल र साझा अधिकार स्पष्ट गरी स्थानीय तहलाई संघीय संरचना अनुसार एक स्वायत्त सरकारको रूपमा स्थापित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को उद्देश्य अनुसार जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतान्त्रिक लाभहरूको समानुपातिक र न्यायोचित वितरण गरी कानुनी राज्य र दीगो विकासको अवधारणाअनुसार समाजवादी उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको प्रवर्धन गर्न दीर्घकालीन योजना तर्जुमा गर्न आवश्यक छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ र १२ मा क्रमशः गाउँपालिका र वडा समितिको काम, कर्तव्य र अधिकार तोकिएको छ भने, दफा २४ को उपदफा १ मा गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक, विषय क्षेत्रगत मध्यमकालीन र दीर्घकालीन योजना बनाई लागू गर्नु पर्ने स्पष्ट व्यवस्था छ । त्यसैगरी, ऐनको परिच्छेद ९ मा गाउँपालिकाको वित्तीय अधिकार क्षेत्र समेत तोकिएको छ।

संविधान र कानून बमोजिम संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आवधिक योजना र दीगो विकास लक्ष्यहरू प्राप्त गर्ने मार्गचित्र तर्जुमा गर्नुपर्ने छ। संघ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित विकास प्रक्रियालाई स्थानीय तहमा संस्थागत गर्न, उपलब्ध सिमित स्रोत साधनको न्यायोचित वितरण गरी स्थानीय जनताको विकासको चाहनालाई पूरा गर्नको लागि फिक्कल गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्न लागिएको छ।

स्थानीय समस्यालाई सम्बोधन गर्न, यो योजना तर्जुमा प्रक्रिया जनसहभागिता मूलक, नेपालको संविधान, तथा सम्बन्धीत ऐन, कानून, नीति तथा निर्देशिकामा आधारित भएर तर्जुमा प्रक्रिया अगाडि बढेको छ । यो योजना फिक्कल गाउँपालिकाको व्यवस्थित विकासलाई निर्देशित गर्ने एक गतिशील दस्तावेजको रुपमा रहेको छ।

## १.२. अध्ययनको उद्देश्य

यस योजनाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- फिक्कल गाँउपालिकाको आवधिक योजना (आ.व २०८२/८३ देखि २०८६/८७) तयार गर्नु,
- गाँउपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति तयार गर्नु,
- विषय उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रम सहित आर्थिक, सामाजिक, भौतिक विकास योजना, वन, वातावरण तथा विपद् व्यवस्थापन योजना, संस्थागत विकास योजना तयार गर्नु।

# परिच्छेद २. गाउँपालिकाको विद्यमान वस्तुस्थिति

## २.१. क्षेत्रीय अवस्थिति

फिक्कल गाउँपालिका बागमती प्रदेश, सिन्धुली जिल्लाको पूर्वी भागमा अवस्थित गाउँपालिका हो । यस गाउँपालिकाको पूर्वमा कटारी गाउँपालिका, पश्चिममा गोलन्जोर गाउँपालिका र तीनपाटन गाउँपालिका, उत्तरमा ओखलढुंगा र रामेछाप जिल्ला र दक्षिणमा दुधौली नगरपालिका र उदयपुर जिल्लासँग सिमाना जोडिएको छ । मध्येपहाडी लोकमार्ग यस गाउँपालिकामा पर्ने एक मात्र राष्ट्रिय राजमार्ग हो । यसले गाउँपालिकालाई अन्य पालिका, जिल्ला तथा संघिय राजधानी काठमाडौं सँग प्रत्यक्ष रुपमा जोडेको छ । यस गाउँपालिकामा हाल सम्म ठुला व्यापारिक केन्द्रको विकास भएको छैन । अवस्थामा वडा नं ४ मा पर्ने खाङसाङ गाउँपालिकाको प्रमुख केन्द्र हो भने, सिन्धुली बजार, उदयपुरको घुर्मी बजार, खुर्कोट बजार, धुलिखेल, बनेपा र काठमाडौं नै यस क्षेत्रका प्रमुख बजार केन्द्रहरु हुन् । उल्लेख बजार नै गाउँपालिकामा उत्पादन भएका कृषि उपजको प्रमुख बजार हुन् भने गाउँपालिकामा आउने खाद्यान्न, लत्ताकपडा, निर्माण सामग्री लगायतका सामग्रीहरु पनि यिनै बजारबाट आउदछन्।

## २.२. प्रशासनिक विभाजन

बागमती प्रदेशको सिन्धुली जिल्लाका ९ स्थानीय तह मध्ये फिक्कल गाउँपालिका पनि एक हो । राज्य पुनर्संरचना पछि वि.सं २०७३ मा साविकका महादेवडाँडा, पोखरी, खोलागाउँ, खाङसाङ, सोल्पठाना र रत्नावती ६ वटा गाविस फिक्कल गाउँपालिका गठन गरिएको हो । करिब १८६.०६ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकालाई ६ वटा वडामा विभाजन गरिएको छ, भने गाउँपालिकाको प्रशासनिक केन्द्र खाङसाङ हो ।

*तालिका १: फिक्कल गाउँपालिकाको पुनर्संरचना*

| **हालका वडा** | **समावेश साविक गविस र वडाहरु** | **क्षेत्रफल (वर्ग कि.मी.)** |
|---|---|---|
| १ | महादेव डाँडा (१-९) | ३८.८६ |
| २ | पोखरी(१-९) | २६.६७ |
| ३ | खोलागाउँ (१-९) | २९.८ |
| ४ | खाङसाङ (१-९) | २१.५३ |
| ५ | सोल्पाठाना (१-९) | ३१.११ |
| ६ | रत्नावती (१-९) | ३८.०९ |
| | **जम्मा क्षेत्रफल** | **१८६.०६** |

(https://www.mofaga.gov.np/)

## २.३. हावापानी

फिक्कल गाउँपालिका विश्वमान चित्रमा ८६°१०' ५१" पूर्वी देशान्तर देखि २७°१५' ४०" उत्तरी अक्षांश सम्म फैलिएको छ। समुन्द्र सतहवाट ३६०मि. देखि २३८३मि. को उचाईमा रहेको गाउँपालिकामा अर्धोष्ण, समसितोष्ण, सितोष्ण प्रकारको हावापानी पाईन्छ । वार्षिक औषत वर्षा १४२० मि.मि. हुन्छ । यहाँको अधिकतम तापक्रम २८.३ डिग्री सेन्टिग्रेड देखि न्यूनतम तापक्रम ५.३ डिग्री सेन्टिग्रेड सम्म हुन्छ ।

## २.४. भूउपयोगको विवरण

फिक्कल गाउँपालिकाको विद्यमान भूउपयोग क्षेत्र वर्गीकरण अनुसार गाउँपालिकाको कुल क्षेत्रफलको ५६ % वन क्षेत्र, ३८.६ % कृषि क्षेत्र, ०.२ % आवासिय क्षेत्र, ३.४ % जलस्रोत क्षेत्र, १.६ % सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गरिएको छ । गाउँपालिकाको भूउपयोग क्षेत्र वर्गीकरणको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका २: फिक्कल गाउँपालिका विभिन्न भूउपयोग क्षेत्रले ओगटेको क्षेत्रको विवरण*

| क्र.सं. | भूउपयोग वर्गिकरण | जम्मा क्षेत्रफल (व.कि.मि) | क्षेत्रफल (%) |
|---|---|---|---|
| १. | कृषि क्षेत्र | ७१.६३ | ३८.५६ |
| २. | आवास क्षेत्र | ०.४३ | ०.२३ |
| ३. | ब्यवसायिक क्षेत्र | ०.०२ | ०.०१ |
| ४. | औद्योगिक क्षेत्र | ०.०१ | ०.०१ |
| ५. | खानी र खनिजहरू | ०.२६ | ०.१४ |
| ६. | वन तथा वनस्पती क्षेत्र | १०४.०७ | ५६.०३ |
| ७. | नदि तथा ताल तलैया | ६.३ | ३.३९ |
| ८. | सार्वजनिक क्षेत्र | ३.०१ | १.६२ |
| ९. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०३ | ०.०१ |
| | **जम्मा क्षेत्रफल (हेक्टर)** | **१८६.०६** | |

(स्रोतः गाउँपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण, २०८२)

## २.५. जनसांख्यिक विवरण

फिक्कल गाउँपालिकाको कुल जनसङ्ख्या १५,९१० छ। जस मध्ये पुरुषको संख्या ७,७८७ (४८.९४ %) र महिलाको संख्या ८,१२३ (५१.०५ %) छ। गाउँपालिकामा कुल घरधुरी ३,४३६ रहेको छ भने, औषत परिवार संख्या ४.४६ र लैंगिक अनुपात ९५.८६ छ (राष्ट्रिय जनगणना, २०७८)। वडा अनुसार जनसङ्ख्या वितरण हेर्दा सबैभन्दा बढी जनसङ्ख्या वडा नं १ मा ३७१५ जना र सबैभन्दा कम जनसङ्ख्या वडा नं ५ मा १९९५ जना छन्।

गाउँपालिकाले बागमती प्रदेशको ०.२६% र सिन्धुली जिल्लाको ५.३०% जनसंख्या ओगटेको छ । जहाँ बागमती प्रदेश र सिन्धुली जिल्लाको जनसंख्या क्रमश ६१,१६,८६६ र ३,००,०२६ छ । (राष्ट्रिय जनगणना , २०७८) ।

*तालिका ३: गाउँपालिकाको जनसांख्यिक विवरण*

| वडा नं | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरूष | महिला | जनघनत्व/ व.कि.मि |
|---|---|---|---|---|---|
| १ | ७०७ | ३७१५ | १८३७ | १८७८ | ९२.८८ |
| २ | ४७७ | २२७३ | ११०० | ११७३ | ८४.१९ |
| ३ | ५७२ | २५५४ | १२४५ | १३०९ | ८८.०७ |
| ४ | ६०० | २५८६ | १२८१ | १३०५ | ११२.४३ |
| ५ | ४६८ | १९९५ | ९६८ | १०२७ | ६४.३५ |
| ६ | ६१२ | २७८७ | १३५६ | १४३१ | ७७.२९ |
| **जम्मा** | **३,४३६** | **१५,९१०** | **७,७८७** | **८,१२३** | **८५.५१** |

(राष्ट्रिय जनगणना, २०७८)

फिक्कल गाउँपालिकाको औसत जनघनत्व ८५.५१ व्यक्ति प्रति व.कि.मि रहेको छ । वडागत रूपमा जनघनत्व हेर्दा सबैभन्दा बढी जनघनत्व वडा नं. ४ मा ११२.४३ व्यक्ति प्रति व.कि.मि र सबैभन्दा कम जनघनत्व वडा नं. ५ मा ६४.३५ व्यक्ति प्रति व.कि.मि रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

गाउँपालिकामा जातजातिअनुसार जनसंख्या हेर्दा मगर जातिको संख्या सबैभन्दा बढी २१.४% छ भने सुनुवार जातिको संख्या १८.३% छ । त्यसैगरी क्षेत्री, ब्राह्मण (पहाड), विश्वकर्मा, राई र मिजार जातिको संख्या क्रमशः ११.६%, ११.५%, ८.५%, ६.४% र ६% छ । बाँकि १६% जनसंख्या अन्य जतिको छ (राष्ट्रिय जनगणना , २०७८)।

भाषा अनुसार जनसंख्याको विवरण हेर्दा गाउँपालिकामा सबै भन्दा बढी नेपाली भाषा बोल्नेको संख्या ५१.४% र मगर ढुट भाषा बोल्नेको संख्या १९.९% छ। त्यसैगरी सुनुवार, तामाङ, नेवारी र बाम्बुले भाषा बोल्नेको संख्या ११.५%, ५.६%, ४.५% र ४.३१% छ। अन्य भाषा राई, संस्कृत, जरुङ लगायतका अन्य भाषा बोल्नेको संख्या करिब २३% छ (राष्ट्रिय जनगणना , २०७८)।

## २.६. शिक्षा तथा स्वास्थ्य सेवा

फिक्कल गाउँपालिकाका सबै वडामा शैक्षिक संस्थाको उपस्थिति छ। जम्मा ८ वटा सामुदायिक बाल विकास केन्द्र सहित जम्मा ५४ वटा विद्यालय रहेको यस गाउँपालिकाका सबै वडामा माध्यमिक तह सम्मका विद्यालयहरु छन् । थप अध्ययनका लागि विद्यार्थीहरु काभ्रे, तथा काठमाडौं उपत्यका जान्छन भने हालैका दिनमा शिक्षाका लागि विदेश जानेको क्रम पनि बढ्दो छ।

गाउँपालिकाको कुल साक्षरता दर ७५.२ % छ । महिला र पुरुषको साक्षरता डर क्रमश ७० % र ८२.७% छ (राष्ट्रिय जनगणना, २०७८)। गाउँपालिकाको विद्यालय उमेरको कुल जनसंख्या मध्ये एसएलसि/एसईई सम्म उतिर्ण गर्नेको संख्या १२.५ % छ भने प्रविणता प्रमाणपत्र तह उतिर्ण गर्नेको संख्या १०.८% छ। स्नातक र स्नातकोत्तर उतिर्ण गर्नेको संख्या क्रमशः १.७% र १.१ % मात्र छ।

फिक्कल गाउँपालिकामा स्वास्थ्य ५ शैयाको फिक्कल अस्पताल, प्रत्येक वडामा स्वास्थ्य चौकी (६ वटा), भौगोलिक हिसाबले टाढा रहेका बस्तीलाई आधारभूत स्वास्थ्यमा पहुँच पुर्याउने उद्देश्यले प्रत्येक वडामा विभिन्न वडामा गरी ६ वटा स्वास्थ्य ईकाईको स्थापना तथा भईरहेका छन्  विभिन्न समयमा गाउँघर क्लिनिक पनि सञ्चालन भईरहेका हुन्छन। स्थानीयहरू गाउँपालिकामा उपलब्ध नहुने वा थप स्तरीय उपचारका लागि धुलिखेल तथा काठमाडौंका विभिन्न अस्पतालमा जाने गर्दछन।

## २.७. प्रमुख पेशा

फिक्कल गाउँपालिकाको प्रमुख पेशा कृषि हो। १० वर्ष भन्दा माथिको कुल जनसंख्या मध्ये ८२.५% कृषि पेशामा आबद्ध छन्। त्यसैगरी सामान्य वा प्राथमिक पेशामा र ६.८% जनसंख्या पेशाविद छन् । यस बाहेक अन्य व्यवस्थापक, व्यापार, प्राविधिक, सुरक्षा निकाय, कारिगरी लगायतका पेशामा आबद्ध छन् (राष्ट्रिय जनगणना, २०७८)। गाउँपालिकामा ६ महिना भन्दा बढी समय आर्थिक क्रियाकलापमा संलग्न जनसंख्या ६०.५% छ भने, वर्षमा ३ महिना भन्दा कम समय मात्र आर्थिक रुपमा सक्रिय रहेको जनसंख्या १०.१ % छ ।

# परिच्छेद ३. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा रणनीति

## ३.१. पृष्ठभूमि

राज्यको पुनर्संरचना पश्चात सम्पूर्ण अधिकार र कार्य क्षेत्रलाई संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारमा बाँडफाँड गरिएको छ । संविधानको धारा २३२ ले तीनै तहका सरकार बीचको अन्तर सम्बन्ध, सहकारी र सहअस्तित्व स्वीकार गरी समृद्धि हासिल गर्ने परिकल्पना गरेको छ। संविधान प्रदत्त एकल र साझा अधिकारको अधिकारको प्रयोग गरी आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्न योजनाबद्ध विकास आवश्यक छ । यसबाट स्थानीय स्रोत साधनको प्रभावकारी उपयोगबाट स्थानीय आवश्यकताको सम्बोधन गर्न सहयोग पुग्नेछ भने योजनामा जनसहभागिताले योजनाको अपनत्व र कार्यान्वयनमा प्रभावकारीता ल्याउन मद्दत गर्दछ। गाउँपालिकामा उपलब्ध स्रोत साधनको सदुपयोग तथा आन्तरिक र बाह्य अवसरहरुको अधिकतम सदुपयोग गर्दै आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका साथै संस्थागत क्षमता अभिवृद्धि तथा शुसासन कायम गर्न यस योजनाले महत्वपूर्ण भूमीका खेल्नेछ।

फिक्कल पालिकाको दीर्घकालीन सोंच तर्जुमा गर्दा स्थानीय सम्भावना तथा अवसर, राष्ट्रिय दीर्घकालीन तथा प्रादेशिक दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य साथै गाउँपालिकाले लिएको विकासको लक्ष्यसँग तादम्यता कायम गरिएको छ।

## ३.२. आवधिक योजना निर्माणका आधारहरु

आवधिक योजना तर्जुमाका लागि प्रमुख रुपमा निम्न आधारहरु लिईएको छ ।

- नेपालको संविधान
- स्थानीय सरकार  सञ्चालन ऐन, २०७४
- नेपाल सरकारको दीर्घकालीन सोंच २१०० “समृद्ध नेपाल, सुखी नेपाली” का लक्ष्यहरु
- विद्यमान राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहका घोषणा, नीति तथा कानुनहरु
- राष्ट्रिय तथा बागमती प्रदेशको आवधिक योजना
- दीगो विकास लक्ष्य २०३०
- गाउँपालिकाका प्रमुख समस्या तथा सम्भावनाहरु
- गाउँपालिकाको विकासको लक्ष्य तथा प्राथमिकताहरु

## ३.३. गाउँपालिकाको सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौती विश्लेषण

फिक्कल गाउँपालिकाको स्थलगत अध्यय, विषयगत शाखाबाट प्राप्त जानकारी, स्थानीय सँगको छलफल तथा गाउँप्रतिनिधि तथा कर्मचारी सँग विभिन्न चरणमा भएको छलफलका आधारमा फिक्कल गाउँपालिकाको सबल पक्ष, दुर्वल पक्ष, अवसर तथा चुनौतीहरुको पहिचान गरिएको छ।

**क. सबल पक्ष**

- उब्जाउशिल भूमिको उपलब्ध रहेकोले सबै प्रकारका कृषि उत्पादनको सम्भाव्यता
- लेक देखि बेशी सम्म फैलिएको भौगोलिक विविधता
- प्राकृतिक सम्पदाहरु वन, जलस्रोत, जडिबुटी आदि पाउनु
- ५ शैयाको अस्पताल सञ्चालनमा रहेको
- स्नातक सम्मको शिक्षा उपलब्ध
- विभिन्न जातजाति, धर्म, कला, संस्कृति तथा प्राकृतिक सौन्दर्यतामा धनि भएकोले पर्यटनको सम्भाव्यता
- सबै वडामा सडक संजाल पुगेको

**ख. दुर्बल पक्ष**

- कृषि भूमि बाँझो राख्ने बढ्दो प्रवृति
- गाउँपालिकामा रहेका सडकहरु बाह्रै महिना चल्न नसक्नु
- खानेपानी आपूर्तिमा शुद्धिकरणको व्यवस्था नभएको तथा आवश्यक पूर्वाधार अपर्याप्त रहेको
- धेरै जसो योजनाहरु समयमानै सम्पन्न नहुने तथा गुणस्तरीय विकास कार्य नहुनु

**ग. अवसर**

- वन तथा कृषि क्षेत्रलाई व्यवसायसँग जोडेर रोजगारी सृजना तथा स्वरोजगार विकास गर्न सकिने
- पर्याप्त वन क्षेत्र तथा जैविक विविधताको उपयोग गरी पर्यटन प्रवर्द्धन गर्न सकिने
- स्नातक तह सम्मको शिक्षालाई स्तरीय र गुणस्तरीय बनाई युवा पलायन रोक्ने
- मध्यपहाडी राजमार्गले देशको राजधानी तथा अन्य छिमेकि स्थानीय तह तथा जिल्लाहरु सँग प्रत्यक्ष पहुँच पुगेको
- गाउँपालिका क्षेत्रमा सक्रिय विभिन्न गैसस तथा साझेदार निकायहरु सँग सहकार्य गरी गाउँपालिकाको विकासलाई अझै प्रभावकारी रुपमा सञ्चालन गर्न सकिने

घ. **चुनौतिहरु**

- कृषि तथा पशुजन्य उत्पादनमा गुणस्तरको सुनिश्चितता गर्नु
- स्थानीय स्तरमा नै गुणस्तरीय सेवा सुबिधा तथा रोजगारीको अवसर सिर्जना गरी तिब्र बसाई सराई रोक्नु
- जलवायु परिवर्तनले भूक्षय, डढेलो, बाढी, खडेरी जस्ता प्राकृतिक प्रकोपको जोखिम
- सिमित स्रोत साधनमा सन्तुलित विकास गर्नु

- संस्थागत सम्झना (Institutional Memory) लाई बलियो बनाई गाउँपालिकामा एकीकृत सूचना/ तथ्यांक व्यवस्थापन गर्नु

## ३.४. निर्देशक सिद्धान्त

गाउँपालिकाले लिएको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य निश्चित समयावधिमा पूरा गर्न देहायका निर्देशक सिद्धान्त मार्गदर्शनका रुपमा लिईएको छ ।

**दिगो विकासः** यस योजनालाई दिगो विकास प्राप्त गर्ने साधनको रुपमा लिइनेछ । दिगो विकासका आधारभूत पक्षहरु मूलतः आर्थिक विकास, सामाजिक विकास, सामाजिक न्याय, वातावरण सन्तुलनलाई आत्मसात ध्यानमा राखी योजना तर्जुमा गरिनेछ । गुणस्तरीय भौतिक पूर्वाधारहरुको निर्माणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। आयोजनाहरुको स्थलगत अनुगमन, मूल्याङ्कन, निरीक्षण, गुणस्तर परिक्षण जस्ता कार्यालय प्रभावकारी बनाइनेछ। वार्षिक कार्यक्रम मार्फत दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरिनेछ भने नतिजामा आधारित विकासलाई जोड दिइनेछ।

**समन्वय, सहकार्य तथा साझेदारीः** दिगो तथा सन्तुलित विकासका लागि स्थानीय तह, संघ, प्रदेश तथा अन्य साझेदार संस्थाहरु सँग समन्वय सहकार्य तथा सझेदारीको सिद्धान्त अपनाईनेछ । आन्तरिक तथा बाह्य स्रोत साधनहरुको परिचालनका लागि अन्तर सरकारी, गैरसरकारी, निजी तथा सहकारी क्षेत्र एवं समुदायसँग प्रभावकारी समन्वय, साझेदारी तथा सहकार्य गरी विकास प्रक्रियालाई नतिजामूखी बनाइनेछ । निजी तथा सहकारी क्षेत्र सँग पूँजी, व्यवस्थापकीय सीप तथा अनुभवको अडान प्रदान गरी विकास कार्यमा सबैको सहभागिता सुनिश्चित गरिनेछ।

**सुशासनको प्रवर्द्धनः** जवाफदेहिता, पारदर्शिता, जनसहभागिता, उत्तरदायित्वको प्रवर्द्धन गरिनेछ । सार्वजनिक सेवा प्रवाह तथा काम कारवाहीहरुलाई पारदर्शि बनाउन डिजिटल प्रविधिको उच्चतम उपयोग गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी वनाइने छ । सामाजिक जवाफदेहिताका लागि सार्वजनिक सुनुवाई, सावर्जनिक परीक्षण, सामाजिक परीक्षण, गुनासो सुनुवाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बेरुजु फछ्यौट आदि अभ्यासहरु कार्यान्वयन गरिनेछ।

**समावेशी तथा समतामूलक विकासः** महिला, बालबालिका, दलित, जनजाती, पिछडिएको वर्ग, अल्पसंख्यक तथा समस्यामा रहेका व्यक्तिहरुको हक अधिकार सुनिश्चित गर्दै सार्वजनिक सेवा, सुबिधा समान पहुँच सुनिश्चित गर्दै स्थानीय विकासमा अर्थपूर्ण सहभागिता तथा रोजगारीका अवसर सिर्जना गर्ने तर्फ योजनाले ध्यान दिनेछ। आर्थिक तथा सामाजिक रुपमा पिछडिएको समुदायलाई विकासका सबै चरणमा समतामूलक सहभागिता गरिनेछ।

**स्थानीय अर्थतन्त्रको सुदृढीकरणः** कृषिमा व्यवसायीकरण, स्थानीय स्रोत साधनको उच्चतम उपयोग कृषि र वनमा आधरित उद्योग तथा उद्यमशीलता विकासलाई प्रथामिकता दिइनेछ। सीप विकास, स्थानीय वस्तु तथा सेवाको विशिष्टिकरण एवं पूर्वाधार विकासको माध्यमवाट स्थानीय अर्थतन्त्रलाई चलायमान बनाईनेछ। कृषि

उपजमा मूल्य श्रृङ्खला स्थापित, वेमौसमी तरकारी तथा फलफुलको व्यवसायिक खेती प्रवर्द्धन तथा कृषि पूर्वाधारहरुको निर्माण गरिनेछ । साथै धार्मिक, साँस्कृतिक एवं प्राकृतिक सम्पदाको सम्वर्द्धन तथा प्रवर्द्धनवाट पर्यटन क्षेत्रको विकासमा गरी स्थानीय अर्थतन्त्र सुदृढ गरिनेछ।

**नतिजामा आधारित विकास व्यवस्थापनः** सेवा प्रवाह तथा विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रविधि, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाईनेछ। यसका लागि क्षमता विकास, सूचना, प्रविधिको प्रयोग, अध्ययन अनुसन्धान ज्ञान, अनुभव र सफल अभ्यासको अधिकतम परिचालन गरिनेछ।

## ३.५. गाउँपालिकाको विकासका प्रमुख सम्बाहक

**कृषिः** फिक्कल गाउँपालिकाको जम्मा क्षेत्रफल मध्ये ३८.५६ % क्षेत्रफल कृषियोग्य जमिन छ। गाउँपालिकाका अधिकांश व्यक्तिले प्रमुख पेशाका रुपमा कृषि पेशालाई अपनाएका छन। यस गाउँपालिकाको जीविकापार्जनको मुख्य आधार नै कृषि हो। त्यसैले यसको व्यवसायिकीकरण तथा आधुनिकीकरण गरी कृषि क्षेत्र र कृषकको वर्गीकरण सहित कृषिलाई उत्पादनमुखी र दिगो बनाई रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना मार्फत दिगो आर्थिक वृद्धि गर्ने प्रशस्त सम्भावना छ।

**वनः** फिक्कल गाउँपालिकाको कुल क्षेत्रफलको ५६.०३% क्षेत्रफल वन क्षेत्रले ओगटेको छ। कुनै स्थानको समग्र भुभाग मध्ये ४० प्रतिशत भन्दा बढी वन क्षेत्र हुनु वातावरणीय सन्तुलनकादृष्टिले राम्रो मानिन्छ। यहाँका वन क्षेत्रमा उपलब्ध विविध वनस्पति, जडिबुटि, वन पैदावार तथा जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्दै उच्चतम सदुपयोग गर्न सकिने सम्भावना छ। वन तथा वन पैदावारमा आधारित उद्यम विकास गर्ने, पर्यटन विकास जस्ता क्रियाकलाप सञ्चालन गरी दिगो अर्थतन्त्र विकास गर्न सकिने सम्भावना छ।

**पर्यटनः** फिक्कल गाउँपालिका प्राकृतिक तथा सांस्कृतिक दृष्टिकोणले समृद्ध छ। राजमार्ग बाट जोडिएको काठमाडौं, सिन्धुली लगायतका ठूला सहरबाट नजिक तथा सहज पहुँच भएको यस गाउँपालिकामा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको उपयोग गरी पर्यटन विकासको पर्याप्त सम्भावना छ। यसका लागि पर्यटन पूर्वाधारको विकास, गुणस्तरीय पर्यटकीय सेवा सुविधाको विकास, जनशक्तिको विकास तथा प्रचार प्रसार तथा प्रवर्द्धन गरी पर्यटनलाई गाउँपालिका विकासको प्रमुख सम्बाहकको रुपमा अगाडी बढाउन सकिने प्रवल सम्भावना छ।

३.६. दीर्घकालिन सोंच, लक्ष्य तथा उद्‌देश्य

नेपालको दीर्घकालीन सोंच **समृद्ध नेपाल सुखी नेपाली**, नेपालको सोहौं राष्ट्रिय योजनाले लिएको दिर्घकालिन सोंच **सुशासन, सामाजिक न्याय र समृद्धि**, बागमती प्रदेशको दोस्रो आवधिक योजनाले लिएको दीर्घकालीन सोंच **बागमती प्रदेशको रुपान्तरणः आर्थिक समृद्धि र समतामूलक समाज**, दिगो विकास लक्ष्यलाई आत्मसात गर्दै जनप्रतिनिधिको विकासको दिर्घकालिन सोंच, गाउँपालिकाको विद्यमान वस्तुस्थिति, गाउँ विकासका प्रमुख सम्बाहक, यहाँको सम्भावना, अवसर तथा आवश्यकता लगायत विषयलाई प्रमुख आधार मानी गाउँपालिकाको दीर्घकालीन सोंच निर्धारण गरिएको छ ।

### ३.६.१. **दीर्घकालिन सोंच**

**"फिक्कल समृद्धिको मूल आधारः कृषि, पर्यटन र पूर्वाधार"**

### ३.६.२. **लक्ष्य**

स्थानीय स्रोत साधनको सदुपयोग मार्फत दीगो आर्थिक विकास हाँसिल गर्दै सामाजिक न्यायमा आधारित समृद्ध गाउँपालिका निर्माण भएको हुनेछ।

### ३.६.३. **उद्‌देश्य**

- कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण गरी उद्यमशीलता विकास गर्नु।
- उपलब्ध पर्यावरणीय तथा जैविक विविधता साथै अनुपम सांस्कृतिक सम्पदाको उपयोग गरी पर्यटन विकास मार्फत रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्नु।
- दिगो, सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार विकास गर्नु।
- संस्थागत सुदृढीकरण गरी सुशासन कायम गर्नु।

### ३.६.४. **रणनीति**

- भूउपयोग योजना तर्जुमा तथा कार्यान्वयन गरी उपलब्ध भूमिको उच्चतम सदुपयोग गर्ने।
- कृषि र पर्यटनमा प्रतिस्पर्धी तथा तुलनात्मक लाभका क्षेत्रमा लगानी बढाउने।
- स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्ने।
- वातावरण संरक्षण, सम्बर्द्धन, व्यवस्थापन तथा दिगो मार्फत समुदायमा लाभको विवतरण गर्ने।
- पूर्वाधार निर्माणका लागि संघ, प्रदेश तथा अन्य साझेदार निकायसँग समन्वय तथा सहकार्य गर्ने।
- सार्वजनिक पूर्वाधारको निर्माणमा तथा सेवा प्रवाहमा सुशासन कायम गर्ने।
- गाउँपालिकाको विद्यमान संस्थागत संरचनाको पुनरावलोकन गरी समयसापेक्ष परिमार्जन गर्ने तथा दक्ष तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन तथा व्यवस्थापन गर्ने।

### ३.६.५. परिमाणात्मक लक्ष्य

| क्र सं. | सूचक/ लक्ष्य | ईकाई | आधार वर्ष २०८०/८१ | आ.व. २०८६/८७ को लक्ष्य |
|---|---|---|---|---|
| १ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६६१[1] | ०.६७५ |
| २ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५[2] | ०.९६७ |
| ३ | औषत आयु | वर्ष | ७२.४[1] | ७२.९ |
| ४ | प्रति व्यक्ति आय | अ.डलर | २४८४[1] | २५०० |
| ५ | ५ वर्ष मूनिका जन्मदर्ता नभएका जनसंख्या | प्रतिशत | २२.५ | ० |
| ६ | कुल जमिन मध्ये खेतीयोग्य जमिन | हेक्टर | ७१६३ | ६५७२ |
| ७ | कृषिका लागि प्रयोग भएको जमिन | हेक्टर | १९४९.७ | ३२०० |
| ८ | वर्षभरी सिंचाई सेवा पुगेको खेतीयोग्य जमिन | हेक्टर | ३०७ | ५०० |
| ९ | कृषिमा संलग्न कृषक परिवार संख्या | प्रतिशत | ९५.२८ | ८० |
| १० | पशुपालनमा संलग्न कृषक परिवार | प्रतिशत | ९१.२९ | ८० |
| ११ | कृषिमा संलग्न परिवार मध्ये कृषि बीमामा आबद्ध कृषक परिवार | प्रतिशत | ०.५३ | ५ |
| १२ | कुल साक्षरता दर (५ वर्ष माथिको) | प्रतिशत | ७५.२ | ९० |
| १३ | महिला साक्षरता दर | प्रतिशत | ७० | ९० |
| १७ | पर्यटकको औषत बसाई | दिन | - | ५ |
| १८ | पर्यटकको दैनिक औषत खर्च | रु. | - | २००० |
| १९ | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसंख्या | प्रतिशत | - | ५० |

1 बागमती प्रदेशको दोस्रो आवधिक योजनालाई आधार मानेको

2 नेपालको सोह्रौं आवधिक योजनालाई आधार मानेको

| क्र सं. | सूचक/ लक्ष्य | ईकाई | आधार वर्ष २०८०/८१ | आ.व. २०८६/८७ को लक्ष्य |
|---|---|---|---|---|
| २० | पक्कि सडक (कालोपत्रे र आर.सी.सी. ढलान) | कि.मि | १०६.५३[३] | ३२० |
| २१ | विद्युतमा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ८८[४] | १०० |
| २२ | आफ्नै घर कम्पाउण्डमा खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | ६७.२ | १०० |
| २३ | ईन्टरनेटमा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ५.५ | ५० |
| २४ | उच्च शिक्षा (स्नातक तथा स्नातकोत्तर सम्मको शिक्षा पुरा गरेको जनसंख्या | प्रतिशत | १.२ | १० |
| २५ | सम्पतिमा (घर तथा जग्गा) महिलाको स्वामित्व | प्रतिशत | ६.५ | १५ |

३ गाउँपालिकाको यातायात गुरुयोजना, २०८२
४ गाउँपालिकाको डिजिटल प्रोफाइल, २०८२

# परिच्छेद ४.　　आर्थिक विकास क्षेत्र

## ४.१. कृषि विकास

### ४.१.१. **पृष्ठभूमि**

फिक्कल गाउँपालिकामा बहुसंख्यक जनसंख्याको जिविकोपार्जनको मुख्य आधार कृषि तथा पशुपालन रहेको छ। गाउँपालिकाका ८२.५% जनसंख्याले प्रमुख पेशाको रुपमा कृषि पेशालाई अंगालेका छन् (राष्ट्रिय जनगणना, २०७८)। गाउँपालिकामा धेरैजसो किसान परम्परागत कृषि प्रणाली अपनाएको देखिन्छ। गाउँपालिकामा उत्पादन हुने प्रमुख कृषि उपजहरु जस्तै; धान, मकै, गहुँ, कोदो, फापर, आलु, प्याज, लसुन, तरकारी बाली, मास, मुसुरो, मस्याङ, तोरी, सरियाँ आदि प्रमुख हुन् । यहाँ उत्पादन हुने फलफूलमा जुनार, सुन्तला, आँप, कागती, किबी, केरा आदिको प्रमुख हुन्। प्रमुख पशुपलानमा गाई, भैंसी, बाख्रा, बंगुर, कुखुरा, हाँस प्रमुख हुन्। गाउँपालिकाका विभिन्न स्थानमा मौरी पालन पनि भईरहेको छ।

गाउँपालिकामा व्यवसायिकको तुलनामा निर्वाहमुखी कृषि प्रणाली अवलम्वन गर्ने कृषकहरुको बाहुल्यता छ। उत्पादित वस्तु स्वयं उपभोग गर्ने तथा केहि मात्रामा स्थानीय बजारमा खपत हुने गरेको छ । गाउँपालिका बाट बाह्य बजारमा निर्यात हुने कृषि उपज न्यून मात्र छ । सबै वडाका कृषि भूमिमा सिंचाई पूर्वाधारहरुको व्यवस्था छ । यद्यपी यी पूर्वाधारहरु पर्याप्त छैनन्। यद्यपी हालका दिनमा व्यवसायिक कृषिमा तरकारी तथा फलफुल र पशुपालन गर्नेको संख्या बढ्दै गईरहेको छ ।

### ४.१.२. **समस्या तथा चुनौती**

परम्परागत निर्वाहमुखी कृषि प्रणाली, कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण नहुनु, रासायनिक मल तथा उन्नत जातको बीउ बीजन समयमा पर्याप्त उपलब्ध नहुनु, पर्याप्त सिंचाई सुबिधा नहुदा कृषक आकाशे पानीको भरमा निर्भर, कृषि जमिनको न्यून उत्पादकत्व, कृषकहरुमा सामान्य प्राविधिक ज्ञानको कमि,कृषि प्रविधि तथा प्राविधिकको कमि, चिस्यान केन्द्र, संकलन केन्द्र, कृषि प्रशोधन केन्द्र, कृषि बजार, व्यवस्थित बधशाला जस्ता पूर्वाधारको कमि, युवा पुस्ता रोजगारी तथा सेवा सुबिधाको लागि गाउँबाट बाहिरिने क्रम बढ्दै जाँदा कृषि जनशक्तिको कमि, आदि यस क्षेत्रका प्रमुख समस्याहरु हुन् । त्यसैगरी भूउपयोग क्षेत्र वर्गीकरण अनुरुप कृषि क्षेत्रमा कृषिका सहयोग तथा अनुदान केन्द्रित गर्नु, जलवायु परिवर्तनको प्रभावले हुने रोग तथा किराको प्रकोप, कृषि क्षेत्रमा ठुलो लगानी जुटाउनु, कृषि मल र बीउ समयमा पर्याप्त उपलब्ध गराउनु, जलवायु परिवर्तन अनकुल कृषि प्रविधिको प्रयोग, स्थानीय रैथाने बालीको संरक्षण तथा उत्पादन बढाउनु, सबै ठाउँमा बाह्रै महिना सिंचाईको व्यवस्था गर्नु, कृषि तथा पशुजन्य उत्पादनका लागि बजारको सुनिश्चितता गर्नु आदि यस क्षेत्रमा प्रमुख चुनौतिहरु हुन् ।

### ४.१.३. सम्भावना तथा अवसर

व्यवसायिक कृषि तथा पशुपालन बढाउने, कृषि योग्य भूमिमा निरन्तर सिंचाईको व्यवस्था गरी उत्पादन तथा उत्पादकत्व बढाउने, नगदे बाली, फलफुल तथा तरकारी खेतीको प्रवर्द्धन गर्ने, मौरीपालन, मत्यपालन प्रवर्द्धन गर्ने, कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण गर्ने, उपलब्धता सुनिश्चत गर्ने, बहुउद्देश्य नर्सरी स्थापना गरी फलफुल खेतीलाई विस्तार गर्न सहयोग गर्ने, माटो परिक्षणको व्यवस्था गरी माटो सुहाउदो खेति गर्ने, कृषकलाई आधारभूत प्राविधिक तालिम प्रदान गर्ने, रैथाने जातका बीउ बीजनको संरक्षण गर्न बीउ बैंकको व्यवस्था गर्ने, प्राङ्गागारिक खेतीलाई प्रोत्साहन गर्ने तथा प्राङ्गागारिक मल तथा जैविक विषादीको उत्पादन तथा प्रयोग गर्न सहयोग गर्ने, कृषि तथा पशुपालन व्यवसायलाई व्यवस्थित गरी मासु र दुध उत्पादनमा आत्मनिर्भर र व्यवसायिकरण गर्ने आदि यस क्षेत्रमा सम्भावना तथा अवसरहरु हुन्।

### ४.१.४. लक्ष्य

कृषि तथा पशुपालनका क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा सुनिश्चित भएको हुने ।

### ४.१.५. उद्देश्य

१. आधुनिक तथा व्यवसायिक कृषिको माध्यमबाट निर्यात प्रवर्द्धन गर्नु ।
२. कृषि उत्पादनको बजार सुनिश्चित गर्दै कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा स्थापित गर्नु ।
३. पशुपालनलाई व्यवसायिक बनाई पशुपंक्षी जन्य उत्पादन वृद्धि गर्नु ।
४. छाडा तथा सामुदायिक पशुपंक्षी व्यवस्थापन गर्नु ।

### ४.१.६. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: आधुनिक तथा व्यवसायिक कृषिको माध्यमबाट निर्यात प्रवर्द्धन गर्नु ।** | |
| १ कृषि भूमिको पहिचान, वर्गीकरण, संरक्षण तथा सदुपयोग गर्ने। | १.१ कृषि क्षेत्रको विकासका लागि आवश्यक स्थानीय नीति, ऐन, नियम, कार्यविधि, मापदण्ड तथा आवश्यक योजना तर्जुमा तथा अद्यावधिक गरी कार्यान्वयन गरिनेछ ।<br>१.२ कृषि योग्य जमिन बाँझो राख्न नदिन भूमि बैंकको अवधारणा अनुरुप जगगाको परिचालन गरी खेति गरिनेछ ।<br>१.३ कृषि क्षेत्रमा वर्गीकरण भएका कृषि क्षेत्रहरुको संरक्षण तथा उत्पादनका आधारमा कम उत्पादनशील, मध्यम उत्पादनशील र उच्च उत्पादनशील क्षेत्रमा वर्गीकरण गरी सोहि अनुसार सेवा सुबिधाको वितरण गर्ने व्यवस्था गरिनेछ। |
| २ वास्तविक कृषकको पहिचान तथा वर्गीकरण गर्ने । | २.१ कृषक सर्भेक्षणको माध्यमबाट पहिचान भएका कृषकको वर्गीकरण गरी परिचयपत्र वितरण गरिनेछ । |

| | |
|---|---|
| | २.२ व्यवसायिक कृषि तथा पशुपालन फर्म दर्ता अनिवार्य गरी नियमन गरिनेछ । |
| ३ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि तथा पशुपालनलाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्ने । | ३.१ तुलनात्मक रुपमा लाभका कृषि उत्पादन वृद्धि गर्न उपयुक्तताका आधारमा कृषि पकेट क्षेत्र पहिचान गरी विशेष सेवा सुबिधा प्रदान गरिनेछ।<br>३.२ आधुनिक तथा उन्नत प्रविधिहरु थ्रेसर, ट्याक्टरको खरिदमा कृषक समूह वा व्यवसायिक फर्मलाई अनुदान सहयोग गरिनेछ ।<br>३.३ निजी क्षेत्र सँग सहकार्य गरी नमुना फलफुल नर्सरीको स्थापना गरी फलफूलका बिरुवा उत्पादन तथा वितरण गरिनेछ ।<br>३.४ व्यवसायिक सघन खेतिलाई प्रोत्साहन गर्न करार खेति, सहकारी खेति, सामुहिक खेतीलाई प्राथमिकता दिइनेछ ।<br>३.५ बागमती प्रदेश सरकारको समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम निरन्तरता दिइनेछ ।<br>३.६ युवालाई व्यवसायिक कृषिमा आकर्षण गर्न प्रस्तावका आधारमा सहयोग गरिनेछ ।<br>३.७ व्यवसायिक कृषकलाइ कृषि बीमामा आबद्ध हुन समन्वय तथा सहयोग गरिनेछ ।<br>३.८ कृषकको मनोवल बढाउन फिक्कलमा उत्पादन हुने प्रमुख कृषि उपजको प्रदर्शनी गर्न कृषि मेलाको आयोजना गरिनेछ ।<br>३.९ **उत्कृष्ट किसान हाम्रो शान** नारालाई आत्मसाथ गर्दै उत्कृष्ट खेति तथा पशुपालन गरी रोजगारी सृजनामा समेत सहयोग गर्ने कृषकलाई प्रोत्साहन गर्न **उत्कृष्ट कृषक सम्मान** कार्यक्रम गरिनेछ।<br>३.११ कृषि प्रसारका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.१२ कृषि क्षेत्रमा लगानी बढाउन संघ, प्रदेश, गैसस, दातृ निकाय लगायत अन्य सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरिनेछ। |
| ४ कृषि क्षेत्रको विकासका लागि आवश्यक दक्ष जनशक्ति तथा पूर्वाधारको व्यवस्था गर्ने । | ४.१ कृषि उत्पादनको संकलन केन्द्र, चिस्यान केन्द्र (Cold store) तथा कृषि प्रशोधन केन्द्र सञ्चालन गरिनेछ ।<br>४.२ माटो सुहाउदो खेति गर्न माटो परिक्षणका लागि मिनी ल्याबको व्यवस्था गरिनेछ साथै माटो परिक्षण घुम्ती शिविर सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| | ४.३ कृषकलाई प्राविधिक सहयोग गर्न कृषि प्राविधिक विद्यालयसँग समन्वय तथा सहकार्य गरिनेछ। साथै गाउँपालिकामा कृषि प्राविधिक थप गरी सेवा प्रदान गरिनेछ ।<br>४.४ कृषि प्राविधिकको कार्य दक्षता बढाउन पेशागत क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।<br>४.५ कृषकमा आधारभूत प्राविधिक ज्ञानको विकास गर्न कृषक तालिम सञ्चालन गरिनेछ ।<br>४.६ कृषि उत्पादनलाई खेत बारी देखी बजार सम्म ढुवानीको लागि सहयोग गर्न तथा कृषि समस्याको तत्काल समाधान गर्न प्रदेश सरकारको साझेदारीमा कृषि एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।<br>४.७ उपयुक्त र दिगो सिंचाई सुविधाका लागि बृहत सिंचाई योजना सञ्चालन, भएका सिंचाई पूर्वाधारको मर्मत सम्भार तथा व्यवस्थापन, साथै पानीका स्रोत नभएका स्थानमा वैकल्पिक माध्यमबाट सिंचाईको व्यवस्था गरिनेछ । |
| ५ कृषि उत्पादन वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर बन्न विभिन्न कार्यक्रम गर्ने । | ५.१ कृषकलाई समयमानै गुणस्तरीय र पर्याप्त मल/बिउ उपलब्ध हुने व्यवस्था गर्न सहकारी मार्फत बिक्रि वितरणको व्यवस्था मिलाईनेछ ।<br>५.२ फलफुल उत्पादनमा आत्मनिर्भर भई निर्यात बढाउन एक घर १० फलफूलका बिरुवा अभियान सञ्चालन गरिनेछ ।<br>५.३ आफ्नो उत्पादनले वर्षभरी खान नपुग्ने तथा आफ्नो जमिन कम भएका परिवारलाई हाल विभिन्न कारणले बाँझो छोडेका कृषियोग्य जमिनमा खेति गर्न सक्ने गरी सहजीकरण गरिनेछ । |
| **उद्देश्य २. कृषि उत्पादनको बजार सुनिश्चित गर्दै कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा स्थापित गर्नु।** | |
| १ कृषि उपजको बजार सुनिश्चित गरी कृषि पेशामा आकर्षण बढाउने । | १.१ कृषि उत्पादनको मूल्य अभिवृद्धि गरी बजार सुरक्षित गर्न कृषि उपजको ग्रेडीङ, प्याकेजिङ, लेबलिङ, ब्रान्डीङ, बजारीकरणमा सहयोग गरिनेछ ।<br>१.२ स्थानीय उत्पादनको प्रवर्द्धन गर्न उपयुक्त स्थानमा कृषि हाट बजार स्थापना तथा सञ्चालन गरिनेछ ।<br>१.३ कृषि उत्पादनको बजार सुनिश्चित गर्न कृषक र व्यापारी बीच करार खेतिका लागि समन्वय गरिनेछ। |

| | |
|---|---|
| | १.४ कृषि क्षेत्रमा स्वरोजगार तथा रोजगारी सिर्जना गर्न कृषिलाई उद्योगसँग जोड्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । |
| २ जलवायु परिवर्तनबाट पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्दै वातावरणमैत्री तथा प्रांगारिक खेतीलाई प्रोत्साहन गर्ने। | २.१ जलवायु परिवर्तन अनुकुलन खेति गर्न मिश्रित खेतीलाई प्रोत्साहन गरिनेछ ।<br>२.२ स्थानीय रैथाने जातिका कृषि उपजको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.३ प्रांगारिक मल तथा जैविक विषादि उत्पादन र प्रयोगलाई बढवा दिने नीति लिइनेछ ।<br>२.४ कृषि सहकारी मार्फत स्थानीय रैथाने जातका बिउ बिजनको संरक्षण र वितरण गर्न समन्वय गरिनेछ । |
| **उद्देश्य ३ः पशुपालनलाई व्यवसायिक बनाई पशुपंक्षी जन्य उत्पादन वृद्धि गर्नु ।** | |
| १ पशुपालनमा विविधिकरण गरी पशु पालनलाई गाउँपालिकाको प्रमुख पेशाको रुपमा विकास गर्ने। | १.१ पशुपालनको पकेट क्षेत्र पहिचान गरी प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२ एक घर एक लैनो पशु अभियान कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.३ पशुजन्य उत्पादन बढाउन उन्नत जातका गाई, भैसी, बाखा तथा बंगुर पालनका लागि उन्नत जातका बिउ पशु खरिदमा सहयोग गरिनेछ ।<br>१.४ पशुपंक्षीको नश्ल सुधार तथा कृतिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.५ माहुरी पालनलाई व्यवसायिक रुपमा विकास गर्न घार वितरण तथा अनुदान सहयोग गरिनेछ ।<br>१.६ माछा पालनलाई प्रोत्साहन गर्न माछा पोखरी निर्माण तथा विक्रिका आधारमा अनुदानको व्यवस्था गरिनेछ ।<br>१.७ पशुमा लाग्ने रोग तथा महामारीबाट हुने क्षति न्यूनीकरण गर्न यसको व्यवस्थापनका लागि पूर्वाधार तथा जनशक्ति सहितको संयन्त्र तयार गरिनेछ ।<br>१.८ व्यवसायिक पशुपालन प्रोत्साहन गर्न गोठ तथा खोर सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.९ पशुपंक्षीलाई आवश्यक चरण क्षेत्र छुट्याई संरक्षणका साथै डाले तथा भुइँ घास खेति सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
स्वास्थ्य संस्थाको पूर्वाधार पर्याप्त र स्तरीय नहुनु, आधुनिक औजार उपकरणको कमि, पर्याप्त औषधिको कमि, ठुलो प्रकोप तथा महामारीलाई व्यवस्थापन गर्न पर्याप्त स्रोत साधन तथा तयारी नहुनु, स्वास्थ्य प्रयोगशाला आधुनिक नहुनु, जंक फुडको प्रयोग दिनानु दिन बढ्दै जानु, मानसिक रोग, अटिजम, मधुमेह, क्यान्सर, उच्च रक्तचाप जस्ता दीर्घ रोगहरु बढ्दै जानु, दक्ष जनशक्ति पर्याप्त नहुनु, फिक्कल अस्पताल पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन नसक्नु, असहाय र समस्यामा रहेका व्यक्तिको स्वास्थ्य सेवामा पहुँच नहुनु, आयुर्वेद उपचार पद्धतिमा स्थानीयको कम आकर्षण, योग अभ्यासको प्रचलनमा कमि स्थानीय स्तरमा पाईने औषधीय जडिबुटीको पहिचान

र उपयोग हुन नसक्नु, बहु क्षेत्रीय पोषण कार्यक्रममा विभिन्न विषयगत शाखा, प्रतिनिधि समुदाय बीच कमजोर समन्वय तथा सहकार्य आदि यस क्षेत्रमा रहेका समस्या तथा चुनौतिहरु हुन् ।

### ५.२.३. सम्भावना तथा अवसर

संघ, प्रदेश तथा गैससले स्वास्थ्य क्षेत्रमा सहयोग गरिरहेको, राष्ट्रिय राजमार्गमा पर्ने गाउँपालिका भएकोले दुर्घटनालाई सम्बोधन गर्न सक्ने स्वास्थ्य सेवा प्रवाह गर्न सक्ने, स्तरीय पूर्वाधार तथा दक्ष जनशक्तिको व्यवस्थापन गरी स्थानीय स्तरमा गुणस्तरीय विषेशज्ञ स्वास्थ्य सेवा प्रदान गर्न सक्ने, स्वास्थ्य सम्बन्धी सबै सूचनाहरु डीजिटलाईजेसन गर्ने, आयुर्वेद चिकित्सा प्रणालीलाई प्रवर्द्धन गरी दिगो स्वास्थ्य सेवा प्रदान गर्ने, योग सेवाको विस्तार गर्ने, विशेष सुबिधा आवश्यक भएका विरामीलाई सहयोग गरी समान पहुँच, नसर्ने तथा दिर्घ रोगको चाप कम गर्न चेतनामूलक कार्यक्रम संचालं गर्न सकिने यस क्षेत्रमा प्रमुख सम्भावना तथा अवसरहरु हुन् ।

### ५.२.४. लक्ष्य

स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच अभिवृद्धि भएको हुने ।

### ५.२.५. उद्देश्य

१. गुणस्तरीय र विश्वसनीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउनु ।
२. पोषण सेवालाई स्वास्थ्यमा मूल प्रवाहीकरण गरी पोषण प्रवर्द्धन गर्नु ।

### ५.२.६. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः गुणस्तरीय र विश्वसनीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउनु ।** | |
| १.१ आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पँहुच सुनिश्चित गर्ने । | १.१ स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउन स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाईमा पर्याप्त औषधि तथा अन्य सामग्रीहरुको व्यवस्थापन गरी स्वास्थ्य सेवा प्रवाह गरिनेछ।<br>१.२ स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य सम्बन्धी सहयोगका सबै कार्यक्रमलाई बीमामा जोड्ने र बीमा सम्बन्धी सेवाहरु फिक्कल अस्पताल बाटनै उपलब्ध हुने गरी समन्वय तथा सहकार्य गरिनेछ ।<br>१.३ गुणस्तरीय औषधिको सहज उपलब्धताका लागि गैर सरकारी संस्थासँग समन्यव गरी सुलभ फर्मेसी सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.४ विद्यालय नर्स कार्यक्रम विस्तार गरी बालबालिकामा आधारभूत स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न घुम्ती नर्सको व्यवस्था गरिनेछ ।<br>१.५ ठुला अस्पतालसँग समन्वय गरी विशेषज्ञ सेवा सहित घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।<br>१.६ स्वास्थ्य चौकी तथा स्वास्थ्य ईकाईबाट गुणस्तरीय सेवा प्रदान गर्न माथिल्लो स्तरका अस्पतालहरु सँग समन्वय गरी Tele-medicine सेवा सुचारु गरिनेछ ।<br>१.७ नेपार सरकारको साझेदारीमा **म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य** कार्यक्रम सञ्चालन गरी नागरिकलाई समग्र समुदायको स्वास्थ्य प्रति संवेदनशील तथा जिम्मेवार बनाईनेछ । |
| २ निर्वाध स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार,औजार उपकरणको व्यवस्था तथा स्तरोन्नती गर्ने । | २.१ फिक्कल अस्पताल लगायत स्वास्थ्य संस्थामा आवश्यक थप औजार, यन्त्र, उपकरण तथा पूर्वाधारको व्यवस्था गरी थप सेवा सुबिधा समेत उपलब्ध हुने व्यवस्था गरिनेछ ।<br>२.२ **स्वास्थ्य दाँत सुन्दर मुस्कान** भन्ने नाराका साथ फिक्कल अस्पतालमा दन्त रोग सेवा थप गरी सञ्चालन गर्न तथा फिक्कल ग्रामिण आँखा उपचार केन्द्रमा थप पूर्वाधारको व्यवस्था गरी आँखा उपचार सेवा विस्तार गर्न विभिन्न निकायसँग समन्वय तथा सहकार्य आवश्यक व्यवस्था गरिनेछ ।<br>२.३ स्वास्थ्य संस्थामा शौचालय, खानेपानी, प्रतिक्षालय, विद्युत लगायत पूर्वाधारहरु आवश्यकता अनुसार थप तथा मर्मत सम्भार गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।<br>२.४ राजमार्गमा हुने दुर्घटना उपचार लक्षित गरी खाङसाङ सामुदायिक स्वास्थ्य ईकाईलाई २४ घण्टा सेवा प्रदान गर्न सक्ने गरी मिनी ट्रमा सेन्टरको रुपमा विकास तथा सञ्चालन गर्न पहल गरिनेछ ।<br>२.५ रत्नावती स्वास्थ्य चौकी र सुम्नाम पोखरी स्वास्थ्य चौकीलाई थप सुदृढ गरी सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाईनेछ ।<br>२.६ राजमार्गमा तथा अन्य स्थानमा हुने दुर्घटनाका बिरामीलाई तत्काल स्वास्थ्य संस्थामा पुऱ्याउन एम्बुलेन्स सेवा चुस्त दुरुस्त राखिनेछ ।<br>२.७ गाउँपालिकामा रहेका सबै बर्थिंङ सेन्टरलाई न्यूनतम मापदण्ड अनुरुप बनाई सुरक्षित र व्यवस्थिति प्रसुती सेवा प्रवाह गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.८ स्वास्थ्य महामारीको तथा स्वास्थ्य आपतकालीन अवस्थाको व्यवस्थापन गर्न स्रोत साधन सहित तयार रहने नीति लिइनेछ । |
| ३ महिला, किशोर किशोरी, बालबालिका, ज्येष्ठ नागारिक, अपाङ्गता भएका व्यक्ति, विपन्न, जटिल/दिर्घ रोगि लगायत लक्षित वर्गको स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने । | ३.१ सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य, किशोर किशोरी स्वास्थ्य सेवाको सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>३.२ महिलाहरुमा हुने आङ खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर लगायतका रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि निशुल्क स्क्रिनीङ तथा **एचपीभी** भ्याक्सिन दिने व्यवस्था मिलाईनेछ ।<br>३.३ ज्येष्ठ नागरिक, पूर्ण अपांगता भएका व्यक्ति, विपन्न, अभिभावक बिहिन बालबालिका लगायत समस्यामा रहेका व्यक्तिहरुको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न फिक्कल अस्पतालबाट निशुल्क सेवा दिने व्यवस्था गरिनेछ।<br>३.४ जटिल रोगबाट ग्रसित, अपाङ्गता भएका, अति विपन्न तथा ज्येष्ठ नगरिकको घुम्ती स्वास्थ्य सेवा मार्फत नियमित स्वास्थ्य तथा निशुल्क औषधि वितरण गरिनेछ ।<br>३.५ मानसिक स्वास्थ्य सम्बन्धी मानोसामाजिक परामर्श सेवा नियमित रुपमा प्रदान गरिनेछ ।<br>३.६ सरकारले तोकेका ८ कडा रोग (मुटु रोग, मिर्गौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमिया) लागेका बिरामीको उपचारका लागि विभिन्न निकायसँग समन्वय तथा सहकार्य गरि सहयोग गरिनेछ ।<br>३.७ सरुवा रोग, पशुपंक्षी जन्य रोग, किटजन्य रोगको रोकथाम, नियन्त्रण तथा उपचारको व्यवस्था गरिनेछ ।<br>३.८ संघीय सरकार, प्रदेश सरकार तथा अन्य गैसस सँगको सहकार्यमा अटिजम, अनुवांशिक स्वास्थ्य समस्या, मानसिक स्वास्थ्य समस्या, स्पाईन ईन्जरी भएका बिरामीलाई पुनर्स्थापनात्मक स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ । |
| ४ स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्थापन गर्ने । | ४.१ गाउँपालिकामा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न फिक्कल अस्पतालमा मेडिकल अफिसरको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४.२ स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिको ज्ञान, सीप तथा पेशागत क्षमता अभिवृद्धिका लागि समयसापेक्ष पेशागत क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।<br>४.३ महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकास तथा प्रोत्साहनका कार्यक्रम मार्फत सामुदायिक स्वास्थ्यमा योगदान पुऱ्याउन प्रोत्साहन गरिनेछ । |
| ५ आयुर्वेद तथा वैकल्पिक उपचार पद्धति मार्फत स्वस्थ जीवन प्रवर्द्धन गर्ने। | ५.१ नागरिक आरोग्य केन्द्रलाई सुदृढीकरण गरी पन्चकर्म, ध्यान शिरोधार्य वाफ लगायत आयुर्वेद उपचार पद्धति मार्फत आयुर्वेद सेवालाई विस्तार गरिनेछ ।<br>५.२ योग, ध्यान, साधनाको प्रवर्द्धन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरी यसको महत्व बारे चेतना विस्तार गरिनेछ ।<br>५.३ स्थानीय स्तरमा उपलब्ध जडिबुटी पहिचान र उपयोग गर्न नागरिक आरोग्य केन्द्र मार्फत आवश्यक कार्य गरिनेछ । |
| **उद्देश्य २ः पोषण सेवालाई स्वास्थ्यमा मूल प्रवाहीकरण गरी पोषण प्रवर्द्धन गर्नु।** | |
| १ गाउँपालिकामा खाद्य सुरक्षा तथा पोषण प्रवर्द्धन गर्ने । | १.१ सुन्दर फिक्कल हराभरा, अर्गानिक खाना हाम्रो आहाराको अभियान सञ्चालन गरी स्वच्छ खाद्यान्न, तरकारी, फलफुलको उपभोग प्रवर्द्धन गर्दै सन्तुलित भोजनको महत्व बारेमा ज्ञान अभिवृद्धि गरिनेछ ।<br>१.२ खोप सेवा नियमित गरी बालबालिकालाई पूर्ण खोप सुनिश्चित गरिनेछ।<br>१.३ बहु क्षेत्रीय पोषण कार्यक्रम मार्फत नवजात शिशु तथा आमा साथै बालबालिकाको पोषणमा पहुँच बढाउन कार्यक्रम सञ्चालन गरिनेछ। |
| २ पोषणमैत्री गाउँपालिका निर्माणका लागि कार्य गर्ने । | २.१ पोषणमैत्री स्थानीय शासन कायम गर्न फिक्कल गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका घोषणा गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। |

### ५.२.७. **अपेक्षित उपलब्धी**

स्तरीय पूर्वाधार तथा दक्ष स्वास्थ्यकर्मी बाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भएको हुने, सबै गाउँपालिका बासी स्वास्थ्य बीमामा आबद्ध भएका हुने, नसर्ने रोगको भार कम भएको हुने, गाउँपालिकाका साथै राजमार्ग तथा छिमेकि पालिकालाई समेत स्वास्थ्य सेवा प्रदान गर्न सक्षम हुने, आयुर्वेद उपचारको प्रवर्द्धन तथा योग साधनाको विस्तार भई दिगो स्वास्थ्य सेवा प्रवर्द्धन हुने ।

## ५.२.८. **प्रमुख कार्यक्रमहरु**

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | | |
| १ | स्वास्थ्य संस्थामा औषधि तथा आयुर्वेद औषधि खरिद तथा व्यवस्थापन | | | १०५० | १२०० | १२५० | १३०० | १४०० | **६२००** | संघ, प्रदेश, गाउँपालिका, गैसस | गाउँपालिका, स्वास्थ्य संस्था |
| २ | स्वास्थ्य संस्था अनुगमन कार्यक्रम | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | गाउँपालिका | गाउँपालिका |
| ३ | सबै नागरिकलाई बीमामा अनिर्वाय आबद्ध गर्न चेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ५ | ५०० | ५२५ | ५५० | ५७५ | ६०० | **२७५०** | गाउँपालिका | गाउँपालिका, स्वास्थ्य संस्था |
| ४ | फिक्कल अस्पतालबाट स्वास्थ्य बीमा सेवा उपलब्ध गराउने | | | २०० | २०० | २०० | २०० | २०० | **१०००** | संघिय सरकार, गाउँपालिका | फिक्कल अस्पताल |
| ५ | सुलभ फार्मेसी सञ्चालन | संख्या | १ | | ५०० | ५०० | ३०० | ३०० | **१६००** | गाउँपालिका, गैसस | फिक्कल अस्पताल |
| ६ | विद्यालय नर्स कार्यक्रम | संख्या | १५ | | ७०० | १०५० | १४०० | १७५० | **४९००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| ७ | विशेषज्ञ सेवा सहित घुम्ती स्वास्थ्य शिविर सञ्चालन | पटक | ५ | ५०० | ७०० | १००० | १३०० | १५०० | **५०००** | गाउँपालिका, गैसस, स्वास्थ्य संस्था | गाउँपालिका, गैसस, स्वास्थ्य संस्था |
| ८ | टेली-मेडीसेन सेवा सञ्चालन | संख्या | ५ | १५० | १५० | १५० | २०० | २०० | **८५०** | गाउँपालिका | स्वास्थ्य संस्था |
| ९ | फिक्कल अस्पतालमा आवश्यक औजार उपकरण तथा पूर्वाधारको व्यवस्थापन | | | ४००० | ४००० | ५००० | | | **१३०००** | संघ, प्रदेश, गाउँपालिका | फिक्कल अस्पताल, गाउँपालिका |
| १० | स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार मर्मत सम्भार तथा थप (शौचालय, खानेपानी, विद्युत, प्रतिक्षालय आदि) | संख्या | | | २००० | २५०० | ३००० | ३५०० | **११०००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका, स्वास्थ्य संस्था |
| ११ | फिक्कल अस्पतालमा दन्त रोग सेवा विस्तार | संख्या | १ | ५०० | ३००० | ३३०० | ३५०० | १००० | **११३००** | संघ, प्रदेश, गाउँपालिका | फिक्कल अस्पताल |
| १२ | फिक्कल ग्रामिण आँखा उपचार केन्द्र स्तरोन्नति | संख्या | १ | ५०० | ७०० | ८०० | ९०० | १००० | **३९००** | संघ, प्रदेश, गाउँपालिका | फिक्कल ग्रामिण आँखा |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| | | | | | | | | | | | उपचार केन्द्र, गाउँपालिका |
| १३ | गाउँपालिका भित्र सञ्चालन भईरहेका ल्याबको स्तरोन्नति | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | संघ, प्रदेश, गाउँपालिका | स्वास्थ्य संस्था |
| १४ | खाङसाङ सामुदायिक स्वास्थ्य ईकाईलाई मिनी ट्रमा सेन्टर सञ्चालन | | | ५००० | २०००० | २२००० | २५००० | २५००० | **९७०००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका, स्वास्थ्य संस्था |
| १५ | रत्नावती स्वास्थ्य चौकी र सुम्नाम पोखरी स्वास्थ्य स्तरोन्नति | संख्या | २ | ५००० | ५००० | | | | **१००००** | प्रदेश | गाउँपालिका, स्वास्थ्य संस्था |
| १६ | दुर्घटनाका विरामी, विपन्न, गर्भवती तथा सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन | | | ७०० | ७५० | ८०० | ८०० | ८०० | **३८५०** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| १७ | वर्थिङ सेन्टर स्तरोन्नति कार्यक्रम | संख्या | ५ | ५०० | ३५० | ३५० | ३५० | ३५० | **१९००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १८ | स्वास्थ्य महामारी आपतकालीन व्यवस्थापन केन्द्रको स्थापना | | | ३००० | ३००० | | | | **६०००** | संघ, प्रदेश, गाउँपालिका, गैसस | गाउँपालिका |
| १९ | आधारभूत तालिम सहित Rapid Response Team तयार तथा परिचालन | | | २५० | २५० | १०० | १०० | १०० | **८००** | गाउँपालिका, सुरक्षा निकाय, रेडक्रस | गाउँपालिका, रेडक्रस |
| २० | गर्भवतीलाई यातायात तथा पोषण खर्च | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका, स्वास्थ्य संस्था |
| २१ | सुरक्षित मातृत्व सम्बन्धी कार्यक्रम | | | ८००० | १२०० | १२०० | १२०० | ५०० | **१२१००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका, स्वास्थ्य संस्था |
| २२ | बाल स्वास्थ्य सम्बन्धी कार्यक्रम | | | ५०० | १००० | १००० | १००० | १००० | **४५००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका, स्वास्थ्य संस्था |

| क्र.सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| २३ | किशोर किशोरीलाई यौन स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा | | | १५० | १५० | १५० | १५० | १५० | **७५०** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका, स्वास्थ्य संस्था |
| २४ | महिलाको आङ खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर लगायतका रोगहरुको निःशुल्क स्क्रिनीङ | | | ८०० | ९०० | १००० | १२०० | १२०० | **५१००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका, स्वास्थ्य संस्था |
| २५ | पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपीभी भ्याक्सिन कार्यक्रम | | | ९०० | १००० | ११०० | ११०० | ११०० | **५२००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका, स्वास्थ्य संस्था |
| २६ | ७० वर्ष माथिका ज्येष्ठ नागरिकलाई निःशुल्क दाँत राख्ने कार्यक्रम | संख्या | ७५ | २५० | २७५ | ३०० | ३०० | ३०० | **१४२५** | गाउँपालिका | गाउँपालिका, स्वास्थ्य संस्था |
| २७ | विपन्न, दलित, अपाङ्ग, ज्येष्ठ नागरिक, सीमान्तकृत तथा लोपोन्मुख परिवार, अभिभावक बिहिन बालबालिका तथा | | | २५०० | २६०० | २८०० | १००० | १००० | **९९००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका, |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | | |
| | महिला स्वास्थ्य स्वयंसेविकालाई स्वास्थ्य बीमा सहयोग कार्यक्रम | | | | | | | | | | स्वास्थ्य संस्था |
| २८ | जटिल रोगबाट ग्रसित, अपाङ्गता भएका तथा ज्येष्ठ नगरिकलाई घरैमा स्वास्थ्य सेवा तथा औषधि वितरण | पटक | ५ | १००० | १२०० | १५०० | १५०० | १५०० | **६७००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका, स्वास्थ्य संस्था |
| २९ | फिक्कल अस्पताल तथा स्वास्थ्य चौकीबाट मानसिक स्वास्थ्य परामर्श सेवा वितरण | | | ५०० | ६०० | ६२५ | ६५० | ६५० | **३०२५** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका, स्वास्थ्य संस्था |
| ३० | कडा रोग लागेका विरामीलाई उपचारका लागि स्वास्थ्य सहायता कार्यक्रम | पटक | निरन्तर | २०० | २५० | २५० | २५० | २५० | **१२००** | गाउँपालिका, निजी क्षेत्र | गाउँपालिका |
| ३१ | निःशुल्क सरुवा तथा दीर्घ रोग स्क्रिनीङ कार्यक्रम | पटक | निरन्तर | ७०० | ७०० | ७०० | ७०० | ७०० | **३५००** | गाउँपालिका, निजी क्षेत्र | गाउँपालिका |
| ३२ | दीर्घरोग तथा नसर्ने रोगहरू न्यूनीकरण गर्न सन्तुलित भोजन र नियमित शारीरिक व्यायाम | संख्या | ५ | ३८० | ३८० | ३८० | ३८० | ३८० | **१९००** | गाउँपालिका, निजी क्षेत्र,गै.स.स | गाउँपालिका, स्वास्थ्य शाखा |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| | (Balanced diet & Exercise) बारे जनचेतनामूलक कार्यक्रम सञ्चालन | | | | | | | | | | |
| ३३ | रेबिज विरुद्धको खोप कार्यक्रम | | | १०० | १५० | १५० | १५० | १५० | ७०० | संघ | संघ, स्वास्थ्य संस्था |
| ३४ | क्षयरोग, कुष्ठ रोग, हातीपाईले, फिस्टुला, मानसिक रोगको पहिचान तथा बिरामीलाई सुलभ औषधी वितरण | पटक | निरन्तर | १२०० | १३०० | १३०० | १३०० | १३०० | ६४०० | गाउँपालिका, निजी क्षेत्र | गाउँपालिका, जनस्वास्थ्य शाखा |
| ३५ | अटिजम, अनुवांशिक स्वास्थ्य समस्या, मानसिक स्वास्थ्य समस्या, स्पाईनल ईन्जरी भएका बिरामीलाई पुनर्स्थापनात्मक स्वास्थ्य कार्यक्रम | | | २००० | २००० | २२०० | २२०० | २३०० | १०७०० | संघ, प्रदेश | संघ, प्रदेश, गाउँपालिका |
| ३६ | फिक्कल अस्पतालमा मेडिकल अफिसर थप गर्ने | संख्या | १ | ६५० | ६५५ | ८०० | ८०० | ८०० | ३७०५ | संघ, गाउँपालिका | गाउँपालिका, फिक्कल अस्पताल |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| ३७ | स्वास्थ्यकर्मीलाई समय सापेक्ष पेशागत क्षमता विकास तालिम सञ्चालन | संख्या | ६० | ५०० | ५२५ | ५५० | ५७५ | ६०० | **२७५०** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| ३८ | स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धी तालिम | पटक | ५ | ५०० | ५२५ | ५५० | ५७५ | ६०० | **२७५०** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| ३९ | महिला स्वास्थ्य स्वयम सेविकाको क्षमता विकास तालिम | संख्या | सबै | २०० | २०० | २०० | 200 | २०० | **१०००** | प्रदेश, गाउँपालिका | गाउँपालिका |
| ४० | नागरिक आरोग्य सेवा केन्द्रमा आवश्यक औजार उपकरणको व्यवस्था | | | ७०० | ८०० | १००० | २०० | २०० | **२९००** | प्रदेश, गाउँपालिका | प्रदेश, गाउँपालिका |
| ४१ | आयुर्वेद पन्चकर्म, शिरोधार्य, वाफ आदि सेवा विस्तार | | | ५०० | १००० | १००० | १००० | १००० | **४५००** | प्रदेश, गाउँपालिका | प्रदेश, गाउँपालिका |
| ४२ | सबै स्वास्थ्य संस्थामा हप्तामा एक दिन आयुर्वेद स्वास्थ्य उपचार सञ्चालन | | | १९० | १९० | १९० | १९० | १९० | **९५०** | गाउँपालिका, निजी क्षेत्र, गै.स.स | गाउँपालिका, स्वास्थ्य शाखा, गै.स.स |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| ४३ | आयुर्वेदिक स्वास्थ्य शिविर सञ्चालन | पटक | १ | | १०० | १०० | १०० | १०० | ४०० | गाउँपालिका, प्रदेश | गाउँपालिका, आयुर्वेद औषधालय |
| ४४ | गाउँपालिकामा योगाभ्यासलाई अभियानको रूपमा सञ्चालन गर्ने | | | २०० | २२५ | २५० | २५० | २५० | ११७५ | गाउँपालिका, निजी क्षेत्र, गै.स.स | गाउँपालिका, स्वास्थ्य शाखा |
| ४५ | योग, ध्यान, साधना केन्द्र निर्माण तथा सञ्चालन | संख्या | १० | ५०० | ५५० | ५५० | ५५० | ५५० | २७०० | प्रदेश, गाउँपालिका, समुदाय ,गै.स.स | गाउँपालिका, टोल विकास संस्था |
| ४६ | प्रत्येक वडामा सामुदायिक व्यायामशाला विस्तार | संख्या | ६ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | प्रदेश, गाउँपालिका, समुदाय, गैसस | गाउँपालिका, टोल विकास संस्था |
| ४७ | विद्यार्थीका माध्यमबाट योग अभ्यास सम्बन्धी चेतना फैलाउन विद्यालयमा | संख्या | १५ | | ३०० | ३०० | ३०० | ३०० | १२०० | गाउँपालिका, निजी क्षेत्र | गाउँपालिका, विद्यालय |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | | |
| | सह क्रियाकलापका रुपमा नियमित योगाभ्यास गराउने | | | | | | | | | | |
| ४८ | औषधीजन्य जडीबुटी, खनिजको पहिचान | पटक | ५ | १०० | २०० | २०० | २०० | २०० | ८०० | गाउँपालिका, गै.स.स | गाउँपालिका, स्वास्थ्य शाखा |
| ४९ | पहिचान गरिएका औषधीजन्य जडीबुटी, खनिज संरक्षण तथा प्रयोग | | | | ३८० | ३८० | ३८० | ३८० | १५२० | गाउँपालिका, गै.स.स | गाउँपालिका, स्वास्थ्य शाखा |
| ५० | सन्तुलित भोजन बारे चेतानामूलक कार्यक्रम | पटक | ५ | ८० | ९० | १०० | १०० | १०० | ४७० | गाउँपालिका, गैसस | गैसस |
| ५१ | जंक फुड प्रयोग निरुत्साहित तथा स्वच्छ र अर्ग्यानिक खाद्यान्न, तरकारी, फलफुलको उपभोग प्रवर्द्धन | पटक | ५ | १०० | १५० | २०० | ३०० | ५०० | १२५० | गाउँपालिका, गैसस | गैसस |
| ५२ | विद्यालयमा प्याकेजिङ खाना (Junk Food) नियन्त्रण र पोषिलो खाजा सम्बन्धी विद्यालय तथा | संख्या | | २०० | २०० | २०० | ३०० | ३०० | १२०० | गाउँपालिका, निजी क्षेत्र, गै.स.स | गाउँपालिका, स्वास्थ्य |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| | अभिभावकसँग संयुक्त छलफल कार्यक्रम | | | | | | | | | | शाखा, गै.स.स |
| ५३ | जुम्ल्याहा तिम्ल्याहा बालबालिकालाई पोषण भत्ता कार्यक्रम | | | ५० | ८० | १२० | १६० | २०० | ६१० | प्रदेश, गाउँपालिका | गाउँपालिका |
| ५४ | पूर्ण खोप सुनिश्चितता गाउँपालिका घोषणा कार्यक्रम | | | ५०० | ८०० | ८०० | | | २१०० | | |
| ५५ | बहु क्षेत्रिय पोषण कार्यक्रम सञ्चालन | संख्या | ३८ | ५५० | ६५० | ७७० | ८८० | ९०० | ३७५० | गाउँपालिका, निजी क्षेत्र, गै.स.स | गाउँपालिका, स्वास्थ्य शाखा, गै.स.स |
| ५६ | पोषण मैत्री स्वास्थ्य संस्था कार्यक्रम | संख्या | | ५०० | ५५० | ६०० | ६५० | ७०० | ३००० | संघ, गाउँपालिका | गाउँपालिका, स्वास्थ्य संस्था |
| ५७ | पोषण मैत्री गाउँपालिका घोषणा कार्यक्रम | | | १००० | १५०० | १६०० | १७०० | २००० | ७८०० | | |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| ५८ | प्रत्येक वडामा एक पोषणमैत्री गाउँ घोषणा कार्यक्रम | संख्या | ६ | ६५० | ७०० | ७५० | ७५० | ७५० | **३६००** | | |
| ५९ | विद्यालय र समुदायमा आधारित पोषण प्रवर्द्धन कार्यक्रम | | | ३५० | ५०० | ५५० | ४०० | ४५० | **२२५०** | संघ, गाउँपालिका | संघ, प्रदेश, गाउँपालिका |
| | **जम्मा बजेट** | | | **५०७५०** | **६९३००** | **६७६६५** | **६४२६५** | **६३१५०** | **३१५०३०** | | |

## ५.२.९. **नतिजा खाका**

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| प्रभाव | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७२.४ | ७२.९ | राष्ट्रिय जनगणना | २.१ | ३ |
| असर | मातृमुत्यु दर (प्रत्येक १ लाख जीवित जन्ममा) | संख्या | १५१ | ८० | राष्ट्रिय जनगणना | २.१ | ३ |
| | ५ वर्ष मुनीको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | संख्या | ३३ | २२ | राष्ट्रिय जनगणना | २.१ | ३ |
| प्रतिफल | आधा घण्टाको दुरीमा आधारभूत स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ७० | ९५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.१ | ३ |
| | पूर्ण खोप प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.१ | ३ |
| | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिलाको संख्या बढ्ने | प्रतिशत | - | १०० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.१ | ३ |
| प्रतिफल | प्रसुति पूर्व ८ पटक अस्पतालमा स्वास्थ्य जांच गराउने हिलाको संख्या बढ्ने | प्रतिशत | | १०० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.१ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्वास्थ्यकर्मी जनसंख्या अनुपात प्रति स्वास्थ्यकर्मी | संख्या | ४८२ | ४०० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.१ | ३ |
| | स्वास्थ्य वीमा गर्ने परिवार संख्या | प्रतिशत | - | ९० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.१ | ३ |
| | वार्षिक घुम्ती /स्वास्थ्य शिविर | संख्या | | १० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.१ | ३ |
| | विद्यालय नर्स | संख्या | ९ | १३ | गाउँपालिकाको पार्श्वचित्र | २.१ | ३ |
| | एम्बुलेन्स सेवा | संख्या | २ | २ | गाउँपालिकाको पार्श्वचित्र | २.१ | ३ |
| | आयुर्वेदिक उपचार केन्द्र | संख्या | १ | १ | गाउँपालिकाको पार्श्वचित्र | २.१ | ३ |
| | आँखा उपचार केन्द्र | संख्या | १ | १ | गाउँपालिकाको पार्श्वचित्र | २.१ | ३ |
| | सुविधा सम्पन्न अस्पताल सञ्चालन | शैया संख्या | १० | १५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.१ | ३ |
| | गाउँघर क्लिनिकको संख्या | संख्या | १५ | १८ | गाउँपालिकाको पार्श्वचित्र | २.१ | ३ |

## ५.३. महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.३.१. **पृष्ठभूमि**

महिला, बालबालिका, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित, यौनिक तथा लैंगिक अल्पसंख्यक, तथा सीमान्तकृति तथा पिछडिएको वर्ग तथा समुदायलाई लक्षित वर्गको रुपमा पहिचान गरिएको छ । नेपालको संविधान २०७२ ले मौलिक हकको व्यवस्था गरी समानता, जातीय छुवाछुत तथा भेदभाव विरुद्धको हक, शोषण विरुद्धको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हकका लागि राज्यले विशेष व्यवस्था गर्ने प्रतिवद्धता उल्लेख गरिएको छ । दिगो विकासका लक्ष्य ५ मा लैंगिक समानता हाँसिल गर्न र सबै महिला, किशोरी र बालबालिकाको सशक्तिकरण गर्ने उल्लेख छ। साथै लक्षित समुदायको आर्थिक, सामाजिक विकास तथा सशक्तीकरण तथा समाजमा रहेका उत्पीडीत वर्ग र समुदायको हितको लागि संरक्षण संरक्षण प्रदान गरी समावेशी तथा शान्तिपूर्ण समाजको स्थापना गर्न सकिन्छ।

फिक्कल गाउँपालिकामा कुल जनसंख्याको आधा भन्दा बढी ५१.२३ % वा ८,१२३ महिलाको संख्या र लैंगिक अनुपात ९५.८६ छ भने महिला साक्षरता दर ७० % छ । महिला घरमुली भएका घरधुरी संख्या १८.४ % छ भने संख्या सम्पतिमा (घर र जग्गा) महिलाको हक भएका महिला संख्या ५.५% छन् भने कुनै पनि सम्पति नभएका महिलाको संख्या ८६.७% छ । गाउँपालिकामा १८ वर्ष भन्दा मुनिका बालबालिकाको संख्या ४०.७९% वा ६४९१ जना छन् । ६० वर्ष माथिका ज्येष्ठ नागरिकको संख्या १,६९४ वा १०.६४% छ । गाउँपालिकामा दलितको संख्या ३,०३७ वा कुल जनसंख्याको ९१.०९ % छ (राष्ट्रिय जनगणना, २०७८)। यद्यपी गाउँपालिकामा विपन्न तथा यौनिक तथा लैंगिक अल्पसंख्यकको तथ्यांक यकिन छैन ।

### ५.३.२. **समस्या तथा चुनौती**

महिला माथी हुने घरेलु तथा विभेद हट्न नसक्नु, लैंगिक तथा सामाजिक विभेद अझै कायम रहेकोआर्थिक, समाजिक, महिला सशक्तिकरणका कायक्रम प्रभावकारी नहुनु, बालबालिकालाई आवश्यकता अनुसार बाल विकासका अवसर उपलब्ध नभएको, बाल श्रम कायम रहेको, अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग सामाग्री पर्याप्त नभएको, लक्षित वर्गको लागि रोजगारी तथा स्वरोजगारीका अवसरमा कमि रहेको, लक्षित वर्गलाई उद्योग व्यवसायमा संलग्न गराउन नसकेको, ज्येष्ठ नागरिक पारिवारिक तथा समाजिक अपहेलणमा परेको, ज्येष्ठ नागरिकको अनुभव तथा सीपको उपयोग गर्न नसकिएको वा नयाँ पुस्तामा हस्तान्तरण गर्ने विशेष कार्यक्रम नभएको, दलित समुदायप्रति हुने सामाजिक विभेद कायमनै रहेको, यौनिक तथा लैंगिक अल्पसंख्यक प्रति समाजको दृष्टिकोण अझै संकुचित रहेको, विपन्न परिवार आधारभूत सेवा सुविधाबाट बन्चित हुनु परेको, किशोर किशोरीहरुको हिंसा तथा दुर्व्यवहारमा परिरहेका, सार्वजनिक पूर्वाधारहरु अपाङ्गमैत्री, ज्येष्ठ नागरिकमैत्री,

बालबालिका मैत्री हुन नसकेका, लक्षित वर्गमा चेतनाको कमि आदि यस क्षेत्रमा समस्याहरु तथा चुनौतिहरु हुन्।

### ५.३.३. सम्भावना तथा अवसर

संघ, प्रदेश, गैसस लगायत सबै निकायले लक्षित वर्गलाई प्राथमिकतामा राखेर काम गरिरहेको, सांस्कृतिक र राजनैतिक क्षेत्रमा महिलाको सहभागिता कम हुनु, गाउँपालिकामा उपलब्ध सेवा सुविधामा सबैको सहज पहुँच, हिंसामा परेका लक्षित वर्गको पुनर्स्थापना गरी पुन सहज जीवन यापनको अवसर प्रदान गर्नु, सचेतनामूलक कार्यक्रम सञ्चालन गरी सबै प्रकारमा हिंसा, दुर्व्यवहार, शोषण तथा विभेदका घटनाको अन्त्य गर्ने सबै प्रकारका लक्षित वर्गलाई सीपमूलक तालिम, प्रविधि लगायतको सहयोग गरी रोजगारी तथा स्वरोजगारीमा सहभागिता गराउनु, लक्षित वर्गले सञ्चालन गरेका उद्योग व्यवसायलाई कर छुट तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्नु, ज्येष्ठ नागरिकलाई सम्मानजनक जीवन यापनको अवसर सिर्जना गर्ने तथा उनीहरुको ज्ञान, अनुभवको तथा समाजका पुऱ्याएको योगदानको सम्मान गर्ने आदि यस क्षेत्रका सम्भावना तथा अवसरहरु हुन् ।

### ५.३.४. लक्ष्य

महिला, बालबालिका तथा लक्षित वर्गको अधिकार सुनिश्चित भई समतामूलक तथा समावेशी समाज निर्माण हुने।

### ५.३.५. उद्देश्य

१. महिला, बालबालिका तथा लक्षित वर्ग माथि हुने सबै प्रकारका विभेदको अन्त्य गर्दै समतामुलक समाज निर्माण गर्नु ।

### ५.३.६. रणनीति तथा कार्यनीति

| **उद्देश्य १ः महिला, बालबालिका तथा लक्षित वर्ग माथि हुने सबै प्रकारका विभेदको अन्त्य गर्दै समतामुलक समाज निर्माण गर्नु ।** | |
|---|---|
| १ सबै प्रकारका लैंगिक हिंसा, जातीय तथा वर्गीय भेदभावको अन्त्य गरी समतामूलक मूलक समाजको निर्माण गर्ने । | १.१ महिला, बालबालिका, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न तथा अल्पसंख्यक लगायतका लक्षित वर्गको हक अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२ हिंसा, विभेद, छुवाछुत, सामाजिक भेदभाव जस्ता घटनाको दीर्घकालिन व्यवस्थापनका लागि गाउँपालिका, सुरक्षा निकाय, समुदाय तथा सामाजिक संघ सस्थासँग समन्वय र सहकार्य गरिनेछ । |

| | |
|---|---|
| | १.३ बाल विवाह, अनमेल विवाह तथा बाल श्रम विरुद्धलाई शुन्य सहनशीलताको नीति अबलम्बन गर्ने र यसका लागि अभिभावकलाई जिम्मेवार बनाईनेछ ।<br>१.४ बाल मैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकारका सूचकहरु पुरा गरी बालमैत्री स्थानीय तह घोषणा गरिनेछ । |
| २ लक्षित वर्गको क्षमता विकासका गरी सशक्तिकरण गर्ने । | २.१ लक्षित वर्गलाई निशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन गरी रोजगारीमा सहभागी हुने अवसर सिर्जना गरिनेछ ।<br>२.२ विद्यालय तथा समुदाय स्तरमा गठन भएका बाल क्लब, बाल संजाल गठन तथा क्षमता विकास गरी गाउँपालिकाको विकास प्रक्रियामा सहभागी हुने अवसर मिलाईनेछ ।<br>२.३ लक्षित वर्गको क्षमता विकास तथा सीप विकास सम्बन्धी तालिम सञ्चालन गरी क्षमताका आधारमा रोजगारी तथा स्वरोजगारका अवसरमा प्राथमिकता दिईनेछ ।<br>२.४ लक्षित वर्गलाई जीवनोपयोगी शिक्षा प्रदान गरिनेछ । |
| ३ ज्येष्ठ नागरिकलाई सम्मानपूर्वक जीवनयापनको वातावरण सिर्जना गर्ने । | ३.१ ज्येष्ठ नागरिकलाई सहज समय व्यथित गर्न तथा अध्यात्मिक वातावरण सिर्जना गर्न ज्येष्ठ नागरिक मिलन केन्द्र, दिवा सेवा केन्द्र तथा सत्संग केन्द्रको स्थापना गर्ने तथा कोहि नहुने ज्येष्ठ नागरिकलाई आश्रय दिन वृद्धा आश्रम सञ्चालन गरिनेछ ।<br>३.२ ज्येष्ठ नागरिक विरुद्ध हुने पारिवारिक तथा सामाजिक अपहेलना तथा हिंसाको अन्त्यका लागि परिवार तथा समुदायलाई जिम्मेवार बनाईनेछ ।<br>३.३ ज्येष्ठ नागरिक तीर्थाटन, ज्येष्ट नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.४ ज्येष्ठ नागरिकको ज्ञान, सीप तथा अनुभव नयाँ पुस्तामा हस्तान्तरण कार्यक्रम गरिनेछ । |
| ४ लक्षित वर्गलाई आवश्यकताका आधारमा सामाजिक संरक्षण उपलब्ध गराउने । | ४.१ हिंसा प्रभावित लक्षित वर्ग, अभिभावक बिहिन बालबालिका अपहेलित ज्येष्ठ नागरिक, उपेक्षित वर्गको उद्धार, संरक्षण, कानुनी सहायता, जीविकोपार्जन तथा पुनर्स्थापनाका लागि सुरक्षित गृह स्थापना तथा यसका लागि छुट्टै कोषको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | ४.२ बाल अधिकारको संरक्षण गर्न बाल कल्याण अधिकारीको व्यवस्था गरिनेछ । ४.३ हिंसामा परेका महिला, अभिभावक विहिन बालबालिका, खान लाउने क्षमता नभएका विपन्न, समस्यामा रहेका लैंगिक तथा यौनिक अल्पसंख्यक लगायतको संरक्षणका लागि सामाजिक सुरक्षा सहायताको व्यवस्था गरिनेछ । ४.४ लैंगिक, जातीय तथा वर्गीय दुर्व्यबहार, हिंसा, छुवाछुतको अन्त्य गर्ने तथा आवश्यक कानुनी सहायता निशुल्क उपलब्ध गराईनेछ । ४.५ बालबालिकालाई दिदै आएको पोषण भत्तालाई निरन्तरता दिइनेछ। ४.६ गाउँपालिकामा रहेका सबै बालबालिकाको बैंक खाता खोलि भविष्यको लागि बचत गर्ने बानीको विकास गर्न विद्यालयबाट अभियान सञ्चालन गरिनेछ । |

### ५.३.७. **अपेक्षित उपलब्धीहरु**

लैगिक, जातीय वा वर्गीय समानता कायम हुने, हिंसा, शोषण, विभेदका घटनाहरु कमि आउने, लक्षित वर्गको क्षमता विकास हुने, लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तिकरण भई सम्मानजनक जीवन यापनको अवसर प्राप्त हुने ।

### ५.३.८. प्रमुख कार्यक्रमहरु

| क्र.सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १ | महिला, बालबालिका, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न तथा अल्पसंख्यक लगायतका लक्षित वर्गको हक अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम | | | ५०० | ५०० | ५५० | ५५० | ५५० | **२६५०** | संघ, प्रदेश, गैसस, दातृ निकाय, गाउँपालिका | गाउँपालिका |
| २ | उत्कृष्ट सासु बुहारी सम्मान कार्यक्रम | संख्या | १० | १०० | १०० | १२० | १२० | १५० | **५९०** | प्रदेश | गाउँपालिका |
| ३ | घरेलु हिंसा, महिला हिंसा, शोषण, छुवाछुत, सामाजिक भेदभाव जस्ता विकृति विरुद्धका दिवसीय कार्यक्रम | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | संघ, प्रदेश, गैसस, दातृ निकाय, गाउँपालिका | गाउँपालिका |
| ४ | यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको हक अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | गैसस, गाउँपालिका | गैसस, गाउँपालिका |
| ५ | बाल विवाह, अनमेल विवाहा तथा बाल श्रम विरुद्धलाई शुन्य सहनशीलताको नीति अनुरुप कार्यक्रम | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | संघ, प्रदेश, गैसस, दातृ | गैसस, गाउँपालिका |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा ) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| | | | | | | | | | | निकाय, गाउँपालिका | |
| ६ | बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम | | | ५०० | ६०० | ८०० | ८०० | ८०० | **३५००** | संघ, प्रदेश, गैसस, दातृ निकाय, गाउँपालिका | गाउँपालिका |
| ७ | लक्षित वर्गलाई निःशुल्क लोकसेवा कक्षा सञ्चालन | | | १०० | १०० | १०० | १०० | १०० | **५००** | संघ, प्रदेश, गैसस, दातृ निकाय, गाउँपालिका | गाउँपालिका |
| ८ | बाल क्लबको नेतृत्व विकास कार्यक्रम | | | ३५० | ३५० | ४०० | ४०० | ५०० | **२०००** | संघ, प्रदेश, | गैसस, गाउँपालिका |
| ९ | महिला, अपांगता भएका व्यक्ति, विपन्न, सीमान्तकृत, यौनिक तथा लैंगिक अल्पसंख्यक लगायत लक्षित वर्गलाई समसामयिक सीप विकास तालिम (मोबाइल/कम्प्युटर मर्मत, बुटिक, ड्राइभिङ आदि) | संख्या | ५० | ३५० | ३५० | ३८० | ३८० | ३८० | **१८४०** | गाउँपालिका, गै.स.स | गाउँपालिका, गै.स.स |

| क्र.सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा ) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १० | लक्षित वर्गलाई डिजिटल साक्षरता कार्यक्रम (Online billing, online banking, accounting etc) | पटक | ५ | २०० | २०० | २२५ | २२५ | २५० | **११००** | गाउँपालिका, गै.स.स | गाउँपालिका, गै.स.स |
| ११ | लक्षित वर्गले सञ्चालन गरेका उद्योग व्यवसायको विकास गर्न प्रविधि हस्तान्तरण कार्यक्रम | पटक | १० | ७०० | ७०० | ८०० | ९०० | १००० | **४१००** | गाउँपालिका, गै.स.स | गाउँपालिका, गै.स.स, उद्यमी |
| १२ | लक्षित वर्गले उत्पादन गरेका सामाग्रीहरुको पालिका र अन्य स्थानमा प्रदर्शनी कार्यक्रम | संख्या | ५० | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | प्रदेश, गाउँपालिका. निजी क्षेत्र, गै.स.स | गाउँपालिका, उद्यमी |
| १३ | विवाह, लैंगिकता, प्रजनन स्वास्थ्य सम्बन्धी किशोरीसँग नियमित अन्तरक्रिया गर्न **किशोरी संवाद कार्यक्रम सञ्चालन** | | | ५० | ५० | ५० | ८० | ८० | **३१०** | प्रदेश, गै.स.स, गाउँपालिका | गै.स.स, गाउँपालिका |
| १४ | किशोरी तथा महिलाका लागि आत्मरक्षा तालिम | संख्या | २०० | १०० | १०० | १०० | १०० | १०० | **५००** | गाउँपालिका | गाउँपालिका, प्रहरी कार्यालय |

| क्र.सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | | |
| १५ | ज्येष्ठ नागरिकलाई अध्यात्मिक वातावरण तयार गर्न सत्संग केन्द्र स्थापना | संख्या | २ | ६०० | ६०० | | | | **१२००** | प्रदेश, गैसस, दातृ निकाय, गाउँपालिका | गाउँपालिका, जनसहभागिता |
| १६ | खाङसाङ वृद्धा आश्रम व्यवस्थित गरी सञ्चालन गर्ने | संख्या | १ | १५०० | १००० | १००० | १००० | १००० | **५५००** | संघ, प्रदेश, गैसस, दातृ निकाय, गाउँपालिका | गाउँपालिका |
| १७ | ज्येष्ठ नागरिकका लागि मागमा आधारमा विभिन्न धार्मिक पुस्तक तथा बाद्य बादन सामग्री सहयोग | पटक | ५ | १०० | १०० | | | | **२००** | गाउँपालिका .निजी क्षेत्र, गै.स.स | गाउँपालिका, टोविसं ज्येष्ठ नागरिक मञ्च |
| १८ | उत्कृष्ट ज्येष्ठ नागरिक स्याहार गर्ने परिवारको सम्मान कार्यक्रम | संख्या | ५ | १०० | १०० | २०० | २०० | ३०० | **९००** | गाउँपालिका, गै.स.स | गाउँपालिका, टोल विकास संस्था |
| १९ | ८० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई पोषिलो आहार कार्यक्रम | पटक | ५ | १५०० | १६०० | १७०० | १८०० | २००० | **८६००** | गाउँपालिका | गाउँपालिका |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा ) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | | |
| २० | ज्येष्ठ नागरिकहरुलाई तीर्थाटन कार्यक्रम | पटक | ५ | १५०० | १६०० | १७०० | १७०० | १७०० | ८२०० | गाउँपालिका .निजी क्षेत्र, गै.स.स | सामाजिक विकास शाखा, गै.स.स |
| २१ | ८० वर्ष नाघेका ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | पटक | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | गाउँपालिका, गै.स.स | सामाजिक विकास शाखा, गै.स.स |
| २२ | ज्येष्ठ नागरिक र युवा पुस्ता बीच अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम | पटक | ५ | ७६० | ५०० | ५०० | ५०० | ५०० | २७६० | गाउँपालिका, निजी क्षेत्र, गै.स.स | गाउँपालिका, टोविसं, ज्येष्ठ नागरिक |
| २३ | सुरक्षित गृह स्थापना तथा सञ्चालन | संख्या | १ | | | | ३५०० | ३६०० | ७१०० | संघ, प्रदेश, गाउँपालिका, गै.स.स | संघ, प्रदेश, गाउँपालिका, गै.स.स |
| २४ | बाल कल्याण आधिकारीको व्यवस्था | संख्या | १ | | ८० | ८० | ८० | ८० | ३२० | गाउँपालिका | गाउँपालिका |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा ) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | | |
| २५ | अपाङ्गता सहायक सामाग्री सहयोग कार्यक्रम (wheelchair, Cane आदि ) | संख्या | २५ | २५० | २५० | ३०० | ३०० | ३०० | **१४००** | प्रदेश, गाउँपालिका, गै.स.स | गाउँपालिका, गै.स.स. |
| २६ | लक्षित वर्गको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम | | | ५०० | ५५० | ६०० | ६०० | ६५० | **२९००** | संघ, प्रदेश, गाउँपालिका, गै.स.स | गाउँपालिका, गै.स.स. |
| २७ | अपांगता भएका, अभिभावक विहिन बालबालिका, दलित, सीमान्तकृत, अति विपन्न यौनिक तथा लैंगिक अल्प संख्यक समुदायका जेहेन्दार विद्यार्थी उच्च शिक्षामा छात्रवृत्ति कार्यक्रम | संख्या | १५ | १५० | १५० | १५० | २०० | २०० | **८५०** | संघ, प्रदेश, गाउँपालिका गै.स.स | गाउँपालिका, शैक्षिक संस्था |
| २८ | लक्षित वर्गको क्षमताका आधारमा रोजगारीका लागि पैरवी | | | २०० | २५० | ३०० | ३०० | ३०० | **१३५०** | गाउँपालिका, निजी क्षेत्र, गै.स.स | गाउँपालिका, गै.स.स, निजी क्षेत्र, समुदाय |
| २९ | लक्षित वर्ग संरक्षण कोष स्थापना | संख्या | १ | | १००० | १००० | १००० | १००० | **४०००** | संघ, गाउँपालिका | गाउँपालिका |

| क्र.सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | | |
| ३० | लक्षित वर्गलाई कानुनी सहायता | | | १५० | १५० | १५० | १५० | १५० | ७५० | गाउँपालिका, गैसस | गाउँपालिका, गैसस |
| ३१ | बालबालिका पोषण भत्ता | | | १५० | १५० | १५० | १५० | १५० | ७५० | प्रदेश, गाउँपालिका | गाउँपालिका |
| ३२ | सबै बालबालिकाको बैंक खाता खोल्ने कार्यक्रम | | | ३०० | ३०० | | | | ६०० | गाउँपालिका | विद्यालय, समुदाय निजी बैंक |
| | **जम्मा बजेट** | | | १४४१० | १५१३० | १५०५५ | १८८३५ | १९५४० | ८२९७० | | |

## ५.३.९. नतिजा खाका

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| प्रभाव | लैङ्गिक विकास सूचकांक | सूचकांक | ०.८८५ | ०.९६७ | १६ औ राष्ट्रिय आवधिक योजना | २.२ | ५ |
| | सामाजिक सशक्तिकरण सूचकांक | सूचकांक | ०.४६ | ०.५९ | १६ औ राष्ट्रिय आवधिक योजना | २.२ | ५ |

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| असर | अपाङ्गता भएका व्यक्तिहरु मध्ये परिचय पत्र प्राप्त गर्ने | प्रतिशत | | १०० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.२ | ५ |
| | सुरक्षित तथा सम्मानजनक जीवनयापन गर्ने ज्येष्ठ नागरिक | प्रतिशत | | १०० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.२ | ५ |
| | महिला घरमूली भएको परिवार | प्रतिशत | १८.४ | ३५ | राष्ट्रिय जनगणना | २.२ | ५ |
| | जन्मदर्ता भएका बालबालिकाको संख्या | प्रतिशत | ७४ | १०० | राष्ट्रिय जनगणना | २.२ | ५ |
| | महिला हिंसा, सामाजिक विभेद तथा छुवाछुतका घटना न्यूनीकरण | प्रतिशत | | ९० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.२ | ५ |
| | सामाजिक सुरक्षामा आबद्ध ज्येष्ठ नागरिक | प्रतिशत | ९० | १०० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.२ | ५ |
| **प्रतिफल** | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको स्थापना | संख्या | ० | ६ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.२ | ५ |
| | घर जग्गा दुबैमा स्वामित्व भएका महिला | प्रतिशत | ५.५ | १५ | राष्ट्रिय जनगणना | २.२ | ५ |
| | कुनै पनि सम्पतिमा स्वामित्व नभएका महिला | प्रतिशत | ८६.७ | ७१ | राष्ट्रिय जनगणना | २.२ | ५ |
| | नीति निर्माण तहमा महिलाको सहभागिता (जनप्रतिनिधि) | प्रतिशत | ३८.०७ | ५० | गाउँपालिका कार्यपालिका | २.२ | ५ |

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| | बालमैत्री वडा घोषणा | संख्या | | ६ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.२ | ५ |
| | बाल विवाह भएका बालबालिका | संख्या | ५३ | ० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.२ | ५ |
| | किशोर किशोरीका लागि सीपमूलक तालिम (वार्षिक) | पटक | | ५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.२ | ५ |
| | वृद्ध आश्रम र अल्पकालीन सेवा केन्द्र (Safe House) स्थापना | संख्या | १ | २ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.२ | ५ |
| | १ वर्षभित्र दर्ता भएका लैंगिक हिंसाका घटनाको समाधान | प्रतिशत | | १०० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.२ | ५ |
| | बन्चीतिकरणमा परेको समुदायको क्षमता विकास कार्यक्रम | पटक | | ५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.२ | ५ |

## ५.४. युवा तथा खेलकुद

### ५.४.१. **पृष्ठभूमि**

युवा विकासका स्रोत तथा परिवर्तनका संवाहक हुन्। नेपालको संविधानमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने र युवाहरूको सर्वाङ्गीण विकास मार्फत राष्ट्र निर्माणमा सहभागी हुने उपयुक्त वातावरण तयार गर्ने नीति लिएको छ ।

फिक्कल गाउँपालिकामा १८-४० वर्ष सम्मका युवाको संख्या ५४०४ वा ३३.९% छ। कुल जनसंख्याको एक तिहाई जनसंख्या आर्थिक रुपले सक्रिय युवा शक्तिको हुनु गाउँपालिकाको विकासको दृष्टिले राम्रो हो । यद्यपी पछिल्लो समयमा युवाहरु गाउँ छोडेर सहरी क्षेत्रमा केन्द्रित हुने तथा विदेशिने क्रम बढ्दै गईरहेको छ। विशेष गरी वैदेशिक रोजगारी तथा शिक्षाका लागि युवाहरु विदेशिने क्रम बढ्दो छ ।

कुनैपनि व्यक्तिको शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलनको लागि खेलकुदको अहम भूमिका खेल्न सक्छन्। गाउँपालिकाका विभिन्न स्थानमा खेलकुद मैदानहरू निर्माण भएका छन्, यद्यपी यी मैदानहरू स्तरीय र मापदण्ड अनुसार बन्न सकेका छैनन् । गाउँपालिकाले युवा तथा खेलकुद क्षेत्रको विकासलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ ।

### ५.४.२. **समस्या तथा चुनौती**

शिक्षित युवा बेरोजगार, बढ्दो युवा दुर्व्यसनीको संख्या, युवाहरु अदक्ष कामदारको रुपमा वैदेशिक रोजगारमा जानु, युवा लक्षित विकास नीति नहुनु तथा भएका नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन नहुनु, स्रोतमा साधनको युवाको सहज पँहुच सुनिश्चत नहुनु, प्रतिभावान खेलाडीलाई क्षमता विकासका अवसर नहुनु, खेल पूर्वाधार स्तरीय नहुनु, खेल प्रशिक्षकको व्यवस्था नहुनु, युवा लक्षित जीवनोपयोगी प्राविधिक र व्यवसायिक शिक्षा सर्बसुलभ बनाउनु, युवा तथा खेलकुद क्षेत्रको विकासका लागि पर्याप्त बजेटको व्यवस्था गरी खेलकुदलाई व्यवसायिक रुपमा विकास गर्नु आदि यस क्षेत्रका समस्या तथा चुनौतिहरु हुन्।

### ५.४.३. **सम्भावना तथा अवसर**

गाउँपालिकाको कुल जनसंख्याको एक तिहाई भन्दा बढी संख्या युवाको रहेको, राजनीतिक नेतृत्व तहमा युवाहरुको सहभागिता बढ्दै जानु, विकास, निर्माण, सामाजिक परिचालन गर्ने, खेलकुद क्षेत्र व्यवसायिक बन्दै गएको, आर्थिक रुपमा सक्रिय तथा सक्षम बनाउन युवा लक्षित नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा सञ्चालन गर्नु, दीर्घकालिन योजना तर्जुमा गरी युवा तथा खेलकुद क्षेत्रको विकास गर्नु, खेल पूर्वाधार विकास तथा खेलाडीलाई प्रशिक्षणको व्यवस्था गर्ने आदि यस क्षेत्रका सम्भावना तथा अवसरहरु हुन् ।

### ५.४.४. लक्ष्य

गाउँपालिकाको सामाजिक आर्थिक विकासमा युवाको अर्थपूर्ण सहभागिता भएको हुने ।

### ५.४.५. उद्देश्य

१. युवालाई उद्यमशील, स्वरोजगार तथा स्वाबलम्बी बनाउदै विकासमा युवाको सहभागिता बढाउनु ।

२. खेलकुद क्षेत्रको समग्र विकास गर्दै खेलकुदलाई प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।

### ५.४.६. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः युवा उद्यमशीलता, स्वरोजगार तथा स्वाबलम्बी बनाउदै विकासमा युवाको सहभागिता बढाउनु।** | |
| १ युवा केन्द्रित रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्ने। | १.१ युवालाई उद्यमशीलता तर्फ अग्रसर गराउन विभिन्न निकायको सहकार्यमा मागका आधारमा दक्षता तथा सीप विकास तालिमका प्रदान गर्ने र स्वरोजगार हुन चाहने युवालाई प्रस्तावका आधारमा बिना ब्याज बीउ पूँजीको व्यवस्था गरिनेछ ।<br>१.२ परम्परागत सीप तथा व्यवसायमा युवालाई आकर्षित गर्न प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराईनेछ ।<br>१.३ युवा उद्यमशीलता तथा स्वरोजगार सिर्जना गर्न वित्तीय संस्थाहरुबाट सहुलियत ब्याजदरमा कर्जा प्रवाहका लागि पैरवी गरिनेछ । |
| २ युवाको सामाजिक तथा राजनीतिक नेतृत्व क्षमता विकास तथा परिचालन गर्ने । | २.१ युवाको राजनीति तथा सामाजिक नेतृत्व क्षमता विकास गर्दै विकासका सबै चरणमा युवा परिचालन गरिनेछ ।<br>२.२ गाउँपालिका वा गाउँपालिका बाहिर रहेर विभिन्न क्षेत्रमा सफलता प्राप्त गर्ने युवालाई सम्मान गरिनेछ ।<br>२.३ युवा क्लबलाई युवाको नेतृत्व क्षमता विकास गर्ने स्थलको रुपमा विकास गर्न औपचारिक दर्ता, सञ्चालन लगायतका विषयमा सहयोग गरिनेछ । |
| **उद्देश्य २ः खेलकुद क्षेत्रको समग्र विकास गर्दै खेलकुदलाई प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।** | |
| १ पूर्वाधार तथा सामग्रीको व्यवस्था गर्दै खेलकुद क्षेत्रको विकासमा टेवा पुऱ्याउने । | १.१ एक वडा एक आधारभूत खेल मैदानको तथा एक गाउँपालिका स्तरीय खेलमैदान निर्माण गरिनेछ ।<br>१.२ गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्न सम्भाव्यताका आधारमा गाउँपालिका स्तरीय खेल मैदान निर्माण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३ निर्माणाधीन खेल पूर्वाधारहरुको निर्माण सम्पन्न, मर्मत सम्भार तथा स्तरोन्नतीको कार्यलाई निरन्तरता दिइनेछ ।<br>१.४ माग र आवश्यकताको मूल्यांकन गरी विभिन्न विधाका खेलकुदका लागि आवश्यक खेलकुद सामग्रीको वितरण गरिनेछ ।<br>१.५ शारीरिक व्यायाम तथा स्वस्थ जीवनशैलीका लागि पायक पर्ने स्थानमा जिम हाउस, खुला व्यायामशाला निर्माण गरिनेछ । |
| २ खेलकुदको विकासका लागि विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्ने तथा सहभागि हुने अवसर सिर्जना गर्ने । | २.१ युवालाई खेलकुदमा आकर्षित गर्न अध्यक्ष फुटबल कप, उपाध्यक्ष भलिबल कप, राष्ट्रपति रनिङ शिल्ड जस्ता पालिका स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्ने साथै यस्ता खेल प्रतियोगितामा पालिकाको प्रतिनिधत्व गर्दै अन्य स्थानमा सहभागि हुन सहयोग गरिनेछ ।<br>२.२ युवा तथा बालबालिकालाई खेलकुदमा सहभागि हुने अवसर प्रदान गर्न विभिन्न विधामा वडा स्तरीय, विद्यालय स्तरीय तथा समुदाय स्तरीय खेलकुद प्रतियोगिता सञ्चालनका लागि सहयोग गरिनेछ ।<br>२.३ विद्यालय तथा समुदाबाट प्रतिभावान खेलाडीको पहिचान गरी क्षमता विकासका अवसर प्रदान गर्न खेल प्रशिक्षकको व्यवस्था गरिनेछ । |

### ५.४.७. अपेक्षित उपलब्धि

युवाहरु व्यवसायिककरण तर्फ उन्मुख भएका हुने, सुबिधा सम्पन्न पालिका स्तरीय खेल मैदान तथा एक वडा एक खेल मैदान निर्माण हुने, खेलाडीहरुलाई प्रशिक्षणको व्यवस्था भई व्यवसायिक खलाडी उत्पादन हुने, विभिन्न तहमा हुने खेल प्रतियोगितामा सहभागी भई गाउँपालिका खेलकुद क्षेत्रमा अगाडी बढेको हुने ।

## ५.४.८. **प्रमुख कार्यक्रमहरु**

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १ | स्वरोजगार हुन चाहने युवालाई प्रस्तावका आधारमा बीउ पूँजी सहयोग | जना | १० | | ७००० | ७००० | ७००० | ७००० | **२८०००** | गाउँपालिका | गाउँपालिका |
| २ | परम्परागत सीपमा आधारित पेशामा संलग्न युवालाई आधुनिक क्षमता विकास तालिम तथा आवश्यक सामग्री वितरण | संख्या | २५ | ८०० | ८०० | ९०० | ९०० | ९०० | **३५००** | संघ, प्रदेश, गैसस | गाउँपालिका, गैसस |
| ३ | युवामा नेतृत्व क्षमता विकासका लागि अभिमुखीकरण कार्यक्रम | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | **४००** | गाउँपालिका, गैसस | गाउँपालिका, गैसस |
| ४ | स्वयंसेवक युवा दल गठन | | | १०० | १०० | १०० | १०० | १०० | | गाउँपालिका, गैसस | गाउँपालिका, गैसस |
| ५ | सामाजिक दायित्व, नैतिकता, अनुशासन, दुर्व्यसनी सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ५ | ५०० | ५०० | ३०० | ३०० | ३०० | **१९००** | गाउँपालिका ,गैसस | गैसस, युवा क्लब |
| ६ | विभिन्न क्षेत्रमा सफलता प्राप्त गर्ने युवालाई सम्मान | संख्या | ५ | ५० | ५० | ५० | ५० | ५० | **२००** | गाउँपालिका | गाउँपालिका |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा ) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| ७ | युवा क्लबलाई सक्रिय बनाई परिचालन | | | ४०० | ५०० | ५५० | ६०० | ६०० | **२६५०** | प्रदेश, गाउँपालिका | गाउँपालिका |
| ८ | एक वडा एक आधारभूत खेलमैदान कार्यक्रम | संख्या | ६ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| ९ | चनौटे खेल मैदानलाई गाउँपालिका स्तरीय बहुउद्देश्यीय खेलमैदानको रुपमा स्तरोन्नति | संख्या | १ | | ३००० | ३५०० | | | **६५००** | संघ, प्रदेश | गाउँपालिका |
| १० | विभिन्न खेल मैदान मर्मत सम्भार तथा स्तरोन्नति | संख्या | ५ | ५०० | ६०० | ६०० | ७०० | ७०० | **३१००** | संघ, प्रदेश, गाउँपालिका, गैसस | गाउँपालिका |
| ११ | कबर्ड हल | संख्या | २ | २००० | | | २००० | | **४०००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| १२ | विद्यालय, युवाक्लब, बालक्लब तथा समुदायलाई खेलकुद सामग्री वितरण | | | १५०० | | | १५०० | | **३०००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| १३ | जिम हाउस स्थापना | संख्या | १ | | १००० | | १००० | | **२०००** | गाउँपालिका, समुदाय | युवा क्लब, निजी क्षेत्र |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा ) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १४ | एक वडा एक खुला व्यायामशाला स्थापना | संख्या | ६ | ५०० | ६०० | ७०० | ७०० | १४०० | **३९००** | प्रदेश, गाउँपालिका, समुदाय | गाउँपालिका, टोल विकास संस्था |
| १५ | अध्यक्ष फुटबल कप आयोजना | पटक | ५ | ५०० | ५५० | ६०० | ६५० | ६५० | **२४५०** | संघ , प्रदेश, निजी व्यवसायी, गाउँपालिका | गाउँपालिका |
| १६ | उपाध्यक्ष भलिवल कप आयोजना | पटक | ५ | ५०० | ५५० | ६०० | ६५० | ६५० | **२४५०** | संघ , प्रदेश, व्यवसायी, गाउँपालिका | गाउँपालिका |
| १७ | राष्ट्रपति रनिङ शिल्ड आयोजना | पटक | ५ | १२०० | १३०० | १४०० | १४५० | १५०० | **५६५०** | संघ , प्रदेश, व्यवसायी, गाउँपालिका | गाउँपालिका |
| १८ | रग्बी खेल प्रतियोगिता आयोजना | पटक | ५ | ३५० | ३५० | ४०० | ४०० | ४०० | **१५५०** | संघ , प्रदेश, व्यवसायी, गाउँपालिका | गाउँपालिका |
| १९ | खेलकुदको माध्यमबाट फिक्कललाई चिनाउन पालिका बाहिर हुने विभिन्न | संख्या | ५ | ८०० | ९०० | ९०० | ९०० | ९०० | **३६००** | संघ, प्रदश | गाउँपालिका |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा ) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| | खेलकुद प्रतियोगितामा सहभागगीता जनाउन सहयोग | | | | | | | | | | |
| २० | वडा स्तरीय, विद्यालय स्तरीय तथा समुदाय स्तरीय खेलकुद प्रतियोगिता सञ्चालनका | | | १००० | १००० | ११०० | ११०० | ११०० | ४३०० | संघ , प्रदेश, व्यवसायी, गाउँपालिका | गाउँपालिका |
| २१ | गाउँपालिकाका प्रतिभावान खेलाडी पहिचान तथा प्रशिक्षण | संख्या | १० | ६०० | ७०० | ८०० | ८०० | ८०० | ३१०० | गाउँपालिका | गाउँपालिका |
| २२ | खेल प्रशिक्षकको व्यवस्था | संख्या | २ | ५०० | १००० | ११०० | ११०० | ११०० | ४३०० | संघ, प्रदेश, गैसस, गाउँपालिका | संघ, प्रदेश, गैसस, गाउँपालिका |
| | **जम्मा** | | | १३९०० | २०६०० | २१७०० | २१००० | २२७५० | ९८४५० | | |

## ५.४.९. नतिजा खाका

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| प्रभाव | युवा बेरोजगार दर घटाउने | प्रतिशत | | १५ | | १.२ | ८ |
| | उद्यमशीलता र वित्तीय साक्षरता प्राप्त युवा | प्रतिशत | | ५० | | १.२ | ८ |
| | स्वयमसेवी युवा दल गठन | संख्या | ० | १ | | १.२ | ८ |
| प्रतिफल | नव प्रवर्तन केन्द्र | संख्या | ० | १ | | १.२ | ३ |
| | व्यवस्थित कवर्ड हल | संख्या | १ | ३ | | १.२ | ३ |
| | गाउँपालिका स्तरीय खेल मैदान | संख्या | ० | १ | | १.२ | ३ |
| | वडा स्तरीय खेल मैदान | संख्या | ० | ६ | | १.२ | ३ |
| | पालिकाद्वारा संचालित पालिका स्तरीय खेलकुद प्रतियोगिता | संख्या | ३ | ४ | | १.२ | ३ |
| | खेल प्रशिक्षक | संख्या | ० | २ | | १.२ | ३ |
| | खेल प्रशिक्षण केन्द्र | संख्या | ० | १ | | १.२ | ३ |

# परिच्छेद ६. भौतिक पूर्वाधार क्षेत्र

## ६.१. बस्ती विकास तथा भवन निर्माण

### ६.१.१. **पृष्ठभूमि**

फिक्कल गाउँपालिकाका सबै वडामा बस्तीहरु छरिएर रहेका छन् । साविक ६ वटा गाविस मिलेर बनेको यस गाउँपालिकाका महादेव डाँडा, दमार, ढोडेनी, ओखेनी, सिमल भञ्ज्याङ, जलजले, कमानटार, मजुवा, सुम्नामबेसी, रातमाटा, बरमथुम्की, टिपेटार, नवलपुरघाट, चनौटे, सिम्ले, मलयोटार, रमिते, थुम्काटोल, सोकुटार, झगरे, देवीटार, लप्सेडाँडा, तीनपोखरी, सोल्पा भन्ज्याङ, कल्लेरी दोभान, चौतारा, आँपटार, कल्लेरी आदि यस गाउँपालिकामा पर्ने प्रमुख बस्तीहरु हुन् ।

स्वामित्वको आधारमा हेर्दा गाउँपालिकाका ९७.६ % परिवार आफ्नै स्वामित्वको घरमा २ % भाडाको र ०.३% अन्य स्वामित्वको घरमा बसोबास गर्दछन । घरको जगको प्रकार अनुसार हेर्दा ढुंगा/ईटा र माटोको जोडाई भएको घर ८५.७ %, ढुंगा/ईटा र सिमेन्टको जोडाई भएको ११.५ %, ढलान पिल्लर भएको १.०२ % र अन्य १.०८ % छन् । घरको छानाको प्रकार अनुसार हेर्दा जस्ता/टिन/च्यादरको छाना भएको घर ८५.१ %, खर/पराल/छवालीको छाना भएको घर ६.३ %, ढुंगा/स्लेटको छाना भएको घर ४.६ % सिमेन्ट ढलान को छाना भएको घर ३.८ % र अन्य प्रकारको छाना भएका घरधुरी ०.२६ % छन् । घरको बाहिरी गारो प्रकार अनुसार घरधुरी हेर्दा ढुंगा/ईटा र माटोको जोडाई भएको घर ८८.३ %, ढुंगा/ईटा र सिमेन्टको जोडाई भएको १०.३ %, बाँसजन्य सामग्री, जस्ता/टिन/च्यादर र काठ/ फल्याकको गारो भएका घर क्रमशः ०.८ %, ०.३ % र ०.२ % छन् (राष्ट्रिय जनगणना, २०७८)।

फिक्कल गाउँपालिकामा रहेका घरको गुणस्तर अनुसार हेर्दा आफ्नो परिवारका लागि सबै भन्दा पर्याप्त स्थान भएका घरधुरी संख्या २.१ % मात्र छन्, मध्यम प्रकारका घर सबै भन्दा बढी ७६% छन् भने पर्याप्त स्थान भएका घरधुरी १७.७ % र कम से कम पर्याप्त ०.१ % छन् । गाउँपालिकामा आफ्नो परिवारका लागि अपर्याप्त स्थान भएका घरधुरी संख्या ४.१ % छन् (राष्ट्रिय जनगणना, २०७८)।

### ६.१.२. **समस्या तथा चुनौती**

छरिएर रहेको बस्ती जसले गर्दा सेवा सुबिधा तथा पूर्वाधार वितरण खर्चिलो, घरधुरीहरु भूकम्प प्रतिरोधी नभएका, नक्शा पास गर्ने प्रचलन कम रहेको, सरकारी तथा सार्वजनिक भवनहरु नै नक्शा नबनाई तथानक्शा पास नगरी निर्माण भईरहेका, जस्ता पाताको बढ्दो प्रयोग, भवन निर्माण मापदण्ड अनुरुप घर बनाउने दक्ष जनशक्ति नभएका आदि यस क्षेत्रमा प्रमुख समस्या तथा चुनौतिहरु हुन् ।

### ६.१.३. सम्भावना तथा अवसर

गाउँपालिकाको भवन निर्माण मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने, वडा केन्द्र तथा गाउँपालिका केन्द्रलाई बजार केन्द्र (नोड) को रुपमा व्यवस्थित विकास गर्न सकिने, नमुनाको रुपमा वडा नं ४ को खाङसाङमा व्यवस्थित बस्ती विकास गर्न सकिने, सार्वजनिक भवनहरु मापदण्ड बमोजिम नियमन गरी उदाहरण स्थापित गर्ने, भवन निर्माण स्वीकृति तथा नक्शा पासलाई अनिवार्य गरी करको दायरामा ल्याउने आदि यस क्षेत्रमा सम्भावना तथा अवसरहरु हुन् ।

### ६.१.४. लक्ष्य

सुन्दर तथा सुरक्षित भवन निर्माण तथा व्यवस्थित बस्ती विकास भएको हुने ।

### ६.१.५. उद्‌देश्य

१. मापदण्ड अनुरुप सुरक्षित, वातावरण मैत्री, नवीनतम प्रविधियुक्त भवन निर्माण गर्नु ।
२. एकीकृत तथा व्यवस्थित बस्ती विकास गर्नु ।

### ६.१.६. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः मापदण्ड अनुरुप सुरक्षित, वातावरण मैत्री, नवीनतम प्रविधियुक्त भवन निर्माण गर्नु।** | |
| १ भवन निर्माण मापदण्डको अनुरुप सुरक्षित भवन निर्माणलाई प्रोत्साहन गर्ने । | १.१ राष्ट्रिय भवन निर्माण सम्बन्धी मापदण्ड तथा स्थानीय परिप्रेक्ष अनुसार गाउँपालिकाको भवन निर्माण मापदण्ड तर्जुमा तथा कार्यान्वयन गर्ने तथा मापदण्ड बमोजिम नभएका सरकारी वा सार्वजनिक भवनलाई रेट्रोफिटिङ वा सबलीकरण गरी मापदण्ड अनुरुप बनाईनेछ ।<br>१.२ भवन निर्माण मापदण्ड अनुरुप नक्शा पास गरेर मात्र भवन निर्माण गर्ने नीति लिइनेछ । यसका लागि EBPS प्रयोगमा ल्याईनेछ ।<br>१.३ भवन निर्माण मापदण्ड बमोजिम नक्शा पास गरी भवन निर्माण गर्न प्रोत्साहनका लागि नक्शा पास दस्तुरमा छुटको व्यवस्था गरिनेछ ।<br>१.४ मापदण्ड बमोजिम भवन निर्माणका लागि प्राविधिक क्षमता अभिवृद्धि तथा दक्ष जनशक्ति विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.५ सार्वजनिक भवनहरु ज्येष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री, महिलामैत्री तथा बालबालिका मैत्री बनाउने तथा कलर कोड तोकिनेछ । |

| | |
|---|---|
| २ स्थानीय मौलिक शैलीका भवन निर्माण तथा स्थानीय निर्माण सामग्रीको प्रयोग गर्न प्रोत्साहन गर्ने। | २.१ सार्वजनिक तथा निजी भवन निर्माणमा स्थानीय स्तरमा उपलब्ध निर्माण सामग्रीको प्रयोगलाई प्राथमिकता दिने नीति लीइनेछ ।<br>२.२ मौलिक शैलीका घर निर्माणलाई प्रोत्साहन गर्न गाउँपालिकाले निश्चित प्रकारका घरको डिजाइन स्वीकृत गरी सिफारिस गर्ने तथा नक्शा पासमा छुट दिने लगायतका प्रोत्साहनका नीति लागु गरिनेछ ।<br>२.३ बस्ती, टोल, सडक, मार्ग, चोक, सार्वजनिक भवन, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलको नामकरण गर्दा मौलिक तथा प्राचिन नाम राखिनेछ साथै अन्य निकायले नामकरण गर्दा गाउँपालिकाबाट स्वीकृति लिनुपर्ने व्यवस्था गरिनेछ । |
| ३ वातावरण मैत्री तथा उर्जा प्रभावकारी भवन निर्माणलाई प्रोत्साहन गर्ने । | ३.१ सार्वजनिक तथा निजी भवनलाई वातावरण मैत्री तथा उर्जा प्रभावकारी बनाउन सबै सरोकारवालाहरुलाई जागरुक गरिनेछ । |
| ४ सबै नागरिकलाई सुरक्षित आवासको व्यवस्था सुनिश्चित गर्ने। | ४.१ दलित, विपन्न तथा समस्यामा रहेका घरपरिवारलाई सुरक्षित आवासको व्यवस्था गर्न विभिन्न निकाय सँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>४.२ खरको छाना विस्थापन कार्यक्रम मार्फत खरको छाना मुक्त गाउँपालिका निर्माण गरिनेछ । |
| ५ निजी तथा सार्वजनिक भवनहरुको अभिलेख तयार गर्ने । | ५.१ निजी घरहरुको अभिलेखिकरण विशेष प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>४.२ सरकारी तथा सार्वजनिक भवनहरुको विस्तृत विवरण सहित GIS प्रविधिमा अभिलेखिकरण गरिनेछ । |
| **उद्देश्य २ः एकीकृत तथा व्यवस्थित बस्ती विकास गर्नु ।** | |
| १ छरिएर रहेका तथा जोखिमयुक्त बस्तीहरुको व्यवस्थापन गरी एकीकृत बस्ती विकास गर्ने । | १.२ एकीकृत र व्यवस्थित बस्ती विकास गर्न भूउपयोग योजना वा भौतिक विकास योजना अनुरुप आवासीय क्षेत्रमा मात्र बस्ती विकास गर्ने नीति लिइनेछ ।<br>१.२ सहरी विकास विभागसँग समन्वय तथा सहकार्य गरी वडा नं ४ को खाङसाङ क्षेत्रमा व्यवस्थित तथा एकीकृत बस्ती विकासको लागि अध्ययन कार्य अगाडी बढाउन पहल गरिनेछ ।<br>१.३ अध्ययनका आधारमा एक वडा एक बजार केन्द्र (नोड) तोकी व्यवस्थित विकास गरिनेछ । |

| | |
|---|---|
| | १.४ विपद जोखिम क्षेत्रमा रहेका बस्तीको पहिचान र नक्शांकन गरी विद्युतीय रेकर्ड राख्ने र जोखिम क्षेत्रमा रहेका बस्ती व्यवस्थापनका लागि कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>१.५ व्यवस्थित बस्ती विकासका लागि भौगोलिक सूचना प्रणाली (GIS) आधारित House Numbering गर्ने र घर नम्बर वितरण गरिनेछ । |
| २ अव्यवस्थित बस्ती तथा सुकुम्बासी व्यवस्थापन गर्ने । | २.१ विभिन्न सरोकारवाला निकायसँग समन्वय गरी गाउँपालिकामा रहेका सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गरिनेछ । |

### ६.१.७. **अपेक्षित उपलब्धी**

गाउँपालिकाको भवन निर्माण मापदण्ड तर्जुमा तथा कार्यान्वयन हुने, निजी घरको नक्शा पास बढ्दै जाने, सरकारी तथा सार्वजनिक भवनहरु मापदण्ड अनुरुप हुने, स्थानीय निर्माण सामग्री तथा मौलिक बस्तुकलाको प्रयोग बढ्ने, निजी तथा सार्वजनिक घरको अभिलेखीकरण हुने, एकीकृत जग्गा विकास तथा नोडल विकास भएको हुने, सबै घरको नम्बर वितरण भएको हुने ।

### ६.१.८. **प्रमुख कार्यक्रमहरु**

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १ | भवन निर्माण मापदण्ड तर्जुमा | संख्या | १ | ५०० | | | | | **५००** | गाउँपालिका | गाउँपालिका |
| २ | मापदण्ड बमोजिम नभएका सरकारी वा सार्वजनिक भवनको रेट्रोफिटिङ कार्यक्रम | | | | ८००० | ८००० | ८००० | ८००० | **३२०००** | संघ, प्रदेश, दातृ निकाय, गाउँपालिका | संघ, प्रदेश, दातृ निकाय |
| ३ | EBPS प्रयोग गर्ने | संख्या | १ | १५०० | २०० | २०० | २०० | २०० | **२३००** | संघ | गाउँपालिका |
| ४ | Building Permit Administration System सञ्चालन सम्बन्धी कर्मचारीलाई तालिम | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | गाउँपालिका | गाउँपालिका |
| ५ | नक्शा पास सम्बन्धी चेतनामूलक तथा प्रोत्साहनका कार्यक्रम | पटक | ५ | १५० | १५० | २०० | २०० | २०० | **९००** | गाउँपालिका | गाउँपालिका |
| ६ | भवन निर्माणमा संलग्न निर्माण व्यवसायी तथा कामदारलाई मापदण्ड बमोजिम भवन निर्माण सम्बन्धी तालिम | संख्या | ५० | ३५० | ३५० | ३५० | ३५० | ३५० | **१७५०** | प्रदेश, गैसस | गाउँपालिका, गैसस |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा ) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| ७ | सार्वजनिक भवन ज्येष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री, महिलामैत्री तथा बालबालिका मैत्री बनाईनेछ | | | २०० | २०० | २०० | २०० | २०० | **१०००** | गाउँपालिका, गैसस | गाउँपालिका |
| ८ | सार्वजनिक भवन मर्मत सम्भार तथा स्तरोन्नति | | | १००० | १००० | ११०० | ११०० | ११०० | **५३००** | संघ, प्रदेश, दातृ निकाय, गाउँपालिका | गाउँपालिका |
| ९ | जोखिम स्थानमा रहेका घर व्यवस्थापन कार्यक्रम | | | ८०० | ८०० | ८०० | ८०० | ८०० | **४०००** | संघ, प्रदेश, दातृ निकाय, गाउँपालिका | गाउँपालिका |
| १० | स्थानीय निर्माण सामग्री तथा मौलिक वास्तुकला प्रोत्साहन | | | ५०० | ५५० | ६०० | ६०० | ६०० | **२८५०** | प्रदेश, गाउँपालिका, गैसस | गाउँपालिका |
| ११ | घर निर्माणमा कटिङ ढुंगा प्रयोग प्रोत्साहन गर्न मेसिन खरिदमा सहयोग | संख्या | ५ | | १००० | २००० | २००० | | **५०००** | संघ, प्रदेश, गाउँपालिका | निजी क्षेत्र |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा ) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १२ | स्थानीय निर्माण सामग्रीको प्रयोग गरी मौलिक वास्तुकला झल्कने प्रकारका घरको डीजाईंन स्वीकृत गरी सिफारिश | संख्या | ३ | | २५०० | | | | २५०० | गैसस | गाउँपालिका |
| १३ | बस्ती, टोल, सडक, मार्ग, चोक, सार्वजनिक भवन, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलको मौलिक नामकरण | | | | ७०० | | | | ७०० | गाउँपालिका | गाउँपालिका |
| १४ | सार्वजनिक तथा निजी भवनलाई वातावरण मैत्री तथा उर्जा प्रभावकारी बनाउन अभिमुखीकरण तथा प्रचार प्रसार | | | १०० | १०० | १०० | १०० | १०० | ५०० | गाउँपालिका | गाउँपालिका |
| १५ | दलित, प्रकोप पिडित, विपन्न, सीमान्तकृत परिवारलाई सुरक्षित आवास कार्यक्रम | घर संख्या | १०० | ५००० | ५००० | ५००० | | | १५००० | संघ, प्रदेश | गाउँपालिका |
| १६ | खरको छाना विस्थापन कार्यक्रम | | | ५०० | ७०० | ७०० | ५०० | ५०० | २९०० | संघ | गाउँपालिका |
| १७ | निजी घर अभिलेखीकरण कार्यक्रम | पटक | १ | ७०० | | | | | ७०० | गाउँपालिका | गाउँपालिका |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १८ | सरकारी तथा सार्वजनिक भवनहरुको विस्तृत विवरण सहित GIS प्रविधिमा अभिलेखिकरण | पटक | १ | २०० | | | | | **२००** | गाउँपालिका | गाउँपालिका |
| १९ | बस्ती विकास योजना तर्जुमा | पटक | १ | | १५०० | | | | **१५००** | संघ (DUDBC) | संघ (DUDBC) |
| २० | एकीकृत बस्ती विकासको लागि अध्ययन | पटक | १ | | १५०० | | | | **१५००** | संघ (DUDBC) | गाउँपालिका |
| २१ | एक वडा एक बजार केन्द्र (नोड) विकास | संख्या | ६ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| २२ | वडा नं ४ को खाङसाङमा एकीकृत बस्ती विकास कार्यक्रम | स्थान | १ | | ५००० | ८००० | ८००० | ८००० | **२९०००** | संघ, प्रदेश, दातृ निकाय, गाउँपालिका | गाउँपालिका |
| २३ | विपद जोखिम क्षेत्रमा रहेका बस्तीलाई व्यवस्थित गर्न कार्ययोजना तर्जुमा | पटक | १ | | १००० | | | | **१०००** | गैसस | गैसस |
| २४ | Metric Street Addressing अनुसार घर नम्बर प्लेट वितरण | | | | १००० | १००० | १००० | १००० | **४०००** | गाउँपालिका | गाउँपालिका |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा ) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| २५ | सुकुम्बासी तथा अव्यवस्थित बसोबासी व्यवस्थापन कार्यक्रम | | | | २००० | २००० | २००० | २००० | ८००० | संघ, भूमि आयोग, गाउँपालिका | |
| | **जम्मा बजेट** | | | १२६०० | ३४३५० | ३१३५० | २६१५० | २४१५० | १२८६०० | | |

## ६.१.९. नतिजा खाका

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| प्रभाव | सुरक्षित तथा प्रवर्द्धन गरिएका आवास क्षेत्र | संख्या | ० | १ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.१ | ११ |
| | आफ्नै स्वामित्वको घरमा बसोबास गर्ने परिवार | प्रतिशत | ९७.६ | ९९.५ | राष्ट्रिय जनगणना | २.१ | ११ |
| असर | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष जनशक्ति | संख्या | ० | ५० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.१ | ११ |
| | मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन | प्रतिशत | | १०० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.१ | ११ |

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| प्रतिफल | मापदण्ड अनुसार निर्माण भएका निजी आवासिय भवन | प्रतिशत | | २५ | | २.१ | ११ |
| | काठ/बाँस खम्बाको जग भएको घरमा बस्ने परिवार | प्रतिशत | १.६ | ० | राष्ट्रिय जनगणना | २.१ | ११ |
| | खर पराल छवालीको छानो भएको घरमा बसोबास गर्ने परिवार | प्रतिशत | ६.३ | ०.५ | राष्ट्रिय जनगणना | २.१ | ११ |
| | योजनाबद्ध सहरी विकास क्षेत्र | संख्या | ० | १ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.१ | ११ |
| | सहरी केन्द्र (नोड ) | संख्या | १ | ७ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.१ | ११ |

## ६.२. सडक, पुल तथा यातायात

### ६.२.१. **पृष्ठभूमि**

सडक तथा यातायात लाई पूर्वाधारको पनि पूर्वाधार मानिन्छ । सडक पूर्वाधार निर्माण, तथा स्तरोन्नति तीनै तहको सरकारको प्राथमिकतामा पर्ने विषय हो। कुनैपनि क्षेत्रको सामाजिक आर्थिक विकासका लागि सडक तथा यातायातले अहम भूमिका खेलेको हुन्छ।

सिन्धुली जिल्लामा पर्ने फिक्कल गाउँपालिकाको उत्तर तर्फ पर्ने पुष्पलाल राजमार्ग गाउँपालिकामा पर्ने प्रमुख सडक हो। पालिकामा पर्ने अन्य प्रमुख सडकहरुमा दमारचौकी -धोडेनी -गोठडाँडा-महादेवडाडँ -दोभान सडक, नवलपूर -चिसापानी (फिडर)सडक, बाहनुतिलपूङ-महादेवडाडँ तिनखन्डे सडक हुन् । यी सडकले गाउँपालिकाका अधिकांश बस्तीहरुमा पहुँच पुऱ्याउछन् । यस बाहेक अन्य स्थानीय सडक तथा पैदलमार्गहरु छन्। सहज आवागमनका लागि विभिन्न स्थानमा झोलुङ्गे पुल, पक्कि पुल, बेली ब्रिज, कल्भर्ट, काठे पुलहरू छन्। सडक पूर्वाधारको व्यवस्थित विकासका लागि हाल गाउँपालिकाले यसै आर्थिक वर्षमा यातायात गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । राजमार्गमा बाहेक वडा नं १ को केन्द्र सम्म सार्वजनिक यातायात चल्छ भने अन्य स्थानमा सार्वजनिक यातायातको व्यवस्था छैन । मोटरसाईकल, बस, बुलेरो, कार, सुमो, अटो यहाँ चल्ने प्रमुख यातायातका साधनहरु हुन् ।

### ६.२.२. **समस्या तथा चुनौती**

अधिकांश सडकहरु कच्ची तथा मापदण्ड बमोजिम नभएको, खोल तथा खोल्सिहरुमा पुल, कल्भर्ट तथा कजवे अपर्याप्त रहेको, अधिकांश सडकहरु प्राविधिक अध्ययन बिनानै निर्माण हुने गरेकोले विपदको प्रमुख कारक तत्व बनिरहेको, भिरालो भौगोलिक अवस्थाका कारण वर्षातको समयमा सबै सडकहरु विग्रने र नियमित सरसफाइमा मात्र बजेटको ठूलो हिस्सा खर्च हुने, नाला बिना सडक बन्ने गरेको, सडकका सहायक पूर्वाधार नभएको, सडक तथा यातायातमा आवश्यकता अनुसार बजेट पर्याप्त नहुनु, सडकको लगत कट्टा नभएको, गाउँपालिकामा सार्वजनिक यातायात न्यून हुनु जसले गर्दा सडक भएता पनि आवागमनमा सहज हुन नसकेको आदि यस क्षेत्रमा समस्या तथा चुनौतिहरु हुन्।

### ६.२.३. **सम्भावना तथा अवसर**

गाउँपालिकाको यातायात गुरुयोजना तर्जुमा भएको, राष्ट्रिय राजमार्ग रहेको, संघ, प्रदेश तथा गाउँपालिका तीनै तहको सरकारले यस क्षेत्रलाई प्राथमिकतामा राखेर लगानी गरिरहेको, सबै वडा र अधिकांश गाउँ बस्तीहरुमा सडक संजाल जोडिएको, गाउँपालिकाले सडक स्तरोन्नति, मर्मत, सम्भारमा नियमित गर्ने गरेको, विभिन्न स्थानमा पुल संरचना बनिरहेको, नाला सहितको सडक निर्माण गरी दिगो सडक निर्माण गर्ने, सडक निर्माणमा

बायोईन्जिनियरिङ प्रविधिको प्रयोग गरी वातावरणमैत्री पूर्वाधार तयार गर्न सकिने, यातायात गुरुयोजनाले तोकेको मापदण्ड बमोजिम सडक पूर्वाधारको निर्माण तथा स्तरोन्नति गरी गाउँपालिकाको आवागमन सहज बनाउन सकिने आदि यस क्षेत्रका सम्भावना तथा अवसरहरु हुन्।

### ६.२.४. लक्ष्य

दिगो र गुणस्तरीय सडक पूर्वाधार मार्फत नागरिकको सहज आवागमन सुनिश्चित भएको हुने ।

### ६.२.५. उद्देश्य

१. सडक पूर्वाधारको विकास, विस्तार तथा व्यवस्थापन गरी सहज आवागमनको व्यवस्था गर्नु।
२. गाउँपालिकामा यातायात सेवाको विस्तार गरी सेवा सुविधामा पहुँच विस्तार गर्नु।

### ६.२.६. रणनीति तथा कार्यनीति

| **उद्देश्य १: सडक पूर्वाधारको विकास, विस्तार तथा व्यवस्थापन गरी सहज आवागमनको व्यवस्था गर्नु ।** | |
|---|---|
| १ सडकको तहगत संरचना अनुसार सडक संजालको विकास तथा विस्तार गर्ने । | १.१ गाउँपालिका यातायात गुरुयोजना अनुरुप सडकको तहगत संरचना तथा मापदण्ड कायम गरिनेछ ।<br>१.२ तहगत संरचना अनुरुप सडक संजाललाई (network develop) जोड्न आवश्यक स्थानमा नयाँ ट्र्याक खोल्ने तथा भएका सडकको स्तरोन्नती गरी तहगत संजाल निर्माण गर्ने साथै अध्ययन प्रतिवेदन बीना सडक निर्माण तथा स्तरोन्नति नगर्ने नीति लीइनेछ ।<br>१.३ गाउँपालिकाको यातायात गुरुयोजनाले सिफारिस गरेको भन्दा अन्य स्थानमा नयाँ ट्र्याक नखोल्ने तथा गाउँपालिकाको स्वीकृति बिना कसैले ट्र्याक खोलेमा सो सडकमा गाउँपालिकाले लगानी नगर्ने नीति लिइनेछ । |
| २ सडकको पूर्वाधारको निर्माण, मर्मत सम्भार तथा स्तरोन्नती तथा व्यवस्थापन गर्ने । | २.१ संघ, प्रदेश गाउँपालिका तथा अन्य निकायको सहकार्यमा गाउँपालिका तथा वडा केन्द्रहरु जोड्ने बाटोहरु कालोपत्रे गरिनेछ ।<br>२.२ स्वास्थ्य, शिक्षा, बजार लगायतका सेवा सुविधामा पहुँच पुर्याउने प्रमुख सडक लाई बाह्रै महिना सञ्चालन गर्न सक्ने गरी सडकको सरसफाइ तथा स्तरोन्नती गरिनेछ ।<br>२.३ मापदण्ड अनुसार नभएका विद्यमान सडकहरु यातायात गुरुयोजनाले तोकेको मापदण्डमा स्तरोन्नती गर्ने । सडकको लागत अनुमानमानै मर्मत सम्भारको लागि बजेट छुट्याउने तथा सो रकम छुट्टै पूर्वाधार मर्मत सम्भार |

| | |
|---|---|
| | कोषमा जम्मा गर्दै जाने र भविष्यको मर्मत सम्भार कार्य सोहि कोषबाट हुने व्यवस्था गरिनेछ ।<br>२.४ सडक निर्माणमा गुणस्तरलाई वृद्धि गर्न गाउँपालिकामा निर्माण सामग्रीको ल्याब परिक्षणको व्यवस्था गरिनेछ ।<br>२.५ सडक निर्माण, मर्मत सम्भार तथा स्तरोन्नतीमा सडकको तहगत संरचना अनुसार उपभोक्तासँग लागत सहभागिता गरिनेछ ।<br>२.६ सडक निर्माण, मर्मत सम्भार तथा स्तरोन्नती गर्दा स्थानीय निर्माण सामग्रीको प्रयोगलाई प्राथमिकता दिने नीति अबलम्बन गरिनेछ ।<br>२.७ सडक पूर्वाधार निर्माण कार्यलाई गुणस्तरीय तथा व्यवस्थित बनाउन सडक निर्माणको सम्झौता कार्तिक मसान्तभित्र गरी सक्नुपर्ने नीति अबलम्बन गरिनेछ । |
| ३ सडकका सहायक पूर्वाधारको निर्माणलाई प्राथमिकता दिने । | ३.१ नाला बिनाको सडक निर्माण नगर्ने नीति अबलम्बन गर्दै सबै सडकमा अनिवार्य नालाको व्यवस्था गरिनेछ ।<br>३.२ सडकको संरक्षणका लागि आवश्यकता हेरी ग्याविन वाल, रिटेनिङ वाल तथा बायो ईन्जिनियरिङ प्रविधि प्रयोगमा ल्यईनेछ ।<br>३.३ गाउँपालिकाको यातायात गुरुयोजनाले सिफारिस गरेको स्थानमा मोटर पुल, कल्भर्ट, कजवे, बस स्टयान्ड, बसपार्क लगायतका पूर्वाधारको निर्माण गरिनेछ ।<br>३.४ स्थानीय आवागमनलाई सहज बनाउन झोलुंगे पुल निर्माण गरिनेछ।<br>३.५ प्रमुख सडकमा प्रतिक्षालय, ट्राफिक साईनेज, सूचना बोर्ड लगायतका सडक फर्निचर निर्माण गरिनेछ । |
| ४ ग्रामिण आवागमनलाई सहज गर्न पैदलमार्ग लाई प्राथमिकता दिने । | ४.१ चलन चल्तीमा रहेका पैदलमार्ग (गोरेटो बाटो) समुदायको सहभागितामा नियमित सरसफाइ तथा स्तरोन्नती गरिनेछ । |
| ५ सडक निर्माण मर्मत सम्भार तथा स्तरोन्नतीको गुणस्तर कायम गर्न प्राविधिकको व्यवस्था, क्षमता विकास तथा अन्य दक्ष जनशक्ति विकास गर्ने । | ५.१ वडा स्तरका निश्चित बजेट सम्मका योजनाहरु सबै प्रक्रिया वडा बाटै गर्ने गरी एक वडा एक प्राविधिकको व्यवस्था गरिनेछ ।<br>५.२ गाउँपालिकामा कार्यरत प्राविधिकको समयसापेक्ष क्षमता विकास गरिनेछ ।<br>५.३ उपभोक्ता समिति तथा सडक निर्माणमा संलग्न जनशक्तिलाई न्यूनतम प्राविधिक जानकारी दिन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: गाउँपालिकामा यातायात सेवाको विस्तार गरी सेवा सुविधामा पहुँच विस्तार गर्नु ।** | |

| | |
|---|---|
| १ गाउँपालिकामा सहज र सुरक्षित यातायातको व्यवस्था गर्न पहल गर्ने। | १.१ यातायात सञ्चालनका लागि यातायात व्यवसायी सँग समन्वय गरी सार्वजनिक रुट निर्धारण गरिनेछ । <br> १.२ प्रमुख राजमार्ग, गाउँपालिका केन्द्र वडा केन्द्र तथा प्रमुख सेवा सुबिधामा पहुँच पुग्ने गरी सवारी साधन सञ्चालन गर्न निजी क्षेत्रसँग सामान्य गरिन्छ । <br> १.३ स्थानीय स्तरमा यातायात सञ्चालन गर्ने व्यक्ति तथा संस्थालाई कर छुट तथा अन्य प्रोत्साहन दिईनेछ । |

### ६.२.७. अपेक्षित उपलब्धि

मापदण्ड बमोजिमका सडक निर्माण भई स्तरीय र व्यवस्थित सडक संजाल निर्माण हुने, सडकका सहायक पूर्वाधार पुल, बसपार्क, बसस्टप, प्रतिक्षालय, साइनेज आदि निर्माण हुने, सबै वडामा बाह्रै महिना सार्वजनिक यातायात सञ्चालन भई आवागमन सहज पहुँच पुगेको हुने हुने, सडक निर्माण गर्दा वातावरणीय पक्षलाई ध्यान दिने, सडक तथा पूर्वाधार निर्माण गर्दा बायो ईन्जिनियरिङ प्रविधिको प्रवर्द्धन हुने ।

### ६.२.८. **प्रमुख कार्यक्रमहरु**

| क्र.सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १ | यातायात गुरुयोजनाले पहिचान गरेका स्थानमा नयाँ ट्र्याक खोल्ने | | | १०००० | १०००० | १०००० | १०००० | १५००० | **५५०००** | संघ, प्रदेश, दातृ निकाय, गाउँपालिका, लागत सहभागिता | प्रदेश, दातृ निकाय, गाउँपालिका, समुदाय |
| २ | तहगत संरचना निर्माण तथा स्तरोन्नती गर्न सम्भाव्यता अध्ययन, डीपीआर, डीईडी जस्ता अध्ययन गर्ने | संख्या | ५ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | संघ, प्रदेश, दातृ निकाय, गाउँपालिका | गाउँपालिका, प्रदेश |
| ३ | सडकको तहगत संरचना निर्माण गर्न यातायात गुरुयोजनाले निर्धारण गरेको मापदण्ड अनुरुप सडकको स्तरोन्नती | | | २०००० | २०००० | २२५०० | २२५०० | २५००० | **११००००** | संघ, प्रदेश, दातृ निकाय, गाउँपालिका, लागत सहभागिता | प्रदेश, दातृ निकाय, गाउँपालिका, समुदाय |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | | |
| ४ | सडक यातायात गुरुयोजनाले सिफारिस गरेको भन्दा अन्य स्थानमा सडक निर्माण गर्न नदिन अनुगमन गर्ने | पटक | १० | ५० | ५० | ५० | ५० | ५० | **२५०** | गाउँपालिका | गाउँपालिका |
| ५ | गाउँपालिका र वडा केन्द्रहरु जोड्ने बाटोहरु कालोपत्रे | | | २०००० | २२५०० | २५००० | २५००० | ३०००० | **१२२५००** | संघ, प्रदेश, दातृ निकाय, गाउँपालिका, लागत सहभागिता | प्रदेश, दातृ निकाय, गाउँपालिका, समुदाय |
| ६ | सडकको नियमित सरसफाई तथा स्तरोन्नति | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** | संघ, प्रदेश, दातृ निकाय, गाउँपालिका, लागत सहभागिता | प्रदेश, दातृ निकाय, गाउँपालिका, समुदाय |
| ७ | पूर्वाधार मर्मत सम्भार कोष | | | ४००० | ४००० | ४००० | ४००० | ४००० | **२००००** | संघ, प्रदेश, दातृ | गाउँपालिका |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| | | | | | | | | | | निकाय, गाउँपालिका, लागत सहभागिता | |
| ८ | निर्माण सामग्रीको परिक्षण उपकरण सहित गर्न ल्याब स्थापना | | | | ३००० | ३००० | | | ६००० | संघ, प्रदेश, दातृ निकाय, गाउँपालिका, लागत सहभागिता | गाउँपालिका |
| ९ | सडक नाला निर्माण | | | २००० | २२०० | २५०० | २८०० | ३००० | १०५०० | संघ, प्रदेश, दातृ निकाय, गाउँपालिका, लागत सहभागिता | |
| १० | सडक निर्माणमा बायो ईन्जिनियरिङ प्रविधिको प्रयोग | कि.मि | १० | २००० | २००० | २००० | २००० | २००० | ८००० | संघ, प्रदेश, दातृ | |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| | | | | | | | | | | निकाय, गाउँपालिका, लागत सहभागिता | गाउँपालिका |
| ११ | पक्कि पुल निर्माण | संख्या | २ | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | **२०००००** | संघ, प्रदेश, दातृ निकाय | संघ, प्रदेश, दातृ निकाय |
| १२ | कल्भर्ट निर्माण | संख्या | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२००००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| १३ | कजवे निर्माण | संख्या | १० | ३००० | ३००० | ३००० | ३००० | ३००० | **१२०००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| १४ | जीर्ण काठे पुल मर्मत सम्भार व्यवस्थापन | संख्या | ४ | ७०० | ७२५ | ७५० | ७७५ | ८०० | **३०५०** | प्रदेश, गाउँपालिका | गाउँपालिका |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १५ | बस स्टयान्ड/ बस स्टप निर्माण | संख्या | १० | ५०० | ५२५ | ५५० | ५५० | ६०० | **२२२५** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| १६ | महादेवडाँडामा बसपार्क निर्माण | संख्या | १ | | | १५०० | ३००० | ३००० | **७५००** | संघ, गाउँपालिका, नगर विकास कोष | गाउँपालिका, नगर विकास कोष |
| १७ | झोलुंगे पुल निर्माण | संख्या | ३ | १०००० | १०००० | १०००० | | | **२००००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| १८ | यात्रु प्रतिक्षालय निर्माण | संख्या | २० | १५०० | १७०० | १८०० | २००० | २००० | **७५००** | गाउँपालिका, व्यवसायी (CSR) | व्यवसायी (CSR) |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १९ | विश्रामस्थल निर्माण | संख्या | १० | | १००० | १००० | १००० | १००० | **४०००** | गाउँपालिका, व्यवसायी | गाउँपालिका, व्यवसायी |
| २० | सडक नजिक सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन | संख्या | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१२००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| २१ | सडक नियम सम्बन्धी सूचना बोर्ड राख्ने | | | ५५० | ६०० | ६०० | ६०० | ६०० | **२४००** | संघ, प्रदेश | संघ, प्रदेश |
| २२ | सडक सुरक्षा तथा ट्राफिक नियम सम्बन्धी चेतनामूलक कार्यक्रम | पटक | **५** | १०० | १०० | १५० | १५० | १५० | **५५०** | गाउँपालिका, ट्राफिक प्रहरी | गाउँपालिका, ट्राफिक प्रहरी |
| २३ | पैदलमार्ग स्तरोन्नति तथा सरसफाई | कि.मि | २० | ८०० | ८०० | ८०० | ८०० | ८०० | **३२००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका, समुदाय |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | | |
| २४ | एक वडा एक प्राविधिक | | | | ५०० | ५०० | ५०० | ५०० | **२०००** | संघ, गाउँपालिका | संघ, गाउँपालिका |
| २५ | प्राविधिकलाई समय सापेक्ष क्षमता विकास तालिम | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२०००** | संघ, प्रदेश, गाउँपालिका | तालिम प्रदायक संस्था |
| २६ | उपभोक्ता समितिलाई न्यूनतम प्राविधिक र प्रशासनिक प्रक्रिया सम्बन्धी अभिमुखीकरण | पटक | ५ | १५० | १५० | १५० | १५० | १५० | **६००** | गाउँपालिका | गाउँपालिका |
| २७ | सार्वजनिक रुट निर्धारण तथा सार्वजनिक यातायात सञ्चालन | | | | ३०० | ३०० | ३०० | ३०० | **१२००** | गाउँपालिका | गाउँपालिका, यातायात व्यवायी |
| २८ | सार्वजनिक यातायात सञ्चालन प्रोत्साहन तथा कर छुट | | | | | ५०० | ५०० | ५०० | **१५००** | गाउँपालिका | गाउँपालिका, यातायात व्यवसायी |

| क्र.सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| २९ | सडक सौन्दर्यकरण कार्यक्रम | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २००० | गाउँपालिका, निजी व्यवसायी (CSR) | गाउँपालिका, निजी व्यवसायी (CSR) |
| | **जम्मा बजेट** | | | **१३८६५०** | **१४६४५०** | **१५३९५०** | **१४२९७५** | **१५५७५०** | **५९९१२५** | | |

### ६.२.९. नतिजा खाका

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| प्रभाव | कालोपत्रे सडकको लम्बाई | कि.मि | २६ | १७६ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ११ |
| | ग्राभेल सडकको लम्बाई | कि.मि | ० | | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ११ |
| | आरसिसि ढलान सडकको लम्बाई | कि.मि | ०.५६ | ५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ११ |

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| असर | सडक लम्बाई | कि.मि | ४७८.५२ | ५९८.२४ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ११ |
| | दिगो सुरक्षति र नियमित सडक यातायातबाट लाभान्वित जनसंख्या | प्रतिशत | | ५० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ११ |
| | सार्वजनिक रुट | संख्या | २ | ६ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ११ |
| प्रतिफल | ३० मिनेटको दुरीमा सार्वजनिक यातायातको पहुँचमा पुग्ने परिवार | प्रतिशत | | ६६ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ११ |
| | कृषि सडक लम्बाई | कि.मि | - | २० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | |
| | पक्कि पुल निर्माण | | २ | | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ११ |
| | बसपार्क संख्या | संख्या | ० | १ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ११ |
| | बस स्टप संख्या | संख्या | १ | ६ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ११ |
| | नाला सहितको सडक निर्माण | कि.मि | २० | | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ११ |
| | बायो ईन्जिनियरिङ प्रविधि प्रयोग गरि निर्माण गरिएको सडक | कि.मि | ० | १० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ११ |

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| | सडक सुरक्षा तथा ट्राफिक नियम सम्बन्धी चेतनामूलक कार्यक्रमबाट लाभान्वित जनसंख्या | प्रतिशत | | ८० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ११ |

## ६.३. खानेपानी तथा सरसफाइ

### ६.३.१. **पृष्ठभूमि**

खानेपानी तथा सरसफाइ आधारभूत मानवीय अधिकारका रुपमा स्थापित छन् । आधारभूत खानेपानी तथा सरसफाइको सुनिश्चित गर्नु सरकारको कर्तव्य हो । फिक्कल गाउँपालिकामा पर्याप्त पानीका स्रोत छन् जसको उपयोग खानेपानीको लागि गरिएको छ । गाउँपालिकामा सतही साथै लिफ्ट खानेपानी आयोजनाहरु सञ्चालनमा छन् । गाउँपालिकामा आफ्नै घर भित्र धारा भएको परिवार ६७.२% र घर परिसर बाहिर वा सार्वजनिक धाराबाट खानेपानी व्यवस्था भएका परिवार ३०.९% छन् । त्यसैगरी खानेपानीको मुख्य स्रोतको रुपमा ट्युबेल वा हातेपम्पको प्रयोग गर्ने परिवार ०.०३%, खुला ईनर वा कुवाको प्रयोग गर्ने १.७%, मूल वा धाराको प्रयोग गर्ने ०.१%, खोलाको प्रयोग गर्ने ०.५% र अन्य स्रोतको प्रयोग गर्ने परिवार ०.०३% छ (राष्ट्रिय जनगणना, २०७८) ।

फिक्कल गाउँपालिकामा फ्लस भएको (सार्वजनिक ढल) शौचालय प्रयोग गर्ने परिवार २ % मात्र छन् भने फ्लस भएको सेप्टिक ट्यांकीमा जडान भएको शौचालय प्रयोग गर्ने परिवारको संख्या ८६.६% र साधारण शौचालय प्रयोग गर्नेको संख्या १० % र शौचालय नै नभएका परिवार १.३% छन (राष्ट्रिय जनगणना, २०७८)।

### ६.३.२. **समस्या तथा चुनौती**

स्वच्छ खानेपानी तथा सरसफाइको दिगो अभ्यास स्थापित हुन नसकेको, सबै खानेपानी योजनामा शुद्धिकरणको व्यवस्था नभएको, खानेपानीको वितरण सबै क्षेत्रमा समान नभएको, ढल निकास तथा प्रयोग गरेको पानीको निकासको उचित व्यवस्था नभएको, खानेपानीको एकीकृत व्यवस्थापन नभएको, अझै पनि सरसफाइ सम्बन्धी चेतनाको कमि, केहि स्वास्थ्य संस्था तथा विद्यालयमा खानेपानी कमि, केहि विद्यालयमा छात्राका लागि छुट्टै शौचालयको व्यवस्था नभएको आदि यस क्षेत्रका समस्याहरु हुन्। एक घर एक धाराको नीति पूर्ण रुपमा कार्यान्वयन गर्नु, खानेपानी मुहानको संरक्षण तथा दिगो उपयोग गर्नु, सुरक्षित खानेपानीको नियमित र पर्याप्त आपूर्ति गर्नु, सफा र स्वच्छ सार्वजनिक शौचालयको व्यवस्था गर्नु आदि यस क्षेत्रका चुनौतिहरु हुन् ।

### ६.३.३. **सम्भावना तथा अवसर**

खानेपानी तथा सरसफाइको क्षेत्रमा संघ, प्रदेश, स्थानीय तह तथा गैससको लगानी रहेको, दिगो विकास लक्ष्यले खानेपानी तथा सरसफाइलाई प्रमुख लक्ष्य मानेको, एक घर एक धाराको नीति अनुरुप कार्य गरिरहेको, पानीका स्रोत पर्याप्त रहेको, खानेपानी तथा सरसफाइ योजना (WASH PLAN) तर्जुमा भएको, खानेपानी तथा सरसफाइका क्षेत्रमा विभिन्न गैसस तथा दातृ निकायको लगानी रहेको, खानेपानीको गुणस्तर मापन तथा शुद्धिकरण प्रविधिको

व्यवस्थापन गरी स्वच्छ तथा सुरक्षित खानेपानीको व्यवस्था गर्नु, खानेपानी तथा सरसफाइ सम्बन्धी जनचेतनाको स्तर वृद्धि भएको आदि यस क्षेत्रका सम्भावना तथा अवसरहरु हुन् ।

### ६.३.४. **लक्ष्य**

फिक्कल गाउँपालिकामा सुरक्षित, सर्वसुलभ तथा दिगो खानेपानी तथा सरसफाइको पहुँच सुनिश्चित हुने ।

### ६.३.५. **उद्‌देश्य**

१. सबै घरधुरीमा सुरक्षित, भरपर्दो र दिगो खानेपानी सेवा पुऱ्याउनु ।

२. स्वच्छ र सफा गाउँपालिका बनाउनु ।

### ६.३.६. **रणनीति तथा कार्यनीति**

| **उद्देश्य १: सबै घरधुरीमा सुरक्षित, भरपर्दो र दिगो खानेपानी सेवा पुऱ्याउनु ।** | |
|---|---|
| १ खानेपानीको आपूर्ति र व्यवस्थापनलाई नियमन गर्न आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गर्ने । | १.१ खानेपानी तथा सरसफाइ व्यवस्थापनका लागि आवश्यक स्थानीय कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>१.२ गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) नियमित अद्यावधिक गरी कार्यान्वयन गरिनेछ ।<br>१.३ खानेपानी तथा सरसफाइ विषय हेर्ने छुट्टै ईकाईको व्यवस्था गर्ने र सबै उपभोक्ता समिति ईकाईका मातथा हुने व्यवस्था गरिनेछ ।<br>१.४ खानेपानी उपभोक्ता समितिको क्षमता विकास गरी परिचालन गरिनेछ । |
| २ सुरक्षित खानेपानीको नियमित र पर्याप्त आपूर्तिको व्यवस्था गर्ने । | २.१ एक घर एक धाराको नीति अबलम्बन गरिनेछ ।<br>२.२ सबै खानेपानी योजनामा शुद्धिकरणको अनिवार्य व्यवस्था गरिनेछ।<br>२.३ नियमित र व्यवस्थित खानेपानीका लागि पूर्वाधार निर्माण, मर्मत सम्भार तथा स्तरोन्नति गरिनेछ ।<br>२.४ पर्यटकीय स्थल, विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय लगायत सबै सार्वजनिक स्थलमा खानेपानीको व्यवस्था गर्न सार्वजनिक धाराको व्यवस्था गरिनेछ ।<br>२.५ खानेपानीको मुहान नभएर खानेपानीको अभाव भएका स्थानमा आकाशे पानी संकलन गरी खानेपानीको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| ३ प्राकृतिक पानीका मुहानको संरक्षण गर्ने । | ३.१ पानीका प्राकृतिक मूल संरक्षण गर्न तथा मूल सुक्न नदिन वृक्षारोपण तथा रिचार्ज पोखरी निर्माण गर्ने साथै सबैलाई सचेत गराईनेछ । |
| **उद्देश्य २ः गाउँपालिका स्वच्छ र सफा बनाउनु ।** | |
| १ स्वच्छ तथा सफा गाउँपालिका अभियान सञ्चालन गर्ने । | १.१ गाउँपालिका भित्रका सबै घरधुरी, विद्यालय तथा स्वस्थ संस्थामा सरसफाइ तथा स्वच्छताका कार्यक्रम सञ्चालन गरी स्वच्छ र सफा फिक्कल बनाईनेछ ।<br>१.२ गाउँपालिकाको WASH Plan अनुसार सरसफाइ तथा स्वाच्छताका प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.३ वातावरणीय, व्यक्तिगत तथा संस्थागत सरसफाइमा आमुल परिवर्तन ल्याउन सचेतनामूलक कार्यक्रम तथा आवश्यक सामग्रीको व्यवस्था गरिनेछ ।<br>१.४ सबै घरधुरीमा अनिवार्य शौचालयको व्यवस्था गरिनेछ र संस्थागत शौचालय व्यवस्थित र सफा राख्ने व्यवस्था गरिनेछ ।<br>१.५ राजमार्ग, गाउँकार्यपालिकाको कार्यालय तथा अन्य आवश्यक स्थानमा सार्वजनिक शौचालय निर्माण गरिनेछ । |

### ६.३.७. **अपेक्षित उपलब्धी**

एक घर एक धाराको नीति कार्यान्वयन हुने, खानेपानीका स्रोत संरक्षण र मुहान नभएका ठाउमा वैकल्पिक स्रोतको अबलम्बन गरी खानेपानी आपूर्ति नियमित हुने, आवश्यक पूर्वाधार तयार भई स्वच्छ खानेपानी आपूर्ति नियमित हुने, सरसफाइका बिभिन्न कार्यक्रम कार्यान्वयन भई सरसफाइमा स्थानीय जागरुक भएका हुने ।

### ६.३.८. **प्रमुख कार्यक्रमहरु**

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | | |
| १ | खानेपानी तथा सरसफाई सम्बन्धी स्थानीय कानुन निर्माण | संख्या | ३ | १०० | | | | | १०० | गाउँपालिका | गाउँपालिका |
| २ | गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan) अद्यावधिक | संख्या | १ | | ५०० | | | ५०० | १००० | प्रदेश, गाउँपालिका | गाउँपालिका |
| ३ | खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी एकीकृत क्षेत्रगत सूचना प्रणाली "NWASH-MIS" विकास गरी तथ्यांक व्यवस्थापन | पटक | १ | | ५०० | ५०० | ५०० | ५०० | २००० | खानेपानी तथा ढल व्यवस्थापन विभाग, गाउँपालिका | खानेपानी तथा ढल व्यवस्थापन विभाग, गाउँपालिका |
| ४ | गाउँपालिका अन्तर्गत खानेपानी इकाई गठन | | | २०० | | | | | २०० | गाउँपालिका | गाउँपालिका |
| ५ | उपभोक्ता समितिको क्षमता विकास | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | प्रदेश, गैसस | गाउँपालिका |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| ६ | खानेपानी व्यवस्थापनमा उत्कृष्ट खानेपानी व्यवस्थापन समितिलाई पुरस्कृत तथा सहयोग | | | ७० | ७० | ७० | ७० | ७० | **३५०** | गाउँपालिका | गाउँपालिका |
| ७ | एक घर एक धारा कार्यक्रम | | | ६००० | ६००० | ६००० | | | **१८०००** | संघ, प्रदेश, गैसस | गाउँपालिका, गैसस |
| ८ | खानेपानी योजनामा सुद्धिकरण ट्यांकी निर्माण | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | **१२५००** | संघ, प्रदेश, गैसस | गाउँपालिका, गैसस |
| ९ | खानेपानी पूर्वाधार मर्मत सम्भार तथा स्तरोन्नति कार्यक्रम | | | ४००० | ४००० | ४००० | ४००० | ४००० | **२००००** | संघ, प्रदेश, गैसस, गाउँपालिका | संघ, प्रदेश, गैसस, गाउँपालिका |
| १० | पर्यटकीय स्थल, विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय लगायत सार्वजनिक स्थलमा सार्वजनिक धारा | संख्या | १५ | ३०० | ३२५ | ३५० | ३७५ | ४०० | **१७५०** | संघ, प्रदेश, गैसस, गाउँपालिका | संघ, प्रदेश, गैसस, गाउँपालिका |
| ११ | पानीको मुल नजिक नभएका घरधुरीमा आकाशे पानी संकलन तथा शुद्धिकरण कार्यक्रम | संख्या | १० | ६०० | ६०० | ७०० | ७०० | ८०० | **३४००** | गाउँपालिका, गैसस | गाउँपालिका, गैसस |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १२ | आवश्यक स्थानमा लिफ्ट खानेपानी योजना सञ्चालन | संख्या | २ | | २०००० | २०००० | ३०००० | ४०००० | **११००००** | संघ, नगर विकास कोष, गाउँपालिका | नगर विकास कोष, गाउँपालिका |
| १३ | पानीका मूल संरक्षणका लागि रिचार्ज पोखरी निर्माण | संख्या | ६ | ३०० | ६०० | ६०० | ३०० | | **१८००** | गाउँपालिका, गैसस | गाउँपालिका, गैसस |
| १४ | विद्यमान मूल संरक्षण | | | १५० | १५० | १५० | १५० | १५० | **७५०** | गाउँपालिका | गाउँपालिका |
| १५ | सफा फिक्कल कार्यक्रम सञ्चालन | | | ३००० | ३००० | ३००० | ३००० | ३००० | **१५०००** | संघ, प्रदेश, गैसस, गाउँपालिका | संघ, प्रदेश, गैसस, गाउँपालिका |
| १६ | खानेपानी तथा सरसफाई सम्बन्धी सचेतनामूलक कार्यक्रम | | | २०० | २०० | २०० | २०० | २०० | **१०००** | गाउँपालिका, गैसस | गाउँपालिका, गैसस |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | | |
| १७ | शौचालय नभएका विपन्न तथा दलित परिवारलाई शौचालय निर्माणमा सहयोग | संख्या | ४० | १५० | १५० | १५० | २०० | | ६५० | गाउँपालिका, गैसस | गाउँपालिका, गैसस |
| १८ | सार्वजनिक शौचालय निर्माण | संख्या | ४ | | ७०० | ७०० | ८०० | ८०० | ३००० | गाउँपालिका | गाउँपालिका |
| | **जम्मा बजेट** | | | १८०७० | ३९७९५ | ३९४२० | ४३२९५ | ५३४२० | १९४००० | | |

### ६.३.९. नतिजा खाका

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| प्रभाव | आफ्नो घर कम्पाउण्डमा स्वच्छ खानेपानी प्राप्त गर्ने परिवार | प्रतिशत | ६७.२ | १०० | राष्ट्रिय जनगणना | १.३ | ६ |
| | फ्लस भएको शौचालय प्रयोग गर्ने परिवार | प्रतिशत | ८६.६ | ९८ | राष्ट्रिय जनगणना | १.३ | ६ |
| असर | सार्वजनिक धारा प्रयोग गर्ने परिवार | प्रतिशत | ३०.१ | ५ | राष्ट्रिय जनगणना | १.३ | ६ |

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| | खोला खुला कुवा/ईनारबाट असुरक्षित पानी प्रयोग गर्ने परिवार | प्रतिशत | २.२ | .५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ६ |
| प्रतिफल | लिफ्ट खानेपानी योजना | प्रतिशत | | २ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ६ |
| | फ्लस भएको सार्वजनिक ढल जोडिएको शौचालय प्रयोग गर्ने परिवार | प्रतिशत | २ | १० | राष्ट्रिय जनगणना | १.३ | ६ |
| | शौचालय नभएका परिवार | प्रतिशत | १.३ | ० | राष्ट्रिय जनगणना | १.३ | ६ |
| | सार्वजनिक शौचालय प्रयोग गर्ने परिवार | प्रतिशत | ०.१ | ० | राष्ट्रिय जनगणना | | |
| | सार्वजनिक शौचालय | संख्या | १ | ४ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ६ |
| | सार्वजनिक स्थल सरसफाई कार्यक्रम | पटक | | ५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ६ |

## ६.४. विद्युत तथा वैकल्पिक उर्जा

### ६.४.१. **पृष्ठभूमि**

फिक्कल गाउँपालिकाका राष्ट्रिय प्रसारण लाईनको सेवा पुगेको छ भने केहि स्थानमा विस्तार भईरहेको छ। गाउँपालिकामा वाक्सु खोला, आम्बोटे, सौखोला र बाँसघरि लघु विद्युत आयोजना गरी जम्मा ४ वटा लघु विद्युत आयोजना सञ्चालन भईरहेका छन्। जसले स्थानीय स्तरमा विद्युत सेवा पुऱ्याईरहेका छन् । गाउँपालिकामा बत्ती बाल्नका लागि बिजुलीको प्रयोग गर्ने घरधुरी संख्या ८८ % छन् (गाउँपालिकाको डिजिटल प्रोफाइल, २०८२)। त्यसैगरी सोलार वा सौर्य उर्जालाई बत्ती बाल्ने प्रमुख उर्जाको स्रोतको रुपमा प्रयोग गर्ने परिवारको संख्या क्रमशः ४२.२% छ । बत्ती बाल्ने प्रमुख स्रोतको रुपमा मट्टीतेल र अन्य स्रोत प्रयोग गर्नेको संख्या ०.८ % र १.३% छ। गाउँपालिका मा खाना पकाउन दाउरा, एल.पी.ग्यास, बायोग्यास र अन्य स्रोतको प्रयोग गर्ने परिवार संख्या क्रमशः ९२.१ %, ७.७ %, ०.१ % र ०.२ % छ (राष्ट्रिय जनगणना, २०७८)। गाउँपालिकाका विभिन्न स्थानमा २५, ५० र १०० केभीए क्षताका ट्रान्सफर्मर छन् ।

### ६.४.२. **समस्या तथा चुनौती**

गाउँपालिकाको केहि वडामा अझै राष्ट्रिय प्रसारण लाईन नपुगेको, ८८ % घरधुरीमा मात्र विद्युतको पहुँच पुगेको, विद्युत पूर्वाधार ट्रान्सफर्मर, विद्युत पोल जिर्ण अवस्थामा रहेका, नाङ्गा विद्युत तारहरु रहेको, हावा हुरी तथा ठुलो पानी पर्दा विद्युत तारमा पर्ने असरले लामो समय सम्म विद्युत आपूर्ति बन्द हुनु, सडक बत्ती नभएको, प्राविधिक जनशक्तिको कमि, वैकल्पिक उर्जाको उच्चतम उपयोग गर्न नसक्नु आदि यस क्षेत्रका समस्या तथा चुनौतिहरु हुन् ।

### ६.४.३. **सम्भावना तथा अवसर**

राष्ट्रिय प्रसारण लाईनको विस्तार भईरहेको र भरपर्दो विद्युत सेवा पुऱ्याउन सकिने, उद्योग कल कारखाना सञ्चालन गर्न सकिने, सार्वजनिक स्थान तथा सडक बत्तीमा सोलार उर्जाको उपयोग गर्न सकिने, जलविद्युत उत्पादनको सम्भावना, नेपाल विद्युत प्राधिकरण सँग सहकार्य गरी राजमार्गमा चार्जिङ्ग स्टेशन राख्ने, ठूलो क्षमताको बायोग्यास प्लान्ट स्थापना गरी वैकल्पिक उर्जाको प्रवर्द्धन गर्न सकिने, सुधारियको चुलोको प्रवर्द्धन गर्ने आदि यस क्षेत्रमा  सम्भावना तथा अवसरहरु हुन् ।

### ६.४.४. **लक्ष्य**

दिगो र भरपर्दो उर्जाको नियमित आपूर्ति सुनिश्चित हुने ।

### ६.४.५. उद्‌देश्य

१. सबै वडामा राष्ट्रिय प्रसारण लाईनको विद्युत पुऱ्याई नियमित आपूर्तिको व्यवस्था गर्नु ।

२. वैकल्पिक उर्जाको प्रयोग बढाउनु ।

### ६.४.६. रणनीति तथा कार्यनीति

| | |
|---|---|
| **उद्देश्य १ः सबै वडामा राष्ट्रिय प्रसारण लाईनको विद्युत पुऱ्याई नियमित आपूर्तिको व्यवस्था गर्नु ।** | |
| १ गाउँपालिकामा नियमित विद्युत आपूर्तिको व्यवस्था गर्न समन्वय तथा सहकार्य गर्ने । | १.१ नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी गाउँपालिका भित्र विद्युतिकरण हुन बाँकि क्षेत्रमा राष्ट्रिय प्रसारण लाईनको विद्युत विस्तार गरिनेछ ।<br>१.२ हाल सञ्चालनमा रहेका लघु तथा जलविद्युतको मर्मत सम्भार तथा संस्थागत विकास गरी नियमित सुचारु हुने व्यवस्था मिलाईनेछ। |
| २ विद्युत पूर्वाधार मर्मत सम्भार तथा व्यवस्थापन गरी नियमित विद्युत आपूर्तिको व्यवस्था गर्ने । | २.१ विद्युतका पूर्वाधार मर्मत सम्भार तथा व्यवस्थापन गरिनेछ ।<br>२.२ सार्वजनिक स्थलमा बत्तिको व्यवस्था गरिनेछ ।<br>२.३ खानेपानी, सिंचाई, उद्योग जस्ता क्षेत्रमा विद्युतको पहुँच सुनिश्चित गरिनेछ । |
| **उद्देश्य २ः वैकल्पिक उर्जाको प्रयोग बढाउनु ।** | |
| १ वैकल्पिक उर्जाको दिगो र प्रभावकारी प्रयोग वृद्धि गर्ने । | १.१ विद्युत नपुगेको स्थानमा सौर्य उर्जाको विस्तार गरिनेछ ।<br>१.२ सडक बत्ति, गाउँपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा मुख्य बजार केन्द्र तथा चोकमा सोलार बत्तिको व्यवस्था गरिनेछ।<br>१.३ बायोग्यास उत्पादन तथा प्रयोगलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.४ सुधारिएको चुलोको प्रयोगलाई प्रवर्द्धन तथा सहयोग गरिनेछ।<br>१.५ स्वच्छ उर्जाको प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम तथा विद्युत तथा विद्युतीय उपकरण मर्मत सम्भार, जडान तालिम प्रदान गरिनेछ । |

### ६.४.७. अपेक्षित उपलब्धी

गाउँपालिकाका सबै स्थानमा राष्ट्रिय प्रसारण लाईनको विद्युत पुगेको हुने, वैकल्पिक उर्जाको प्रयोग बढेको हुने, स्वच्छ चुलोको प्रवर्द्धन भई प्रदुषण रहित भान्सा भएको हुने ।

## ६.४.८. प्रमुख कार्यक्रमहरु

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १ | राष्ट्रिय प्रसारण लाईनको विद्युत विस्तार कार्यक्रम | | | १०००० | १०००० | १०००० | | | **३००००** | संघ, प्रदेश, नेविप्रा | गाउँपालिका, नेविप्रा |
| २ | लघु जलविद्युतको मर्मत सम्भार तथा व्यवस्थापन | | | ५०० | ७०० | ८०० | १००० | १००० | **४०००** | संघ, प्रदेश, गाउँपालिका, गैसस | गाउँपालिका, गैसस |
| ३ | विद्युतका पूर्वाधार मर्मत सम्भार तथा व्यवस्थापन | संख्या | ५ | ५०० | ५२५ | ८०० | ९०० | १००० | **३७२५** | गाउँपालिका | गाउँपालिका, नेविप्रा |
| ४ | काठका पोल विस्थापन कार्यक्रम | संख्या | ५० | ५०० | ५०० | ५०० | १००० | १००० | **३५००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका, नेविप्रा |
| ५ | विद्यालयमा तथा स्वास्थ्य संस्थामा विद्युत सेवा पुर्याउने | संख्या | २५ | ७०० | ८०० | ८५० | ८५० | ८५० | **४०५०** | संघ, प्रदेश, | गाउँपालिका, नेविप्रा |

| क्र.सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| | | | | | | | | | | गाउँपालिका | |
| ६ | मुख्य बजार सार्वजनिक स्थलमा (पार्क, मठ मन्दिर पर्यटकीय स्थल आदि) वत्तिको व्यवस्था | संख्या | २०० | १००० | १००० | १००० | १००० | १००० | **५०००** | गाउँपालिका | गाउँपालिका, नेविप्रा |
| ७ | लघु, घरेलु तथा साना उद्योग, लिफ्ट सिंचाई तथा खानेपानीमा लाग्ने विद्युत महसुल छूटका लागि ने.वि.प्रासँग समन्वय | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | गाउँपालिका, नेविप्रा | गाउँपालिका, नेविप्रा |
| ८ | अति विपन्न परिवारलाई न्यूनतम विद्युत महसुलमा सहयोग | | | २५० | २५० | २५० | २५० | २५० | **१२५०** | गाउँपालिका | गाउँपालिका |
| ९ | बत्ती बाल्नका लागि सोलार उर्जा व्यवस्थापन कार्यक्रम | | | ५०० | ५५० | ५५० | ५५० | ५५० | **२७००** | गाउँपालिका, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र | गाउँपालिका, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र |

| क्र.सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १० | विद्यालय,वडा कार्यालय, स्वास्थ्य कार्यालय, प्रमुख चोकमा सोलार बत्तिको व्यवस्था | संख्या | १० | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | गाउँपालिका | गाउँपालिका |
| ११ | सोलार सडक बत्ती व्यवस्था | संख्या | ५० | १०० | १०० | १०० | १०० | १०० | **५००** | गाउँपालिका | नेविप्रा |
| १२ | ग्रामिण क्षेत्रका घरधुरीमा बायोग्यास प्लान्ट जडानमा सहुलियत दिने | संख्या | ५० | १००० | ११०० | १२०० | १३०० | १५०० | **६१००** | प्रदेश, गाउँपालिका, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, गैसस | गाउँपालिका, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, |
| १३ | सामुदायिक बायोग्यास उत्पादनका लागि अध्ययन तथा सञ्चालन | संख्या | १ | ५०० | १५००० | १५००० | | | **३०५००** | संघ, प्रदेश, ,दातृ निकाय | गाउँपालिका, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेटको स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १४ | सुधारिएको चुलो नमुना कार्यक्रम | | ५०० | ५०० | ८०० | ८०० | ८०० | ८०० | ३७०० | गाउँपालिका, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र | गाउँपालिका |
| १५ | स्वच्छ उर्जाको प्रयोग सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ५ | २०० | २०० | १०० | १०० | १०० | ७०० | गाउँपालिका, गैसस | गैसस |
| १६ | विद्युत जडान तथा मर्मत सम्भार सम्बन्धी Electrician तालिम सञ्चालन | संख्या | ५० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | गाउँपालिका, गैसस | गाउँपालिका , गैसस |
| १७ | बायोग्यास तथा सोलार जडान तथा मर्मत सम्बन्धी तालिम सञ्चालन | संख्या | ५० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | गाउँपालिका, गैसस | गाउँपालिका , गैसस |
| | **जम्मा बजेट** | | | १८५५० | ३३८२५ | ३४२५० | १०१५० | १०४५० | १०७२२५ | | |

### ६.४.९. **नतिजा खाका**

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| प्रभाव | राष्ट्रिय प्रसारण लाईनको विद्युत पहुँच भएका परिवार | प्रतिशत | ५५.७ | १०० | राष्ट्रिय जनगणना | १.३ | ७ |
| | खाना पकाउन स्वच्छ उर्जाको प्रयोग गर्ने परिवार संख्या | प्रतिशत | ९२.१ | ७५ | राष्ट्रिय जनगणना | १.३ | ७ |
| असर | खाना पकाउन बायो ग्यासको प्रयोग गर्नेको परिवार संख्या | प्रतिशत | ०.१ | ५ | राष्ट्रिय जनगणना | १.३ | ७ |
| प्रतिफल | बत्ती बाल्न सोलारको प्रयोग गर्नेको संख्या | प्रतिशत | ४२.२ | १० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ७ |
| | बत्ती बाल्न मट्टीतेल प्रयोग गर्नेको संख्या | प्रतिशत | ०.८ | ० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ७ |
| | सडक बत्ति | संख्या | | ५० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ७ |
| | वैकल्पिक उर्जा प्रयोग गर्ने विद्यालय | प्रतिशत | | २५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ७ |
| | वैकल्पिक उर्जा प्रयोग गर्ने स्वास्थ्य संस्था | प्रतिशत | | ७५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ७ |
| | सुधारिएको चुलो प्रयोग गर्ने परिवार | प्रतिशत | ० | ३० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | १.३ | ७ |

## ६.५. सूचना तथा संचार प्रविधि

### ६.५.१. **पृष्ठभूमि**

नेपालको संविधानले सूचनाको हकलाई सबै नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । फिक्कल गाउँपालिका सूचना तथा संचार प्रविधिमा मध्यम स्तरमा देखिन्छ । गाउँपालिकाको कुल जनसंख्या मध्ये ८६.८ % ले साधारण मोबाईल फोन, ४४.४ % ले स्मार्ट मोबाईल फोन र ०.५ % घरपरिवारले ल्याण्डलाईन प्रयोग गर्दछन । त्यसैगरी गाउँपालिकामा इन्टरनेटको पहुँच भएको परिवार ५.५ % मा छ । यद्यपी मोबाईल डाटा समेत हेर्दा यो संख्या अझ बढी छ । रेडियो र टेलिभिजनको पहुँच भएको परिवार क्रमशः ४९.५ % र १४.७ % छन् । गाउँपालिकामा यी कुनै पनि सुबिधाको पहुँच नभएका परिवार ७.५ % छन् (राष्ट्रिय जनगणना, २०७८)।

गाउँपालिका कार्यालय, वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य संस्था लगायतका सार्वजनिक कार्यालयमा इन्टरनेटको व्यवस्था छ । यद्यपी केहि विद्यालय र स्वास्थ्य संस्थामा अझै पनि इन्टरनेटको व्यवस्था हुन सकेको छैन । प्रशासन सेवालाई पारदर्शी बनाउन गाउँपालिकाका सबै काम कारबाही वेवसाईट मार्फत सार्वजनिक गर्ने गरिएको छ । गाउँपालिकाको नियमित कार्य सञ्चालनका लागि विभिन्न शाखामा सफ्टवेयरहरुको प्रयोग भईरहेको छ ।

### ६.५.२. **समस्या तथा चुनौती**

केहि स्थानमा मोबाईल टावर कमजोर रहेको । सिमित ईन्टरनेटको पहुँच रहेको, सामाजिक संजालको दुरुपयोग बढ्दै गएको, साईबर सुरक्षा सम्बन्धी चेतनामा कमी, सबै कार्यालयलाई सूचना मैत्री बनाउनु, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सूचना प्रविधिको प्रयोग हुन नसकेको, गाउँपालिकाको दैनिक क्रियाकलाप सूचना प्रविधिमैत्री बनाउनु आदि यस क्षेत्रमा पमुख समस्या तथा चुनौतिहरु हुन् ।

### ६.५.३. **सम्भावना तथा अवसर**

गाउँपालिकाका सबै क्षेत्रमा सूचना तथा संचारको व्यवस्था गरी पहुँच वृद्धि गर्ने, एफ एम तथा टेलिभिजनबाट जनतालाई सुसूचित गर्न सकिने, फिक्कल एफ एमलाई स्तरोन्नती गरी जनतालाई सुसूचित गर्ने, पालिकाबाट प्रवाह हुने सुबिधाहरु अनलाईन बाट गर्न सकिने व्यवस्था गर्ने, साइबर सुरक्षा सम्बन्धी जनतालाई सुसुचित गर्दै सामाजिक संजालको सहि सदुपयोग प्रवर्द्धन गर्ने, सबै विद्यालय, स्वास्थ्य संस्था सहकारी लगायतका क्षेत्रमा इन्टरनेटको प्रयोग बढाउने, सार्वजनिक स्थलमा फ्री वाईफाईको व्यवस्था गर्ने आदि यस क्षेत्र प्रमुख सम्भावना तथा अवसरहरु हुन् ।

### ६.५.४. **लक्ष्य**

सूचना तथा संचार प्रविधिमा सबै नागरिकको पहुँच तथा सदुपयोग सुनिश्चित हुने ।

### ६.५.५. उद्देश्य

१. सुरक्षित, भरपर्दो र गुणस्तरीय सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गर्नु ।

### ६.५.६. रणनीति तथा कार्यनीति

| **उद्देश्य १ः सुरक्षित, भरपर्दो र गुणस्तरीय सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गर्नु ।** | |
|---|---|
| १ सार्वजनिक प्रशासनमा सूचना प्रविधिको प्रयोग बढाउने । | १.१ गाउँपालिकाको डिजिटल प्रोफाईललाई निरन्तर अद्यावधिक गर्दै लाने साथै गाउँपालिका सँग भएका अन्य सूचना तथा तथ्यांकलाई डिजिटल प्रोफाईल सँग जोडी Central Data Center को विकास गरिनेछ।<br>१.२ गाउँपालिकाको आफ्नै सर्भर व्यवस्थापन गरी वडा कार्यालय र गाउँपालिका बीच इन्ट्रानेटको व्यवस्था गरिनेछ ।<br>१.३ गाउँपालिकाबाट हुने सेवा प्रवाहमा इन्टरनेटको उपयोग बढाई सेवा प्रवाहलाई छिटो छरितो तथा प्रभावकारी बनाउने साथै प्रशासन सेवा पारदर्शी बनाईनेछ । |
| २ फिक्कल गाउँपालिकालाई डिजिटल गाउँपालिकाको रुपमा विकास गर्ने । | २.१ वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था लगायत सार्वजनिक कार्यालयमा गुणस्तरीय ईन्टरनेटको व्यवस्था गरी सूचना प्रविधिको प्रयोग बढाईनेछ ।<br>२.२ सार्वजनिक स्थानमा फ्री वाईफाई जोन स्थापना गर्ने ।<br>२.३ सूचना प्रविधिको सहि सदुपयोग गर्न सचेत गराउन **डिजिटल साक्षरता** कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.४ डिजिटल नेपाल फ्रेमवर्क अन्तर्गतका कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३ आम संचार माध्यमलाई गुणस्तरीय र भरपर्दो बनाउन समन्वय तथा सहकार्य गर्ने । | ३.१ संचार सेवालाई सर्वसुलभ बनाउन नेपाल टेलिकमसँग समन्वय आवश्यक स्थानमा मोबाईल टावर राख्ने व्यवस्था गरिनेछ ।<br>३.२ गुणस्तरीय सूचना प्रवाहमा टेवा पुऱ्याउन आम संचारमाध्यमलाई सहयोग गरिनेछ । |
| ४ महत्वपूर्ण सार्वजनिक कार्यालय, सार्वजनिक स्थल, पर्यटकीय स्थलमा सिसि टिभी जडान गर्ने । | |

### ६.५.७. **अपेक्षित उपलब्धि**

गाउँपालिका र मातहतका कार्यालयमा इन्टरनेटको व्यवस्था भई सेवा प्रवाह प्रभावकारी तथा चुस्त दुरुस्त हुने, डिजिटल साक्षरताको माध्यमबाट समाजिक संजाल, आम संचार मध्यम तथा सूचना प्रविधिको सही सदुयोग भएको हुने ।

### ६.५.८. **प्रमुख कार्यक्रमहरु**

| क्र.सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १ | डिजिटल प्रोफाईललाई अद्यावधिक | पटक | २ | | | | | ८०० | **८००** | गाउँपालिका | गाउँपालिका |
| २ | गाउँपालिकाको एकीकृत सूचना व्यवस्थापन गर्न Central Data Center स्थापना | संख्या | १ | | ५०० | १००० | १००० | २०० | **२७००** | संघ, प्रदेश, दातृ निकाय | गाउँपालिका |
| ३ | गाउँपालिकाको सर्भर व्यवस्थापन | | | ३००० | २०० | २०० | २०० | २०० | **३८००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| ४ | गाउँपालिका र वडा कार्यालय बीच इन्ट्रानेट सञ्चालन | | | | ५०० | ३०० | ३०० | ३०० | **१४००** | गाउँपालिका | गाउँपालिका |
| ५ | गाउँपालिकाबाट हुने अनुगमन कार्यलाई प्रविधिमैत्री बनाउने | | | १०० | १०० | १०० | १०० | १०० | **५००** | गाउँपालिका | गाउँपालिका |
| ६ | फिक्कल न्युज साइट सञ्चालन | | | ५० | ५० | ५५ | ६० | ६० | **२७५** | गाउँपालिका | गाउँपालिका |
| ७ | सफ्टवेयर नवीकरण | | | ३०० | ३२५ | ३५० | ३७५ | ४०० | **१७५०** | संघ | गाउँपालिका |
| ८ | सन्देशमूलक रेडियो र टेलिभिजन कार्यक्रम उत्पादन सहयोग | संख्या | १० | २०० | २२५ | २५० | २७५ | ३०० | **१२५०** | गाउँपालिका | गाउँपालिका, |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा ) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| | | | | | | | | | | | टेलिभिजन एफएम |
| ९ | फिक्कल मोबाईल एप बाट अनलाईन सेवा प्रवाह | | | १५० | १५० | १५० | १५० | १५० | **७५०** | गाउँपालिका | गाउँपालिका |
| १० | गाउँपालिका र अन्तर्गतका कर्मचारीलाई सूचना प्रविधि सम्बन्धी समय सापेक्ष तालिम | पटक | ५ | ८०० | ९०० | १००० | १००० | १००० | **४७००** | संघ, प्रदेश, गैसस, निजी क्षेत्र | गाउँपालिका, गैसस, निजी क्षेत्र |
| ११ | वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था लगायत सार्वजनिक कार्यालयमा गुणस्तरीय ईन्टरनेटको व्यवस्था | स्थान | १० | ८० | ८५ | ९० | १०० | १०० | **४५५** | संघ, प्रदेश, इन्टरनेट सेवा प्रदायक | इन्टरनेट सेवा प्रदायक |
| १२ | सार्वजनिक स्थलमा फ्री वाईफाई | स्थान | ४ | | ५० | ५० | ५० | ५० | **२००** | इन्टरनेट सेवा प्रदायक, गाउँपालिका | इन्टरनेट सेवा प्रदायक, गाउँपालिका |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १३ | डिजिटल साक्षरता कार्यक्रम | | | २०० | २२५ | २५० | २७५ | २७५ | **१२२५** | इन्टरनेट सेवा प्रदायक, गाउँपालिका | इन्टरनेट सेवा प्रदायक, गाउँपालिका |
| १४ | Digital Nepal Framework 2076 अन्तर्गतका कार्यक्रम सञ्चालन | | | ३०० | ५०० | ७०० | ७५० | ७५० | **३०००** | संघ, गाउँपालिका | संघ, गाउँपालिका |
| १५ | आवश्यक स्थानमा टेलिफोन टावर राख्ने | संख्या | ३ | | ५०० | | ५०० | ५०० | **१५००** | टेलिफोन सेवा प्रदायक | टेलिफोन सेवा प्रदायक |
| १६ | संचार जगत प्रवर्द्धन तथा क्षमता विकास तथा नियमन कार्यक्रम | | | २५० | २५० | २५० | २५० | २५० | **१२५०** | गाउँपालिका | गाउँपालिका |
| १७ | सूचना प्रविधिको सहि सदुपयोग सम्बन्धी समुदाय तथा विद्यालय स्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | गाउँपालिका | गाउँपालिका |
| १८ | गाउँपालिका मातहतका कार्यालय तथा सार्वजनिक स्थानमा सिसिटिभी जडान | संख्या | २० | ५०० | ३०० | ३०० | ३०० | ३०० | १७०० | गाउँपालिका, गैसस | गाउँपालिका |
| | **जम्मा बजेट** | | | **६५३०** | **५४६०** | **५६४५** | **६२८५** | **६३३५** | **२९७५५** | | |

### ६.५.९. नतिजा खाका

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| प्रभाव | गाउँपालिकाको आफ्नै सर्भर व्यवस्थापन | संख्या | ० | १ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.४ | १६ |
| | गाउँपालिकाको डाटा सेन्टर | संख्या | ० | १ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.४ | १६ |
| | गाउँपालिकाको एपबाट अनलाईन् सेवा प्राप्त गर्ने जनसंख्या | प्रतिशत | - | २० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.४ | १६ |
| असर | ईन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ५.५ | ५० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.४ | १६ |
| प्रतिफल | स्मार्ट मोबाइल प्रयोगकर्ता | प्रतिशत | ४४.७ | | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.४ | १६ |
| | ल्याण्डलाइन टेलिफोन सुविधा | प्रतिशत | ०.५ | १० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.४ | १६ |
| | टेलिभिजनमा पहुँच भएको घरधुरी | प्रतिशत | १४.७ | ३० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.४ | १६ |
| | रेडियो तथा एफएममा पहुँच भएको घरधुरी | प्रतिशत | ४९.५ | ९९ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.४ | १६ |
| | इन्टरनेट सेवा प्रदायक संस्था (IPS)संख्या | संख्या | | | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.४ | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | रेडियो, टेलिभिजन, मोबाईल, इन्टरनेट कुनै सुविधामा पहुँच नभएको परिवार | प्रतिशत | ७.५ | ०.५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.४ | १६ |
| | फ्री वाईफाई उपलब्ध सार्वजनिक स्थान | संख्या | १ | ५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.४ | १६ |
| | सि.सि.क्यामेरा जडान भएका सार्वजनिक स्थल | संख्या | ४ | १० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.४ | १६ |
| | डिजिटल साक्षरताबाट लाभान्वित जनसंख्या | प्रतिशत | ० | ७५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.४ | १६ |

# परिच्छेद ७. वन, वातावरण तथा विपद व्यवस्थापन

## ७.१. वन, भू तथा जलाधार संरक्षण तथा जलवायु परिवर्तन

### ७.१.१. **पृष्ठभूमि**

कुनै पनि स्थानको न्यूनतम ४० % जमिन वन क्षेत्र हुनु वातावरणीय दृष्टिले राम्रो मानिन्छ। फिक्कल गाउँपालिकाको कुल जमिनको फिक्कल गाउँपालिका विद्यमान भूउपयोग क्षेत्र वर्गीकरण अनुसार गाउँपालिकाको कुल क्षेत्रफलको ५६ % वन क्षेत्र, ३८.६ % कृषि क्षेत्र, ०.२ % आवासिय क्षेत्र, ३.४ % जलस्रोत क्षेत्र, १.६ % सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गरिएको छ।

गाउँपालिकाका वन क्षेत्रहरु जैविक विविधताले भरिपुर्ण छन् । यहाँ पाईने प्रमुख वनस्पतिहरुमा सल्ला, उत्तिस, चिलाउने, गुराँस, अंगेरी, ओखर, काफल, बिलौने, खोटे सल्ला, चिलाउने, उत्तिस, ओखर, तिल्के, पहेले, खोटे सल्ला, लालीगुराँस, कटुस, झिंगाने, कालिकाठ आदि प्रमुख हुन् । त्यसैगरी यहाँ पाईने जडीबुटीहरुमा चिराइतो, पाखनभेद, ठुलो ओखती, लोठसल्ला, शीलटिमुर, अलैची, कालो हलेदो, सुगन्धा, पाँचऔंले, जटामसी, वयर, अल्लो, सिस्नो, मजिटो, जडेलो आदि हुन् । गाउँपालिकाको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन् । यहाँ पाईने पशुपंक्षीहरुमा बाघ, भालु, चितुवा, चित्तल, दुम्सी, बँदेल, सालक, बनढाडे, जरायो, मृग, घोरल, लङ्गुर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, खरायो, मलसाप्रो, बाँदर, दुम्सी, चितुवा, लोखर्के, कालिज, मैना, ढुकुर, लुइँचे, गौथली, मयुर, हुटिट्याउँ, कोइली, फिस्टो, रुपी, चखेवा, कोटेरा, ठेउवा, बट्टाइ, चिवे, गिद्ध, धनेश, तित्रा, सुगा, जुरेली, चिल, लाटोकोसेरो, काग आदि प्रमुख छन् ।

### ७.१.२. **समस्या तथा चुनौती**

वन तथा वातावरण सम्बन्धी योजना तथा कार्यक्रमहरूमा पर्याप्त बजेटको अभाव, वन अतिक्रमण तथा चोरी निकासीका समस्या, वन डढेलो, वृक्षारोपणको कमि, वन क्षेत्रको यथोचित फाईदा लिन नसकिएको, वन क्षेत्रमा पर्याप्त अध्ययन बिना सडक विस्तार, भूक्षय, विकासका निर्माणका कार्यमा वातावरणीय पक्षलाई कम ध्यान दिईएको, पानीका मूल सुक्दै गएको आदि यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।स्थानीय तहमा वातावरण संरक्षण सम्बन्धी सुपरिवेक्षण गर्नु, स्थानीयलाई वातावरण संरक्षण सम्बन्धी जिम्मेवार बनाउनु आदि यस क्षेत्रका चुनौतिहरु हुन् ।

### ७.१.३. **सम्भावना तथा अवसर**

दाउरा घाँस पत्कर, काठ आदिको उपयोग गर्ने, वन क्षेत्रमा जडिबुटी खेति, मौरी पालन, घाँस खेति गर्न सकिने, व्यवस्थित चरणक्षेत्रको विकास गर्न सकिने, खाली सार्वजनिक स्थान, सडक किनार जस्ता क्षेत्रमा वृक्षारोपण

गरी हरियाली कायम गर्न सकिने, मिचाहा जातिका वनस्पतिलाई हटाई गुणस्तरीय वन विकास गर्न सकिने, सुकेका काठ तथा मुढाबाट आम्दानी गर्न सकिने। वन क्षेत्रमा पर्या पर्यटन, मौरी पालन जस्ता क्रियाकलाप सञ्चालन गरी यथोचित फाईदा लिन सकिने, जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थित उपयोग गरी खानेपानी, सिंचाई जस्ता पूर्वाधार विकास गर्न सकिने आदि यस क्षेत्रका सम्भावना तथा अवसरहरु हुन् ।

### ७.१.४. लक्ष्य

वन, भूमि तथा जलाधार क्षेत्रको संरक्षण तथा सदुपयोग भएको हुने ।

### ७.१.५. उद्देश्य

१. सामुदायिक वनको वैज्ञानिक व्यवस्थापन तथा जैविक विविधताको संरक्षण गरी सम्बन्धित सबैमा यस क्षेत्रको लाभ वितरण गर्नु ।
२. भूमि तथा जलाधारको प्रभावकारी व्यवस्थापन तथा सदुपयोग गर्नु ।

### ७.१.६. रणनीति तथा कार्यनीति

| **उद्देश्य १ः सामुदायिक वनको वैज्ञानिक व्यवस्थापन तथा जैविक विविधताको संरक्षण गरी सम्बन्धित सबैमा यस क्षेत्रको लाभ वितरण गर्नु ।** | |
|---|---|
| १ वन क्षेत्रको दिगो व्यवस्थापन तथा सदुपयोग गर्ने । | १.१ सामुदायिक वन व्यवस्थापन समितिको कार्ययोजना अनुसार वन क्षेत्रमा पर्या-पर्यटन तथा मौरी पालन लगायतका आर्थिक क्रियाकलाप सञ्चालन गर्न समन्वय तथा सहकार्य गरिनेछ ।<br>१.२ सामुदायिक वनको कार्ययोजना बनाई वन क्षेत्रमा हुने आगलागी नियन्त्रण गर्न अग्नि रेखा निर्माण पोखरी निर्माण, सरसफाइ गर्ने र डढेलो लगाउने कार्यलाई दण्डनीय बनाईनेछ ।<br>१.३ वन भित्र ढलेका तथा सुकेका रुख विरुवाहरुको विक्री वितरणको व्यवस्था गर्न पहल गरिनेछ । |
| २ मानव वन्यजन्तु द्वन्द घटाउने। | २.१ वन्यजन्तुलाई मानव बसोबास क्षेत्रमा आउन नदिन वन्यजन्तुलाई वनमा खाना हुनेगरी बहुवर्षीय फलफूलका विरुवा तथा घाँसे विरुवा लगाउने ।<br>२.२ वनमा रहेका जैविक मार्गको पहिचान र संरक्षण गरिनेछ । |
| ३ जैविक विविधताको संरक्षण तथा उपयोग गरी समुदायमा लाभको वितरण गर्ने । | ३.१ फिक्कल गाउँपालिकाभित्र रहेका जडिबुटी सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने र सोका आधारमा जडिबुटीको खेति, प्रशोधन तथा प्रवर्द्धन गरिनेछ । |

| | |
|---|---|
| | ३.२ खाली क्षेत्रमा वृक्षारोपण गर्ने, मिचाहा जात तथा कमसल प्रकारका रुख विरुवाको क्रमशः हटाई उपयोगी तथा मूल्यवान विरुवा लगाउन प्रोत्साहन गरिनेछ।<br>३.३ गाउँपालिका स्तरीय बहुउद्देश्य वन नर्सरी तथा वनस्पति उद्यान स्थापना गरिनेछ। |
| **उद्देश्य २: भूमि तथा जलाधारको प्रभावकारी व्यवस्थापन तथा सदुपयोग गर्नु ।** | |
| १ भूमिको बैज्ञानिक उपयोग तथा भूसंरक्षणमा जोड दिने । | १.१ भूउपयोग योजना तर्जुमा गरी सोहि अनुरुप भूमिको उपयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>१.२ गाउँपालिका क्षेत्रमा रहेका सबै प्रकारका सार्वजनिक वा गैर निजी जग्गाहरुको पहिचान, नक्शांकन, संरक्षण तथा सदुपयोग गरिनेछ । |
| २ जलाधार क्षेत्र तथा पानीका स्रोतहरुको संरक्षण तथा सदुपयोग गर्ने । | २.१ पोखरी, कुवा, ढुंगेधारा, खोल, खोल्सी, सिमसार, मूल लगायत पानीका मुहानको संरक्षण तथा उपयोग गरिनेछ ।<br>२.२ जलाधार संरक्षण तथा दिगो उपयोगका लागि जनचेतनामूलक कार्यक्रमहरु गरिनेछ ।<br>२.३ विभिन्न सरोकारवालाको संलग्नतामा सुनकोशी तथा अन्य नदी किनारमा बाँस रोपी हरियाली कायम तथा बाढी नियन्त्रण गरिनेछ। |

### ७.१.७. अपेक्षित उपलब्धी

वन, भूमि तथा जलीय पारिस्थितिक प्रणालीको संरक्षण तथा दिगो व्यवस्थापन हुने, जैविक विविधताको संरक्षण, वातावरण सन्तुलन स्वच्छ वातावरण कायम हुने, वन क्षेत्रमा, जडिबुटी खेति तथा पर्यापर्यटनको माध्यमबाट स्थानीयलाई वन क्षेत्रको लाभ प्राप्त हुने ।

## ७.१.८. **प्रमुख कार्यक्रमहरु**

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा ) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १ | सम्पूर्ण सामुदायिक वन उपभोक्ता समितिहरुको वन कार्ययोजना तयारी तथा अद्यावधि सहयोग | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | गाउँपालिका | गाउँपालिका. डिभिजन वन कायालय |
| २ | सामुदायिक मौरी पालन कार्यक्रम | स्थान | ८ | ५०० | ५०० | ३०० | ३०० | ३०० | **१९००** | प्रदेश, गाउँपालिका | गाउँपालिका, सावउस |
| ३ | वन क्षेत्रमा पर्या पर्यटन प्रवर्द्धन | | | १५०० | १५०० | १५०० | २००० | २००० | **८५००** | प्रदेश, गाउँपालिका | गाउँपालिका. डिभिजन वन कायालय |
| ४ | वन जङ्गल आगलागी सम्बन्धी प्रचार प्रसार तथा नियन्त्रण अभियान सञ्चालन | पटक | ५ | १५० | २०० | २५० | २५० | २५० | **११००** | गाउँपालिका, गैसस, FUCOFUN | गाउँपालिका, गै.स.स., सावउस |
| ५ | वन डढेलोमा संलग्न व्यक्तिको पहिचान गर्नेलाई पुरस्कार | संख्या | ५ | २० | २० | २० | २० | २० | **१००** | गाउँपालिका | गाउँपालिका |
| ६ | वन डढेलो न्यूनीकरण गर्न अग्निरेखा निर्माण | संख्या | १५ | ३५० | ३५० | ३५० | ३५० | ३५० | **१७५०** | गाउँपालिका, डिभिजन वन कायालय | गाउँपालिका, सावउस |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| ७ | वनको नियमित सरसफाई | | | ३०० | ३०० | ३५० | ३५० | ४०० | **१७००** | गाउँपालिका, डिभिजन वन कायालय | गाउँपालिका, सावउस |
| ८ | वन क्षेत्रमा ढलेका तथा सुकेका रुख तथा काठ व्यवस्थापन | | | ५० | ५० | ७५ | ७५ | १०० | **३५०** | गाउँपालिका | गाउँपालिका, सावउस |
| ९ | वन क्षेत्रमा फलफुल तथा कन्दमुल रोप्ने कार्यक्रम | स्थान | १० | ५०० | ५५० | ६०० | ७०० | ७०० | **३०५०** | प्रदेश, डिभिजन वन कार्यालय, गाउँपालिका | गाउँपालिका, सावउस |
| १० | मानव वन्यजन्तु द्वन्द व्यवस्थापन कार्यक्रम | | | २५० | ३०० | ३५० | ५०० | ५०० | **१९००** | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका, सावउस |
| ११ | जडीबुटी खेति, प्रशोधन तथा प्रवर्द्धन सम्बन्धी सम्भाव्यता अध्ययन | पटक | १ | | १२०० | | | | **१२००** | संघ | गाउँपालिका |
| १२ | जडिबुटी फलफुल तथा बहुमूल्य काष्ठजन्य वन पैदावारको वृक्षारोपणमा | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | प्रदेश, गाउँपालिका | गाउँपालिका, समुदाय, निजी क्षेत्र |
| १३ | फिक्कलको महाभारत क्षेत्रलाई जडीबुटी पकेट क्षेत्रको रुपमा विकास | | | | | १००० | १००० | १००० | **३०००** | संघ , प्रदेश | गाउँपालिका, सावउस |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा ) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | | |
| १४ | मिचाहा जाति तथा कमसल खालका बोट विरुवा छाँटकाट | पटक | ५ | ५०० | ६०० | ६५० | ६५० | ६५० | **३०५०** | डिभिजन वन कार्यालय, गाउँपालिका | डिभिजन वन कार्यालय, गाउँपालिका |
| १५ | बहुउद्देश्यीय नर्सरी स्थापनामा | संख्या | ३ | | ४०० | ४५० | ४५० | | **१३००** | प्रदेश, गाउँपालिका | गाउँपालिका, समुदाय, निजी क्षेत्र |
| १६ | अध्ययनका आधारमा वनस्पति उद्यानको स्थापना | संख्या | १ | ७०० | २००० | २२०० | ३००० | २५०० | **१०४००** | संघ, प्रदेश | गाउँपालिका |
| १७ १८ | भूउपयोग योजना तर्जुमा | संख्या | १ | १००० | | | | | **१०००** | संघ, गाउँपालिका | गाउँपालिका |
| १९ | स्थानीय भूउपयोग नीति तर्जुमा | संख्या | १ | ५०० | | | | | **५००** | गाउँपालिका | गाउँपालिका |
| २० | सार्वजनिक तथा गैर निजी जग्गाको पहिचान संरक्षण तथा संरक्षण | स्थान | गाउँपालिका | २०० | २०० | | | | **४००** | गाउँपालिका | गाउँपालिका |
| २१ | पोखरी, कुवा, ढुंगेधारा, खोला, खोल्सी, सिमसार तथा पानीका मूल पुनर्स्थापना तथा संरक्षण | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | संघ, गैसस | गाउँपालिका, गैसस |
| २२ | सम्भाव्य स्थानमा रिचार्ज पोखरी निर्माण (Recharge Pond) | संख्या | ५ | ५०० | ५५० | ६०० | ६०० | ६०० | **२८५०** | प्रदेश, गाउँपालिका, | गाउँपालिका, डिभिजन वन कार्यालय, |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा ) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | | |
| | | | | | | | | | | डिभिजन वन कार्यालय | सावउस, समुदाय |
| २३ | जलाधार संरक्षण तथा दिगो उपयोगका लागि जनचेतनामूलक कार्यक्रमहरु | पटक | १० | १०० | १२५ | १५० | १५० | १५० | ६७५ | गैसस | गाउँपालिका, गैसस |
| २४ | सुनकोशी तथा अन्य नदि तटीय क्षेत्रमा वृक्षारोपण कार्यक्रम | स्थान | १० | १००० | १२०० | १५०० | २००० | २००० | ७७०० | संघ, प्रदेश, गैसस | गैसस गाउँपालिका |
| २५ | संघ तथा प्रदेश सरकार सँग सहकार्य गरी तटबन्ध निर्माण | | | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | संघ, प्रदेश, गाउँपालिका | संघ, प्रदेश, गाउँपालिका |
| | **जम्मा बजेट** | | | १२०२० | १३९४५ | १४२४५ | १६२९५ | १५४२० | ७१९२५ | | |

### ७.१.९. **नतिजा खाका**

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| प्रभाव | वन क्षेत्रबाट प्रत्यक्ष आर्थिक लाभ लिने जनसंख्या | प्रतिशत | - | १५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |
| असर | गाउँपालिकाको कुल क्षेत्रफलमा वन क्षेत्रले ओगटेको क्षेत्रफल | प्रतिशत | ५६ | ५६ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |
| | वनमा आधारित उद्योग स्थापना | संख्या | ० | ३ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |
| | जडिबुटी पकेट क्षेत्र | संख्या | - | १ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |
| प्रतिफल | बहुउद्देश्यीय नर्सरी | संख्या | ० | १ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |
| | बनस्पति उद्यान | संख्या | ० | १ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |
| | मानव वन्यजन्तु द्वन्द सफल व्यवस्थापन प्रतिशत | प्रतिशत | | ७५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |
| | भूउपयोग नीति र योजना तर्जुमा | संख्या | ० | २ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |
| | जडिबुटी तथा फलफुल खेति गरिएका स्थान | संख्या | ० | ५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तटबन्ध निर्माण | कि.मि. | | १० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |
| | संरक्षित तथा व्यवस्थित पानीका मूल | संख्या | ० | १० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |
| | वन तथा जैविक विविधता सम्बन्धी चेतनामूलक कार्यक्रम बाट लाभान्वित जनसंख्या | प्रतिशत | | ८५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |
| | रिचार्ज पोखरी निर्माण | संख्या | ० | ५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |

## ७.२. वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

### ७.२.१. **पृष्ठभूमि**

नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले फोहोरमैला व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । वर्तमानमा वन, वातावरण, जलवायु अनुकूलताले दिगो विकासको लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । वातावरण संरक्षण गर्न आवश्यक संरचनागत र संस्थागत व्यवस्था हुन सकेको छैन । विद्यमान अवस्थामा जलवायु परिवर्तनको प्रभाव बढ्दै गईरहेको सन्दर्भमा वातावरण संरक्षणका लागि सरकारी स्तरबाट पनि अझ प्रभावकारी नीतिनिर्माण गरी कार्यान्वयन गर्न जरूरी छ ।

### ७.२.२. **समस्या तथा चुनौती**

अव्यवस्थिति भौतिक निर्माणका कारण वायु तथा जल प्रदुषण, प्लाष्टिकजन्य फोहोरमैला उत्सर्जन बढ्दो, बस्ती क्षेत्रमा ढल तथा नालाको व्यवस्था नहुनु, व्यवस्थिति योजनाका आधारमा जलवायु परिवर्तन उत्थानशील गाउँपालिका बनाउने यस क्षेत्रमा सम्भावना तथा अवसरहरु हुन् ।

### ७.२.३. **सम्भावना तथा अवसर**

### ७.२.४. **लक्ष्य**

वातावरणीय प्रदुषण न्यूनीकरण तथा फोहोरमैला व्यवस्थापन भएको हुने ।

### ७.२.५. **उद्‌देश्य**

१. वातावरण संरक्षण गरी स्वच्छ गाउँपालिका निर्माण गर्नु ।
२. फोहोरमैलाको दिगो व्यवस्थापन गर्नु ।

### ७.२.६. **रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः वातावरण संरक्षण गरी स्वच्छ गाउँपालिका निर्माण गर्नु।** | |
| १ विकास प्रक्रियामा वातावरण संरक्षणलाई आन्तारिकीकरण गर्ने । | १.१ विकासका सबै चरणमा वातावरण संरक्षणलाई प्राथमिकता दिईनेछ।<br>१.२ उद्योग स्थापना तथा ठुला पूर्वाधार निर्माण गर्दा अनिवार्य वातावरणीय अध्ययन गर्नुपर्ने व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| २ जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न विभिन्न कार्यक्रम गर्ने । | २.१ जलवायु परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गैर सरकारी संस्था तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>२.२ वातावरण संरक्षण तथा जलवायु परिवर्तन र यसका प्रभावबारे छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.३ जलवायु परिवर्तन र यसको कारण, प्रभाव तथा न्यूनिकरणका उपाय सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २ः फोहोरमैलाको दिगो व्यवस्थापन गर्नु ।** | |
| १ फोहोरमेलाको दिगो व्यवस्थान गरी सफा र स्वच्छ गाउँपालिका निर्माण गर्नु । | १.१ फोहोरमैला व्यवस्थापनमा “3R Principle” Reduce, Reuse and Recycle को अवधारणालाई समुदाय स्तरमा पुऱ्याउन सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२ फोहोर व्यवस्थापनका लागि डम्पिङ साइटको व्यवस्था गर्न छिमेकि गाउँपालिकासँगस समन्वय गर्ने साथै गाउँपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, पार्क लगायत सार्वजनिक स्थलमा डस्बिनको व्यवस्था गरिनेछ ।<br>१.३ अस्पताल जन्य फोहोर व्यवस्थापनका लागि छुट्टै व्यवस्था गर्नुका साथै प्लाष्टिकजन्य फोहोरको न्यूनीकरण गरिनेछ ।<br>१.४ सहरीकरण भईरहेका क्षेत्रमा फोहोर पानीको व्यवस्थापनका लागि बन्द नालाको व्यवस्थापन गरिनेछ । |

### ७.२.७. अपेक्षित उपलब्धी

स्वच्छ तथा सन्तुलित वातावरण कायम हुने, जलवायु परिवर्तनबाट पर्ने प्रभावको योजनाबद्ध न्यूनीकरण हुने, आवश्यक स्थानमा बन्द नालाको व्यवस्था गरी फोहोर पानीको व्यवस्थापन हुने, फोहोरको वर्गीकरण तथा व्यवस्थापन भएको हुने ।

### ७.२.८. **प्रमुख कार्यक्रमहरु**

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १ | उद्योग स्थापना तथा विकास निर्माण कार्यमा वातावरणीय अध्ययन (EIA, IEE) अनिवार्य गर्ने | पटक | ५ | १५० | २०० | २०० | २०० | २०० | ९५० | प्रदेश, गाउँपालिका, निजी क्षेत्र | गाउँपालिका, निजी क्षेत्र,उद्योगी, व्यवसायी |
| २ | वातावरण संरक्षण सम्बन्धी चेतनामूलक तथा दिवसीय कार्यक्रम सञ्चालन | | | ५०० | ५५० | ६०० | ६०० | ६०० | २८५० | प्रदेश, गाउँपालिका, गैसस | गैसस, गाउँपालिका |
| ३ | जलवायु परिवर्तन अनुकूलन कार्ययोजना तर्जुमा | संख्या | १ | २००० | | | | | २००० | गैसस | गैसस |
| ४ | वातावरण संरक्षण तथा जलवायु परिवर्तन र यसका प्रभावबारे छलफल तथा अन्तरक्रिया | पटक | १० | २०० | २०० | २०० | २०० | २०० | १००० | गैसस, गाउँपालिका | गैसस, गाउँपालिका |
| ५ | जलवायु परिवर्तन सम्बन्धी चेतनामूलक कार्यक्रम | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | प्रदेश, गैसस, गाउँपालिका | गाउँपालिका, गैसस |
| ६ | फोहोरमैला व्यवस्थापनमा "3R Principle" Reduce, Reuse and Recycle को अवधारणालाई समुदाय स्तरमा पुऱ्याउन सचेतना कार्यक्रम | पटक | ४ | ५०० | ५०० | ५०० | ३०० | ३०० | २१०० | गाउँपालिका, गैसस | गाउँपालिका, गैसस |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | | |
| ७ | कुहिने र नकुहिने फोहोर छुट्याएर व्यवस्थापन गर्न अभिमुखीकरण | | | ८० | ८० | ८० | ८० | ८० | **४००** | गाउँपालिका, गैसस | गाउँपालिका, गैसस |
| | डम्पिङ साइटको व्यवस्थापनका लागि सम्भाव्यता अध्ययन | पटक | १ | | | | | १५०० | **१५००** | गाउँपालिका, छिमेकी स्थानिय तह | गाउँपालिका, छिमेकी स्थानिय तह |
| ८ | गाउँपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, पार्कमा डस्बिन व्यवस्था | | | ५०० | ७०० | ९०० | ९०० | ९०० | **३९००** | गैसस | |
| ९ | सबै स्वास्थ्य संस्थामा फोहोर निर्मलीकरण (sterilization) को लागि अटो-क्लेभ (autoclave) को व्यवस्था गर्ने | पटक | | १००० | १००० | | | | **२०००** | गाउँपालिका | स्वास्थ्य संस्था |
| १० | अस्पतालजन्य फोहोरको व्यवस्थापनका लागि ईन्सिनेरेटर (incinerator) को व्यवस्था गर्ने | पटक | ३ | | ३००० | २०० | २०० | | **३४००** | संघ, प्रदेश, गाउँपालिका | स्वास्थ्य संस्था |
| ११ | ४० माईक्रोन भन्दा पातलो प्लास्टिक उत्पादन तथा प्रयोगमा प्रतिबन्ध लगाउने साथै वैकल्पिक झोलाको प्रवर्द्धन गर्ने। | पटक | | २५० | २५० | २५० | २५० | २५० | **१२५०** | प्रदेश, गाउँपालिका | गाउँपालिका, निजी क्षेत्र |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १२ | सहरीकरण भईरहेका क्षेत्रमा फोहर पानी व्यवस्थापनका लागि बन्द नाला निर्माण | संख्या | १ | १००० | १२०० | १५०० | १५०० | १५०० | ६७०० | संघ, प्रदेश, गाउँपालिका | संघ, प्रदेश, गाउँपालिका |
| | **जम्मा बजेट** | | | ६३८० | ७८८० | ४६३० | ४४३० | ५७३० | २९०५० | | |

### ७.२.९. नतिजा खाका

| नतिजा स्तर | नतिजा सूचक | ईकाई | आधार वर्ष २०८१/८२ | योजनाको लक्ष्य (आ.व. २०८६/०८७) | सूचनाको स्रोत | राष्ट्रिय दीर्घकालीन लक्ष्य | दीगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|
| प्रभाव | जलवायु उत्थानशिल तथा वातावरण मैत्री पूर्वाधार | प्रतिशत | १० | ३५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |
| असर | जलवायु परिवर्तन सम्बन्धी चेतनामूलक कार्यक्रमबाट लाभान्वित जनसंख्या | प्रतिशत | ३५ | ७५ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | १५ |
| प्रतिफल | कुहिने र नकुहिने फोहोर छुट्याएर व्यवस्थापन गर्ने परिवार | संख्या | २५ | ८० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | ६ |
| | डस्विनको व्यवस्था भएका सार्वजनिक स्थल | संख्या | - | २० | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | ६ |
| | फोहोर पानीको व्यवस्थापनका लागि बन्द नालाको व्यवस्था भएका क्षेत्र | संख्या | ० | ६ | गाउँपालिकाको वार्षिक प्रतिवेदन | २.३ | ६ |

## ७.३. विपद् व्यवस्थापन

### ७.३.१. **पृष्ठभूमि**

पहिरो फिक्कल गाउँपालिकामा देखिएको प्रमुख विपदको घटना हो । त्यसैगरी बाढी, भूकम्प, आगलागी, अतिवृष्टि, खडेरी आदि यस क्षेत्रमा देखिने अन्य विपद्हरु हुन् । खहरे खोला जोखिम व्यवस्थापनले नयाँ विपद्का घटनालाई कम गर्ने तथा विपदबाट हुने क्षतिलाई कम गर्न सहयोग गर्दछ ।

### ७.३.२. **समस्या तथा चुनौती**

भिरालो जमिन, जथाभावी भईरहेका सडक विस्तारले विपद्का घटना बढ्दै गएको, विपदका व्यवस्थापनका लागि आवश्यक स्रोत साधन तथा जनशक्तिको कमि, दमकल नभएको, पहिरो तथा बढी नियन्त्रणका लागि पर्याप्त योजना नभएका, विपद् व्यवस्थापनका लागि खुला क्षेत्र को पहिचान नभएको, संरक्षण स्थलको व्यवस्था नभएको, विपद सम्बन्धी चेतानामूलक कार्यक्रमको कमि आदि यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतिहरु हुन् ।

### ७.३.३. **सम्भावना तथा अवसर**

संघ, प्रदेश लगायत अन्य सरोकारवालाको संलग्नता रहेको, विपद सम्भाव्य क्षेत्र पहिचान नक्शांकन तथा रोकथामका लागि आवश्यक कार्य गर्ने, योजनाबद्ध विपद व्यवस्थापनका लागि स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरी कार्यान्वयन गर्न सकिने, दक्ष जनशक्ति तथा पर्याप्त पूर्वाधार सहित विपद व्यवस्थापनका लागि तयार रहने, तालिम तथा ड्रिल कार्यक्रम मार्फत सचेतना अभिवृद्धि गर्ने, विपदको पुर्व सूचनाको व्यवस्था गरी क्षतिलाई न्यूनीकरण गर्न सकिने आदि यस क्षेत्रमा सम्भावना तथा अवसरहरु हुन् ।

### ७.३.४. **लक्ष्य**

सबै प्रकारका विपद् बाट हुने क्षति न्यूनीकरण हुने ।

### ७.३.५. **उद्देश्य**

१. प्राकृतिक तथा मानव सृजित विपद् न्यूनीकरण गर्नु ।
२. विपद व्यवस्थापनलाइ प्रभावकारी बनाउनु ।

### ७.३.६. **रणनीति तथा कार्यनीति**

**उद्देश्य १ः प्राकृतिक तथा मानव सृजित विपद् न्यूनीकरण गर्नु ।**

| | |
|---|---|
| १ विपद रोकथाम मार्फत विपदको न्यूनीकरण गरी विपद उत्थानशिल गाउँपालिका बनाउने । | १.१ विपद जोखिममा संवेदनशील क्षेत्रमा रहेका बस्ती पहिचान, नक्शांकन तथा जोखिम न्यूनीकरणका उपायहरु अबलम्बन गरिनेछ ।<br>१.२ भूउपयोग योजना अनुरुप बसोबास गर्न अयोग्य क्षेत्रमा भएका बस्ती स्थानान्तरण योजना तयार गर्ने तथा यस्ता क्षेत्रमा पक्कि संरचना निर्माणमा रोक लगाईनेछ ।<br>१.३ विपदको न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>१.४ बाढी, पहिरो, नदि कटानको जोखिम भएका स्थानमा वृक्षारोपण, ग्याबिन वाल, रिटेनिङ वाल जस्ता रोकथामका उपाय अबलम्बन गरिनेछ ।<br>१.५ विपद जोखिम क्षेत्रमा अग्रिम सूचना (early warning system) को व्यवस्था गर्ने ।<br>१.६ सबै सार्वजनिक संरचनाहरु भूकम्प प्रतिरोधी संरचना निर्माण गर्ने र नीति संरचना भूकम्प प्रतिरोधी बनाउन प्रोत्साहन गरिनेछ । |
| **उद्देश्य २ः विपद व्यवस्थापनलाई प्रभावकारी बनाउनु।** | |
| १ विपद पछि उद्धार, व्यवस्थापन लाई व्यवस्थित गर्ने । | १.१ स्थानीय विपद व्यवस्थापन समितिलाई सक्षम बनाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।<br>१.२ विपदको समयमा परिचालन गर्न स्वयमसेवक समूह तयार गर्ने तथा आवश्यक तालिमको व्यवस्था गरिनेछ ।<br>१.३ उद्धारको लागि आवश्यक सामग्री, औजार खरिद व्यवस्था गरी विपदको समयमा सजिलै प्रयोग गर्न सक्ने वातावरण तयार गरिनेछ ।<br>१.४ विपद व्यवस्थापनका लागि गाउँपालिका, वडा, विद्यालय, स्वास्थ्य संस्था, सुरक्षा निकाय, रेडक्रस, जिल्ला विपद व्यवस्थापन समिति लगायत सरोकारवाला सँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>१.५ विपदको समयमा प्रयोग हुने खुला क्षेत्रको पहिचान तथा आश्रय स्थलको पहिचान तथा तत्काल प्रयोग गर्न सक्नेगरी व्यवस्था गरिनेछ। |
| २ संघ, प्रदेश तथा अन्य संघ संस्थासँग समन्वय तथा सहकार्य गरी विपद पछिको पुनर्स्थापना तथा | २.१ विपद पछी राहत तथा पुनर्स्थापनाका लागि विपद व्यवस्थापन कोष वृद्धि गरिनेछ ।<br>२.२ पुनर्स्थापनाका लागि सुरक्षित पुनर्स्थापनाका केन्द्रको व्यवस्था गर्न सम्बन्धीत सरोकारवाला सँग समन्वय गरिनेछ । |

| | |
|---|---|
| पुनर्निर्माणलाई छिटो छरितो तथा प्रभावकारी बनाउने। | २.३ विपद पछिको पुननिर्माणलाई प्राथमिकताका आधारमा पुननिर्माण कार्य अगाडी बढाईनेछ । यसका लागि संघ, प्रदेश तथा दातृ निकायसँग सहकार्य गरिनेछ । |

### ७.३.७. **अपेक्षित उपलब्धी**

विपद व्यवस्थापन सम्बन्धी योजना निर्माण,  तथा कार्यान्वयन हुने, विपद जोखिम न्युनिकरणका विभिन्न कार्यक्रम सञ्चालन, चेतानामुलक कार्यक्रम सञ्चालन, विपद पछी उद्धार तथा व्यवस्थापनका लागि सामग्रीको व्यवस्था हुने तथा उद्धार तथा व्यवस्थापन प्रक्रिया छिटो छरितो भई क्षति न्यूनीकरण हुनेछ ।

### ७.३.८. **प्रमुख कार्यक्रमहरु**

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १ | गाउँपालिकामा रहेका जोखिम क्षेत्रको पहिचान तथा नक्शांकन (Hazard Mapping) | संख्या | १ | १८०० | | | | | १८०० | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| २ | जोखिमयुक्त बस्ती स्थानान्तरणका लागि एकीकृत योजना तर्जुमा तथा पुनर्स्थापना | संख्या | १ | | | ३००० | ५००० | ५००० | १३००० | संघ, प्रदेश, गाउँपालिका, | संघ, प्रदेश, गाउँपालिका, |
| ३ | विपद पुर्व तयारी तथा प्रतिकार्य कार्ययोजना निर्माण (Disaster Preparedness and Response Plan) | संख्या | १ | ८००० | | | | | ८००० | प्रदेश, गाउँपालिका | गाउँपालिका |
| ४ | स्थानीय विपद तथा जलवायु उत्थानशील योजना (LDCRF) तर्जुमा | संख्या | १ | | १५०० | | | | १५०० | प्रदेश | गाउँपालिका |
| ५ | Local Emergency Operation Committee (LEOC) गठन तथा परिचालन | संख्या | ७ | २०० | १०० | १०० | १०० | १०० | ६०० | गाउँपालिका | समुदाय, टो.वि.सं |
| ६ | बाढी, पहिरो, कटानको रोकथाम गर्न ग्याबिन वाल, रिटेनिङ वाल निर्माण | स्थान | १० | २५०० | २००० | १५०० | १५०० | १५०० | ९००० | संघ, प्रदेश | गाउँपालिका |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| ७ | सबै माध्यमिक विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, गाउँपालिका तथा वडा कार्यालयमा Fire Extinguisher अनिवार्य | संख्या | १० | ९०० | १००० | ११०० | ११०० | ११०० | **५२००** | संघ, प्रदेश, गाउँपालिका | सम्बन्धीत कार्यालय |
| ८ | घर, उद्योग, कारखाना लगायतमा अर्थिङ्गको व्यवस्थाको लागि आवश्यक प्रचार प्रसार तथा नियमन गर्ने | | | २५० | १०० | १०० | १०० | २५० | **८००** | गाउँपालिका, निजी क्षेत्र | गाउँपालिका, नेविप्रा |
| ९ | छिमेकी स्थानीय तहसँग सहकार्य गरी बारुण नियन्त्रण (दमकल) व्यवस्था | संख्या | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | संघ, छिमेकी गाउँपालिका, गाउँपालिका | छिमेकी गाउँपालिका, गाउँपालिका |
| १० | विपद जोखिम स्थानमा पूर्व चेतावनी प्रणाली (Early warning system) जडान | स्थान | ५ | | ८०० | ८०० | १००० | १००० | **३६००** | संघ, प्रदेश,गाउँपालिका | प्रदेश,गाउँपालिका, टो.वि.सं |
| ११ | विपद पूर्वानुमान (Forecast) तथा पुर्व चेतावनी प्रणाली (Early warning | | सबै वडा | २०० | २०० | २०० | १०० | १०० | **८००** | प्रदेश, गाउँपालिका, गैसस | गाउँपालिका, |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| | system) सम्बन्धी जानकारीमूलक छलफल | | | | | | | | | | टो.वि.सं, गैसस |
| १२ | गाउँपालिका तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिको क्षमता विकास | संख्या | | १००० | १००० | १२०० | १२०० | १२०० | **५६००** | गाउँपालिका, गैसस | गाउँपालिका |
| १३ | विपदको समयमा परिचालन गर्न स्वयंसेवक युवा समूह गठन तथा क्षमता विकास | संख्या | ६० | १०० | ३०० | ३०० | १५० | १५० | **१०००** | गाउँपालिका, गैसस | गाउँपालिका, समुदाय |
| १४ | उद्धारको लागि आवश्यक सामग्री, औजार खरिद | | | ७०० | | ७०० | | ५०० | **१९००** | संघ, प्रदेश | गाउँपालिका |
| १५ | विपद व्यवस्थापन सामग्री भण्डारण गर्न Ware House निर्माण | संख्या | १ | १००० | ४००० | ४००० | ४००० | २५०० | **१५५००** | संघ, गाउँपालिका | संघ, गाउँपालिका |
| १६ | विपद् व्यवस्थापन सम्बन्धी समुदाय स्तरमा चेतना अभिवृद्धिका कार्यक्रम | संख्या | ५० | ३०० | ३०० | २०० | १०० | १०० | **१०००** | गाउँपालिका, गै.स.स. | गाउँपालिका, समिति |
| १७ | विद्यालयमा विपद् सम्बन्धी तालिम तथा ड्रिल अभ्यास कार्यक्रम | पटक | २० | २५० | २५० | २५० | २५० | २५० | **१२५०** | गाउँपालिका, गैसस | विद्यालय, गैसस |

| क्र. सं | कार्यक्रम तथा परियोजना | एकाई | लक्ष्य | कार्यान्वयन समयावधी/ बजेट (रु. हजारमा) | | | | | जम्मा बजेट (रु.हजारमा) | बजेट स्रोत | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | | | |
| १८ | विपदको समयमा प्रयोग हुने खुला क्षेत्रको पहिचान, नक्शांकन, रुट निर्धारण, प्रचारप्रसार तथा आवश्यक व्यवस्थापन | पटक | १ | ५०० | ३०० | | | | ८०० | प्रदेश, गाउँपालिका, गैसस | गाउँपालिका, गैसस |
| १९ | विपद् पछिको आवश्यक पर्ने अस्थाई आश्रय स्थल (Temporary Shelter ) व्यवस्थाको | संख्या | १२ | ८०० | ४०० | ४५० | ४५० | ४५० | २५५० | गाउँपालिका | गाउँपालिका |
| २० | विपद व्यवस्थापन कोष | संख्या | १ | २५०० | २६०० | २६०० | २७०० | २७०० | १३१०० | संघ, प्रदेश, गाउँपालिका | गाउँपालिका |
| २१ | आधारभूत पूर्वाधार खानेपानी, विद्युत, शौचालय सहित पुनर्स्थापना केन्द्रको स्थापना | संख्या | ४ | | | २५०० | ३५०० | ३५०० | ९५०० | संघ, प्रदेश, गाउँपालिका, दातृ निकाय | गाउँपालिका |
| २२ | विभिन्न विपद तथा महामारीको समयको तयारीका लागि सम्बन्धीत निकाय सँग छलफल तथा अन्तरक्रिया | संख्या | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | प्रदेश, गाउँपालिका, गैसस | गाउँपालिका, गैसस |
| २३ | गाउँपालिका तथा वडा स्तरीय विपद् उद्धार तथा प्राथमिक उपचार सम्बन्धी | पटक | ५ | २०० | २५० | ३०० | ३५० | ४०० | १५०० | गाउँपालिका, गैसस | गाउँपालिका, गैसस |

